# निर्वाचन सुशासनमा नागरिक समाजको दृष्टिकोण

















प्रकाशक:

विजय विकास स्रोत केन्द्र VDRC Nepal

Madhesh Human Rights Home, Mahuri Home Kapilvastu

सयपत्री समाज कास्की, नेपाल — Sayapatri Society Kaski, स्था. २०६१

पाल्पा विकास केन्द्र, तानसेन, पाल्पा, स्था: २०६५

Chandani Nepal, CHAL-NEPAL, Estd. 2063, Butwal, Rupandehi


स्वच्छ एवं शान्त निर्वाचनका लागि असंलग्न अनुगमन
तथा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत
प्रशिक्षण तथा कार्यशाला


कार्यक्रम र योजना निर्माण तथा
कार्यान्वयन सम्बन्धि कार्यशाला


स्मृति पुस्तक पसल
त्र एवं स्वच्छ निर्वाचनका लागि असंलग्न, अनुगमन तथा मतदाता शिक्षा कार्यक्रम अन्तर्गत
चन आचार संहिता र मतदाता शिक्षा सम्बन्धी सचेतना र्‍याली
२०७९ मंसिर १
आयोजक:-
विजय विकास स्रोत केन्द्र
गैंडाकोट-८, नवलपुर
सह-आयोजक:-
Nepal
VLBS
JCI
Gaindakot
गैडाकोट जे
संयुक्त निर्वाचन सचे


समावेशिता, सुशासन, प्रजातन्त्र र संघीयता प्रवर्द्धन
प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन-२०७९
स्वतन्त्र, निष्पक्ष र भयरहित
निर्वाचनका लागी सचेतना र्‍याली
मिति : २०७९ कार्तिक २९ गते
आयोजक
पाल्पा विकास केन्द्र, तानसेन
सहकार्य


स्वतन्त्र एवम् स्वच्छ निर्वाचनका लागि असंलग्न अनुगमन
तथा
मतदाता शिक्षा कार्यक्रम अन्तर्गत
नवलपुर जिल्ला कलेज स्तरीय
वक्तृत्वकला प्रतियोगिता
२३ कार्तिक, २०७९ (बुधवार)
स्थान: विजय विकास श्रोत केन्द्र
गैंडाकोट-८, नवलपुर




स्वतन्त्र एवम् स्वच्छ निर्वाचनका लागि असंलग्न
अनुगमन तथा मतदाता शिक्षा कार्यक्रम
अन्तर्गत
अभिमुखिकरण कार्यक्रम
विषय: निर्वाचनको समयमा पत्रकारहरुले गर्नुपर्ने
मर्यादित तथा निश्पक्ष रिपोटिङ्ग
मिति: २०७९ भाद्र १७ गते
(शुक्रबार)
स्थान: विजय विकास स्रोत केन्द्र



# निर्वाचन सुशासनमा नागरिक समाजको दृष्टिकोण

लोकतन्त्रको सुन्दर पक्ष आवधिक निर्वाचन र भयरहित मतदान प्रमुख विषय हुन । मतदाताले कुनै दवाव प्रलोभनमा नपरी आफूलाई इच्छा लागेको उम्मेदवारलाई मतदान गर्न पाउनु पर्दछ। गणतन्त्रपश्चात् नेपालमा २ वटा आम निर्वाचन र २ वटा स्थानीय निर्वाचन शान्तिपूर्ण रूपमा सम्पन्न भएका छन । वैदेशिक रोजगार विभागअनुसार सन् २०२२/२३ मा ६६०२५५ जना नेपाली वैदेशिक रोजगारको लागि नेपाल छोडेको छन् यसरी वार्षिक रूपमा विदेशिनेको सङ्ख्या बढ्दै जाँदा र समकालीन राजनीतिप्रतिको वितृष्णाले निर्वाचनमा मतदान प्रतिशत घटिरहेको देखिन्छ। निर्वाचन आयोगको मङ्सिर २८ गतेको प्रेस विज्ञप्तिअनुसार मत ६१.४१ प्रतिशत मात्र मत खसेको देखिन्छ जुन २०७४ साल भन्दा लगभग ७ प्रतिशत कम हो । यो क्रम जारी रहेमा लोकतन्त्र कमजोर बन्दै जाने प्रायः निश्चित छ ।

मतदाता शिक्षाको बारेमा विभिन्न दृष्टिकोणहरू विद्यमान छन । एउटा दृष्टिकोण निर्वाचन आयोगले मतदाता शिक्षाका कार्यक्रमहरू गर्नुपर्दछ भन्ने छ। अर्को धारणा निरपेक्ष र असंलग्न रूपमा काम गरिरहेको नागरिक समाजले गर्नुपर्दछ भन्ने छ । तेस्रो राजनैतिक दलहरूले गर्नुपर्दछ भन्ने मान्यता छ। यी तीनवटा मान्यताहरूमा राजनीतिक दलहरूले गर्दा स्थानीयता, कम खर्चिलो, सबै तह र तप्कामा प्रभावकारी तरिकाले मतदाता शिक्षा पुग्न सक्दछ। नागरिक समाजले निष्पक्ष र भयरहित निर्वाचनका लागि क्षमता अभिवृद्धि र अनुगमनमा बढी जोड दिनुपर्दछ ।

बदर मतको प्रतिशत बढ्नु निश्चित रूपमा मतदाता शिक्षाको कमी हो। क्षमतावान् र शिक्षित जनशक्ति विदेशिनुले मतदाता शिक्षामा प्रभाव परेको छ । मतदाता शिक्षा मात्र नभएर दक्ष तथा जनसेवी उम्मेदवार उठान नभएका कारणले पनि निर्वाचनमा उत्साहजनक सहभागिता नभएको मतदाता स्वयंकै बोलीमा सुन्न सकिन्छ। भविष्यमा मतदाता शिक्षा भौतिक रूपमा उपस्थित भएर भन्दा सामाजिक सञ्चारहरूबाट सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिन्छ। नेपाल टेलिकमअनुसार नेपालमा करिब ७३ प्रतिशत जनसङ्ख्यासँग स्मार्ट फोन उपलब्ध रहेको छ जसकारण सामाजिक सञ्चार र मतदान सम्बन्धी एप बनाएर सन्देशहरू मतदाता सम्म पुऱ्याउन कम खर्चिलो र प्रभावकारी माध्यम बनिरहेको छ। राजनैतिक दलहरूले उम्मेदवार

छनोट गर्दा पार्टीलाई चन्दा दिनसक्ने, नेतृत्वसँगको सामीप्य, धेरै खर्च गर्न सक्नेलाई बढी महत्त्व दिएको देखिन्छ। पार्टी सङ्गठनमा निरन्तर लागिपरेका क्रियाशील, इमान्दारलाई कम महत्त्व दिइएको देखिन्छ। निर्वाचन आयोगले नयाँ आचारसंहिता बनाई कडाइका साथ लागु गरेकोले पहिलको चुनावभन्दा सन् २०२२ को चुनाव कम तडक-भडक र कम खर्चिलो भएको सबै राजनीतिक दल र पर्यवेक्षण/अनुगमनमा खटिएकाहरूको अनुभव।

गलत उम्मेदवार उठान तथा आर्थिक सहयोगको आधारमा गरिने टिकट वितरणले राजनीतिक बेथिति तथा संस्थागत भ्रष्टचारलाई प्रोत्साहन गर्दछ। मतदातालाई प्रलोभन, भय, त्रास दिएर चुनाव जित्नै पर्छ भन्ने मानसिकताले नागरिकहरूको राजनैतिक दलहरूप्रति वितृष्णा सृजना गर्दछ। लोकतन्त्रमा दलहरू कमजोर हुँदा व्यवस्थाप्रति नै प्रश्न उठ्ने र नागरिक आन्दोलन हुने हुदा आशाका किरणहरू दलहरूले दिन सक्नुपर्दछ। लोकतान्त्रिक व्यवस्थाको विकल्प अझै सुसंस्कृत लोकतन्त्र नै हो भनी निर्वाचन स्वच्छ, भयमुक्त र अझ सरलीकृत गर्न जरुरी छ।

**केशवप्रसाद सापकोटा**
कार्यकारी निर्देशक
**विजय विकास स्रोत केन्द्र**

## विषयसूची


पृष्ठभूमि ........................................................................ ५

१. सुदृढ लोकतन्त्रका लागि मतदाता शिक्षा, समावेशी सहभागिता र आवधिक निर्वाचन .......... ९

क. परिचय र पृष्ठभूमि .................................................................. ९

ख. लोकतन्त्र र आवधिक निर्वाचन.......................................................... १२

ग. सहभागिताको दृष्टिकोणबाट निर्वाचन.................................................... १३

घ. मतदाता शिक्षा........................................................................ १३

ङ. सम्पूर्ण निर्वाचन र मतदान दिनको पुनरवलोकन........................................ १७

सङ्घीय निर्वाचन २०७९ मा दलीय उम्मेदवार छनोट प्रक्रिया ................................ २०

१. परिचय .................................................................................. २०

२. उद्देश्य .................................................................................. २१

३. अध्ययन विधि .......................................................................... २१

४. अध्ययनको सीमा........................................................................ २२

५. सैद्धान्तिक पक्ष.......................................................................... २२

६. प्रमुख राजनैतिक दलहरूले उम्मेदवार छनोट गर्दा अवलम्बन गरेका प्रयासहरू............... २३

क. नेपाली काङ्ग्रेस........................................................................ २३

ख. नेकपा एमाले........................................................................... २५

ग. ने.क.पा. माओवादी..................................................................... २६

घ. मूलधारका ३ दल बीचका समानताहरू .................................................. २७

ङ. साना दलहरूको उम्मेदवार छनोट गर्ने प्रक्रिया............................................. २८

७. निष्कर्ष .................................................................................. २९

निर्वाचनमा समावेशिताको मुद्दा........................................................... ३१

१. परिचय .................................................................................. ३१

२. प्रतिनिधित्वको अवस्था.................................................................. ३१

३. निर्वाचन मतदान स्थल.................................................................. ३३

४. मतदाता शिक्षा र मताधिकार ........................................................... ३५

५. निर्वाचन आचारसंहिता ................................................................. ३६

६. निष्कर्ष ........ ३८
७. सुझावहरू ........ ३९
मत बदर न्यूनीकरणमा मतदाता शिक्षाको भूमिका ........ ४१
१. पृष्ठभूमि ........ ४१
२. मतदाता शिक्षा ........ ४१
३. मानव अधिकार र मतदाता शिक्षा ........ ४२
४. मतदाता शिक्षाको फाइदा ........ ४२
५. मतदाताको दृष्टिकोणमा मतदाता शिक्षा ........ ४२
६. मतदाता शिक्षाको अवस्था विगत र वर्तमान ........ ४३
७. मतदाता शिक्षा निर्वाचन आयोगको भूमिका ........ ४५
८. चुनावमा सूचना केन्द्र : कति व्यावहारिक ........ ४९
९. घरदैलो कार्यक्रम खारेजी कति व्यावहारिक ........ ४९
१०. मत बदरको अवस्था ........ ५०
११. मत बदर हुने कारणहरू ........ ५२
    क. मतपत्रको ढाँचा विशाल हुनु ........ ५२
    ख. निर्वाचनमा दलहरूबीच गठबन्धन हुनु ........ ५३
    ग. मत बदर हुने थप कारणहरू ........ ५३
१२. निष्कर्ष ........ ५४

# पृष्ठभूमि

**विजय विकास स्रोत केन्द्र**

चुनाव अर्थात् निर्वाचन, लोकतन्त्रको एक महत्त्वपूर्ण प्रक्रिया हो जहाँ जनताद्वारा नै जनताले आफूलाई मनपर्ने प्रतिनिधि छनोट गर्दछन् । यो लोकतन्त्रको एउटा सुन्दर पक्ष पनि हो । नेपालमा नयाँ संविधान जारी भएपछि वि.सं. २०७४ र २०७९ मा गरी दुई पटक स्थानीय तह, प्रदेशसभा तथा सङ्घीय प्रतिनिधिसभाका लागि निर्वाचन भएको छ । स्थानीय तहको दोस्रो कार्यकालको निर्वाचन २०७९ वैशाख ३० मा सम्पन्न भयो । त्यसैगरी प्रदेशसभा र प्रतिनिधिसभाका लागि दोस्रो कार्यकालको निर्वाचन २०७९ मङ्सिर ४ मा सम्पन्न भएको छ । यसै सँगै स्थानीय तथा प्रदेश तहमा जनताले निर्वाचनद्वारा आफ्ना प्रतिनिधि छानेका छन र आफ्ना एजेण्डा स्थापना गर्न प्रतिनिधिहरू प्रतिनिधि सभा, प्रदेश सभा तथा पालिका अध्यक्षहरू प्रतिनिधिको रूपमा पठाएका छन् । निर्वाचनका विभिन्न परिदृश्यहरू हेर्दा निर्वाचन शान्तिपूर्ण भएपनि न्यायपूर्ण भने हुन भने सकेको छैन । न्यायपूर्ण नभएको अर्थात् महिला, अपाङ्ग, युवा सहभागितालाई प्राथमिकता नदिएको साथै मतदातालाई गठबन्धनले गर्दा फरक उम्मेदवार र दललाई मतदान गर्ने घटनाहरूले नै पुष्टि गर्दछ । निर्वाचनका विभिन्न पाटोहरू मूल्याङ्कन गरिरहदा उम्मेदवार छनोट गर्न निर्वाचन एउटा लोकतान्त्रिक महत्त्वपूर्ण प्रक्रिया भए तापनि जनुतरदायी प्रतिनिधि प्रदान गर्न र उक्त छनोटलाई पारदर्शी तथा सहज बनाउन अझै उल्लेखनीय कार्यहरू गर्नुपर्ने देखिन्छ । समकालीन नेपाली राजनीति र प्रणालीमा राजनीतिक दल, भ्रातृ सङ्गठन तथा अन्य सरोकारवाला निकायहरूको स्थायी तथा नतिजामूलक परिवर्तनको निम्ति प्रतिबद्धताको कमी देख्न सकिन्छ । राजनीतिक दल, सरकार तथा प्रतिनिधिहरूले समग्र निर्वाचन प्रक्रियामा देखाउने सकारात्मक तथा नकारात्मक प्रतिक्रियाले नै उनीहरूको उद्देश्य तथा राजनीतिक संस्कारको चित्रण गरेको हुन्छ । यसको प्रत्यक्ष सन्दर्भ राजनीतिक दलहरूले उम्मेदवार छनोट गर्दा पार्टीलाई चन्दा दिनसक्ने, प्रचारप्रसारमा धेरै खर्च गर्न सक्ने र नेतृत्वसँगको निकट सम्बन्ध भएका व्यक्तिलाई बढी प्राथमिकता दिएको देखिन्छ । यसले गर्दा दलीय सङ्गठनमा निरन्तर लागि परेका, सक्रिय र इमान्दार नेता तथा कार्यकर्ता अवसरबाट वञ्चित हुन पुगेको टिप्पणी हुन थालेका छन् । निर्वाचन खर्चिलो बन्न पुग्दा सक्षम उम्मेदवारले न्याय पाउन सकेका छैनन् ।

यसो त नागरिक सचेत बन्दा केही नयाँ पुस्ताले पनि अवसर पाएका छन् । स्थानीय तहदेखि प्रदेश र सङ्घ सरकारमा युवा नेतृत्व बढेको देखिन्छ । तर यति मात्र सन्तोष मान्नुपर्ने

अवस्था भने पक्कै होइन । निर्वाचन प्रक्रिया आफै पनि कति समावेशी र प्रतिनिधिमूलक थियो र यसका मत परिणामले समावेशिता एवं सहभागितालाई कुन स्तर हेर्ने हो भने पनि यो सन्तोषजनक देखिँदैन । निर्वाचन सम्बन्धी व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति २०७७ अनुसार स्थानीय निर्वाचनमा एउटा राजनीतिक दलबाट प्रमुख/उपप्रमुख दुवै पद उम्मेदवारी दिएको अवस्थामा एक पदमा महिला हुनुपर्ने संवैधानिक व्यवस्था गरिएको छ । स्थानीय तहमा प्रमुख वा उपप्रमुख/अध्यक्ष वा उपाध्यक्ष एकमा महिला अनिवार्य हुनुपर्ने संवैधानिक व्यवस्था छ। नवलपुरको अवस्था हेर्ने हो भने स्थानीय तहमा हुप्सेकोट गाउँपालिकामाबाहेक अन्य अन्यमा महिला नेतृले प्रमुख पदमा अवसर पाउन सकेनन् । ठुला दलले पनि महिला नेतृत्वलाई अवसर दिन खोजेको जस्तो पनि देखिँदैन । प्रदेश सभा र प्रतिनिधि सभाको निर्वाचनमा पनि अवस्था उस्तै छ ।

स्थानीय तह निर्वाचनमा एउटै राजनीतिक दलबाट प्रमुख/अध्यक्ष र उपप्रमुख/उपाध्यक्ष दुवै पद उम्मेदवारी दिएको अवस्थामा एक पदमा महिला हुनुपर्ने प्रावधान भएपनि दलबीचको गठबन्धनने महिलाको प्रतिनिधित्व कमजोर बनेको छ । यो निर्वाचनले जनजाति, दलित, आदिवासी लगायत अन्य पछाडि परेका समुदायलाई अझै प्रोत्साहन गर्न सकेको छैन । निर्वाचन आयोगले संशोधित मतदाता शिक्षा निर्देशिका २०७९ जारी गरेता पनि २०७९ वैशाख ३० मा सम्पन्न स्थानीय निर्वाचनमा २.४० प्रतिशत मत पूर्ण बदर र करिब १३ प्रतिशत मत आंशिक बदर भयो । निर्वाचन शिक्षा प्रभावकारी नहुँदा बदर मतको सङ्ख्या अनपेक्षित रूपमा बढ्यो । हामीले परम्परागत शिक्षामा सुधार गर्‍यौं तर कार्यक्रम भने पुरानै ढाँचामा गरेकोले मत बदर भएको आयोगको भनाइ छ ।

निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रमका लागि खर्च गरेको रमक मत बदरको कारण राज्यकोषमा आठ करोड ५२ लाख रूपैयाँ नोक्सानी भएको देखिन्छ । निर्वाचन आयोगले मतदाता शिक्षाका लागि स्थानीय स्तरमा घरदैलो गरी सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रम प्रभावकारी नभएको र त्यसको दुरुपयोग भएको भनी घरदैलो कार्यक्रम रोकेको कारणले पनि बदर मतको अनुपात बढेको राजनीतिक दलहरू बताउछन् । निर्वाचन आयोगको विवरण अनुसार, स्थानीय तह निर्वाचनमा प्रति मतदाता २८४ रूपैयाँ खर्च भएको थियो । आयोगले गत स्थानीय निर्वाचनमा २० हजार स्वयंसेवक मार्फत मुलुकभर मतदाता शिक्षा सञ्चालन गरिएको थियो । विशेषगरी स्थानीय तहमा गठबन्धनका कारण उमेद्वार नै नभएको चुनाव चिह्नमा मत खसेको देखिएको थियो ।

देशमा अशिक्षित मतदाता धेरै छन् कतिपयलाई मतदान कसरी गर्ने विषयमा जानकारी नै छैन । भोट कसरी हाल्ने भनेर अहिलेसम्म कसैले सिकाएको छैनन् । मतदानको अनुभव नै नभएका नागरिक पनि पहिलो पटक भोट दिने अवसर पाएका छन् । यस पटकको निर्वाचनमा मतदानवारे विभिन्न माध्यमबाट जानकारी सम्प्रेषण भए पनि स्थानीय, प्रदेश तथा सङ्घीय निर्वाचनको प्रकृति फरकफरक भएकाले सोही अनुरूपको जानकारी नभएको स्वयं मतदाताको भनाइ रहिआएको छ ।

मतदाता शिक्षाबारे विभिन्न दृष्टिकोणहरू छन् । एउटा दृष्टिकोण निर्वाचन आयोगले नै मतदाता शिक्षाका कार्यक्रमहरू गर्नुपर्दछ भन्ने हो । अर्को धारणा, निरपेक्ष र असंलग्न रूपमा काम गरिरहेका नागरिक समाजले त्यसो गर्नुपर्दछ भन्ने छ । तेस्रो, राजनीतिक दलहरूले मतदाता शिक्षासम्बन्धी गतिविधि सञ्चालन गर्नुपर्दछ भन्ने मान्यता हो । यी तीन मान्यताहरूमध्ये राजनीतिक दलहरूले मतदाता शिक्षा सञ्चालन गर्दा कम खर्चमा सबै तह र तप्कामा प्रभावकारी तरिकाले मतदाता शिक्षा पुग्न सक्दछ । नागरिक समाजले निष्पक्ष र भयरहित निर्वाचनका लागि क्षमता अभिवृद्धि र अनुगमनमा बढी जोड दिनु उचित हुन्छ । बदर मतको प्रतिशत बढ्नुको एक मुख्य कारण मतदाता शिक्षाको कमी हो । क्षमतावान् र शिक्षित जनशक्ति विदेशिनुले मतदाता शिक्षामा असर परेको छ । भविष्यमा मतदाता शिक्षा भौतिक रूपमा उपस्थित भएरभन्दा अनलाइन माध्यमबाट सञ्चालन गर्दा बढी प्रभावकारी हुने देखिन्छ । प्रायः मतदाताहरूको मोबाइल फोनमा पहुँच छ र त्यसमार्फत इन्टरनेटको पहुँच पनि सहज बनेको छ । त्यसैले मतदाता शिक्षाका यावत कामका लागि इन्टरनेट र सामाजिक सञ्जाल कम खर्चिलो, छरितो र प्रभावकारी माध्यम बनेर देखा पर्दैछ ।

निर्वाचनलाई स्वतन्त्र, निष्पक्ष र सहभागितामूलक तवरमा निर्वाचन सम्पन्न गर्न विभिन्न सञ्चारमाध्यम र संस्थाहरूले पनि महत्त्वपूर्ण भूमिका निभाएका थिए । निर्वाचन तथा सम्पूर्ण मतदान प्रक्रियाको अनुगमन र निर्वाचन आयोगले जारी गरेको निर्वाचन आचार संहिता पालनाको अनुगमन पानी अभिन्न पाटो रही आएको छ । निर्वाचन प्रक्रियालाई सभ्य तथा मर्यादित तुल्याउन अनुगमनको अपरिहार्यता रहन्छ । निर्वाचनका बेलामा विभन्न राजनीतिक दलले गर्ने प्रचार-प्रसार, दल तथा उम्मेदवारले गर्ने खर्च, परिणामलाई प्रभाव पार्न सक्ने गतिविधि, मतदानको दिन भयरहित मतदान गर्ने वातावरण र सर्वपक्षीय सहमतिमा मतगणना जस्ता पाटाहरूको अनुगमन आवश्यक देखिन्छ । विगतको विभिन्न घटनाक्रम हेर्दा यस पक्षलाई अनुगमन गर्न विभिन्न सरोकारवाला, नागरिक समाज, गैर सरकारी संस्था तथा अनुगमन केन्द्रित संस्थाहरूको प्रमुख भूमिका रहन्छ । यसै सन्दर्भमा निर्वाचनप्रति मतदाताको विश्वास, निर्वाचन प्रक्रियामा तिनको सहभागिता र अपेक्षाका साथै समग्र निर्वाचन प्रक्रिया,

मतदान र परिणामलाई केलाउन विजय विकास स्रोत केन्द्र, गैंडाकोटको पहलमा निर्वाचन सुपरिवेक्षण गरिएको थियो । त्यसका लागि गण्डकी प्रदेशका दुई र लुम्बिनी प्रदेशका तीन जिल्ला चयन गरी अनुसन्धान तथा अनुगमन गरिएको थियो । विजय विकास स्रोत केन्द्रको अगुवाइमा पाँच जिल्ला- नवलपुर, कास्की, पाल्पा, रूपन्देही र कपिलवस्तुमा निर्वाचन अनुगमन र मतदाता शिक्षासम्बन्धी गतिविधि सञ्चालन गरिएको थियो । कास्कीमा सयपत्री समाज, पाल्पामा पाल्पा विकास केन्द्र, रूपन्देहीमा चाँदनी नेपाल र कपिलवस्तुमा माहुरी होम साझेदार संस्था बनेका थिए । निष्पक्ष अनुगमन र मतदाता शिक्षामार्फत स्वतन्त्र, निष्पक्ष र सहभागितामूलक तवरमा निर्वाचन सम्पन्न गर्न सहज वातावरण बनाउने यस कार्यक्रमको लक्ष्य थियो ।

विशेषत : मतदान, मतदान प्रक्रिया, मतदाता शिक्षा सम्बन्धि जानकारी नभएका तथा समाजमा आर्थिक तथा राजनीतिक हिसाबले पिछडिएका समुदायलाई समग्र निर्वाचन प्रक्रियामा सहभागी गराउन तथा निर्वाचन सम्बन्धी जानकारी विभिन्न माध्यमबाट पहुँच पुऱ्याउनु यस कार्यक्रमको उदेश्य रहेको थियो साथै उक्त कार्यलाई सहज तुल्याउन निर्वाचनमा समाजका विभिन्न क्षेत्रमा योगदान गरिरहेका नागरिक समाजको निर्वाचन अनुगमन सम्बन्धी क्षमता विकास, विभिन्न महिला, युवा र अपाङ्ग समूहको निर्वाचनमा समान पहुँच तथा सहभागिता सम्बन्धी सचेतना, निर्वाचनका समयमा मिडिया तथा पत्रकारले गर्नुपर्ने मर्यादित रिपोर्टिङ र मिडिया अनुगमन सम्बन्धी अभिमुखीकरण साथै सम्पूर्ण निर्वाचन प्रक्रियाको अनुगमन गर्नु पनि यस कार्यक्रमको उदेश्य रहेको थियो ।

विजय विकास स्रोत केन्द्र र साझेदार संस्थाद्वारा निर्मित अनुगमन समितिले निर्वाचन अवधिभर आचारसंहिता पालना, निर्वाचनको दिनमा मतदान प्रक्रिया र पछि मतगणनाको अनुगमन गरेको थियो । निर्वाचनमा मतदाता शिक्षाका लागि श्रव्य, दृश्य तथा छापा माध्यमको उपयोग गरिएको थियो । समग्र निर्वाचन अनुगमनलाई यथार्थपूर्ण तथा तथ्यपरक राख्न साझेदार संस्थाहरूद्वारा निर्मित अनुगमन समितिको पनि अनुगमन गर्न कार्यकारी समितिबाट अनुगमन समिति बनाइएको थियो । विजय विकास स्रोत केन्द्रको साझेदारीमा सञ्चालित यस कार्यक्रमको प्रभाव, ज्ञानको अभिवृद्धि भएको नभएको, निर्वाचन आचार संहिता अनुगमनको प्रभावकारिता तथा मतगणना अनुगनमनको तेस्रो पक्षीय अनुगमन विजय एफ.एम. १०१.६ मेगाहर्जले गरेको थियो ।

## १. सुदृढ लोकतन्त्रका लागि मतदाता शिक्षा, समावेशी सहभागिता र आवधिक निर्वाचन

### क. परिचय र पृष्ठभूमि

नेपालको संविधान २०७२ ले आवधिक निर्वाचनमार्फत आफ्नो प्रतिनिधि चयन गर्न पाउने जनताको अधिकार सुनिश्चित गरेको छ । हालै सम्पन्न निर्वाचन प्रतिनिधि, प्रदेश सभा र स्थानीय तहको दोस्रो निर्वाचन हो जस अन्तर्गत विभिन्न जनप्रतिनिधिहरू छानिएर विभिन्न तहर र तप्कामा पुगेका छन् । यसले संविधान कार्यन्वयनको दिशामा निश्चय नै सकारात्मक योगदान गरेको छ ।

संविधानले मतदानलाई आम जनताको नैसर्गिक अधिकार मानेको छ। यसबाटै जनताले आफ्ना प्रतिनिधि चुन्छन् । संविधान र अन्य निर्वाचन ऐनहरूले निर्वाचन प्रक्रियामा लैङ्गिक समानता सुनिश्चित गरेको छ। मत दिन र निर्वाचनमा उम्मेदवार बन्न महिलाहरूलाई समान अधिकार छ । राजनीतिक दलहरूले उनीहरूको उम्मेदवार सूचीमा कम्तीमा ३३% महिला प्रतिनिधित्व सुनिश्चित गर्नु पर्दछ । नेपालको वर्तमान संविधानको धारा २६९ (४) (ग) मा दलका विभिन्न तहका कार्यकारिणी समितिमा नेपालको विविधतालाई प्रतिबिम्बित गर्ने गरी समावेशी प्रतिनिधित्वको व्यवस्थासम्बन्धी प्रावधानले समावेशी राजनीतिक दलको परिकल्पना गरेको छ । संविधानको धारा ३८ (४) ले भनेको छ, राज्यका सबै तहमा महिलालाई समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने हक छ, तर यो व्यवस्था गरेका राजनीतिक दलले यस निर्वाचनमा महिला उम्मेदवारीलाई प्राथमिकता नदिएको प्रष्ट देखिन्छ । निर्वाचन आयोगका अनुसार २०७९ को स्थानीय निर्वाचनमा अध्यक्ष/प्रमुख पदको कुल उम्मेदवारीमा महिला उम्मेदवारको प्रतिनिधित्व ६.७ प्रतिशत, उपाध्यक्ष/उपप्रमुखमा ७३.२ प्रतिशत र वडा अध्यक्षको उम्मेदवारीमा मात्र २.९ प्रतिशतमा सीमित रह्यो । निर्वाचन आयोगले राष्टपति कार्यालय समक्ष बुझाएको निर्वाचन प्रतिवेदन अनुरूप प्रतिनिधि सभाको पहिलो हुने निर्वाचन प्रणालीतर्फ महिला २२५ र पुरुष २ हजार १८६ गरी २ हजार ४११ ज्नाको अन्तिम उम्मेदवारी कायम भएको थियो । सोही सभाको समानुपातिक निर्वाचन प्रणालीतर्फ महिला १ हजार १८७ र पुरुष १ हजार १२ गरी २ हजार १९९ जना उम्मेदवारको अन्तिम बन्द सूची कायम गरिएको थियो । त्यसैगरी प्रदेश सभातर्फ पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि महिला २८०, पुरुष २ हजार ९४३ र अन्य १ गरी ३ हजार २२४ जनाको अन्तिम उम्मेदवारी कायम भएको थियो भने सोही सभाको समानुपातिक निर्वाचन प्रणाली तर्फ महिला १ हजार ५११ र पुरुष २ हजार १९७ गरी कुल ३ हजार ७०८ जना उम्मेदवार को अन्तिम बन्दसूची कायम गरिएको थियो । निर्वाचन आयोगले महिलालाई निर्वाचन प्रक्रियामा अभिप्रेरित गर्नका

लागि महिला लक्षित मतदान शिक्षा अभियान चलाउँछ । यी सबै उपायहरूका बाबजुद, सांस्कृतिक, सामाजिक र अन्य बाधाहरूका कारणले राजनीतिमा महिला सहभागिता कम छ । नेपालमा मतदाताको न्यूनतम उमेर १८ वर्ष हो । निर्वाचन आयोगले नियमित रूपमा मतदाता नामावलीमा दर्ता गर्ने अभियान चलाउँछ ।

राष्ट्रिय जनगणना २०२१ अनुसार नेपालमा कुल १४१ जात जातिहरूको बसोबास रहेको छ । संविधानले अल्पसङ्ख्यक समुदायहरूलाई पनि राजनीतिमा सहभागी हुने अधिकार दिएको छ । ती समुदायको प्रतिनिधित्व स्थानीय तह, प्रदेशसभा र प्रतिनिधिसभामा हुनैपर्ने संवैधानिक प्रावधान छ । नेपाली भाषामा पकड नभएका समुदायलाई लक्षित गरी निर्वाचन आयोगले स्थानीय भाषा र बोलीहरूमा मतदान शिक्षा अभियान चलाउँदै आएको छ । निर्वाचन आयोगले सुदूरका असुविधाजनक क्षेत्रहरूमा विशेष मतदान बुथहरू पनि राख्ने गरेको छ जसले अल्पसङ्ख्यक समुदायका मतदातालाई मताधिकार प्रयोग गर्न सहज बनाएको छ । निर्वाचनमा महिला, युवा, अपाङ्गता भएका व्यक्ति र पिछडिएको समुदायको सहभागिता सुनिश्चित गर्न निर्वाचन आयोगले विशेष पहलहरू गरेको छ । यद्यपि ती समुदायका व्यक्तिको सशक्त सहभागिता हुन अझै सकेको छैन । जस्तैः मतदाता शिक्षामा कमजोर पहुँच, मतदान प्रक्रियामा असहजता इत्यादि । मतदान केन्द्रहरू अपाङ्गता भएका व्यक्ति, सुत्केरी, स्तनपान गराउने आमा आदिका लागि सुविधाजनक छैनन् । मतदान केन्द्रहरूमा अपाङ्गता भएको व्यक्तिहरूलाई पनि मत हाल्न जान सिडीको मात्र व्यवस्था, ह्वीलचियर प्रयोगकर्तालाई सहज पहुँचका हिसाबले अत्यन्तै कठिनाइ देखिएको थियो साथै स्तनपान गराइरहेका महिलालाई कक्ष, शौचालयको सहज व्यवस्था नभएकाले मतदान महिला, गर्भवती र अपाङ्गमैत्री देखिएको थिएन साथै उम्मेदवारीमा पनि यी समुदायको समान अस्तित्व नभएको जगजाहेर छ । कतिपय मतदानस्थल र मतदान केन्द्र अपाङ्गतामैत्री नभएकोले पनि मतदातालाई अफठ्यारो परेको देखियो । कावासोती-७ कि सानुमाया विक शारीरिक अपाङ्गताकै कारण मतदान गर्न कसरी जाने, कसले लैजाने भन्ने अन्योलमा थिइन् । उनले स्थानीय प्रतिनिधिको पहलमा अपराह्न ५ बज्नै लाग्दा मात्रै मतदान गर्न गएको बताइन् । पक्षाघातबाट थलिनाले हिँडडुल गर्न नसक्ने भएका देवचुली-११ का गोविन्द न्यौपानेका अनुसार मतदान केन्द्रमा आफ्नो ह्वीलचियर लैजान असहज भएपछि उनलाई छोराले बोकेर मतदान गर्न लगेका थिए । त्यसैले यी समुदायको समावेशिता र सहभागिता बढाउनका लागि निर्वाचन आयोग, सरोकारवाला निकाय र राजनीतिक दल थप जिम्मेवार भई सक्रिय भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ ।

२०७४ को निर्वाचनमा राजनीतिक दलहरूले आर्थिक पहुँचको आधारमा धेरै रकम खर्च गर्न सक्ने व्यक्तिलाई उम्मेदवारी दिँदा प्राथमिकता दिएका थिए । यसले सङ्गठनका लागि

मरिमेट्ने, जनमानसमा भिजेका र धरातलीय अवस्थासँग परिचित इमान्दार व्यक्ति रकम कम भएकै कारण दलीय उम्मेदवारको टिकट पाउनबाट बञ्चित हुनु दुःखद हो । नेपाली राजनीति र निर्वाचनमा आर्थिक लेनदेन, चलखेल वा मिलोमतो धेरै गरेको देखिन्छ । यस कुरालाई राजनीतिक दलका प्रतिनिधिले पनि सार्वजनिक रूपमै स्विाकारेको देखिन्छ । यसै सन्दर्भमा नेपाली काङ्ग्रेसका नेता डा.शशांक कोइरालाले २०७४ को प्रतिनिधिसभा निर्वाचनमा आफ्नो ६ करोड रूपैया खर्च भएको बताउँदै भने, मैले नवलपरासी क्षेत्र न १ बाट तीन चोटी जितेँ । पहिलो चोटि मेरो खर्च ८० हजार थियो । दोस्रो चुनावमा तीन करोड र लास्ट चुनावमा ६ करोड । निर्वाचन महँगो बनेको छ भनेर स्विकारेर सार्वजनिक अभिव्यक्ति दिने नेताहरूलाई पछिल्लो समय निर्वाचन आयोगले स्पष्टीकरण सोधिरहेको छ । काङ्ग्रेस नेता शशांक कोइराला र गण्डकी प्रदेशका सभामुख नेत्रनाथ अधिकारीलाई निर्वाचन आयोगले महँगो निर्वाचन प्रणालीबारे सार्वजनिक अभिव्यक्ति दिएको भन्दै स्पष्टीकरण सोधेको थियो । निर्वाचन आयोगले पनि चुनाव प्रचारप्रसारमा उम्मेदवारको खर्च कम गराउन विभिन्न प्रयास गरिरहेकै छ । विभिन्न सञ्चार माध्यम तथा जनचेतनामूलक सन्देशहरू सम्प्रेषण गरेतापनि तात्विक फरक देखिएको छैन । विशेषगरी सीमान्तीकृत, पिछडिएका समुदाय तथा विपन्न गरिब मतदाताहरूमा मतदानलाई लक्षित गरेर गरीने आर्थिक चलखेल केन्द्रित रहेको हुन्छ । यसलाई सरल रूपमा बुझ्ने हो भने जस्तैः नारायणी किनारमा अवस्थित सुकुम्वासी बस्तीमा भोट किनबेचको निम्ति आर्थिक चलखेल भइआएको स्थानीय सञ्चार माध्यम विजय एफ.एम.ले पुष्टि गरी समाचार सम्प्रेषण गरेको थियो । त्यसैले अब मतदातालाई पनि शिक्षित र नैतिकवान् बनाउन सकारात्मक उपायहरूको आवश्यकता देखिएको छ । विगतका निर्वाचनमा झैँ २०७९ सालको निर्वाचनमा पनि दलहरू आर्थिक मितव्ययी बन्न सकेनन् । सरकार वा शक्तिमा गएपछि निर्वाचनका क्रममा गरेको खर्च उठाउन र आगामी निर्वाचनका लागि खर्च जोहो गर्नका लागि जनप्रतिनिधिले भ्रष्टाचार गर्न सक्ने सम्भावना रहन्छ । प्रमुख दलहरूले निर्वाचनमा पुराना उम्मेदवारहरूलाई नै प्राथमिकतामा राख्नुको एउटा कारण तिनले राजनीतिक दललाई बुझाउने मोटो रकम हो र तिनले आर्थिक या नीतिगत भ्रष्टाचार गरेरै यस्तो रकमको जोहो गर्ने आशङ्का गरिन्छ । सो कुरालाई पुष्टि गर्न विभिन्न राजनीतिमा दलहरू र तिनका प्रतिनिधिहरूले गर्ने भड्किलो चुनाव प्रचार शैलीमा स्पष्ट देखिन्छ । राजनीतिमा उदाएका केही नयाँ अनुहार निर्वाचन आयोगको तदारुकता र समयक्रम सँगै मतदातामा आएको चेतनाको कारणले निर्वाचनमा हुने आर्थिक चेलखेलमा केही कमी आए पनि निर्वाचनका बेलामा उम्मेदवारले अदृश्य तवरले खर्च गर्ने प्रवृत्ति अझै कायमै छ । नागरिक तहमा नै यसरी निर्वाचनका बेलामा हुने फजुल खर्च हामीकहाँ हुने

भ्रष्टाचारको एक मुख्य कारण हो भन्ने अनुभूति नहुञ्जेल यस्तो प्रक्रिया चलिरहने निश्चित छ । अर्कातिर, यस्तो प्रवृत्तिले गर्दा महिला, दलित, उपेक्षित र अल्पसङ्ख्यक जातजातिका व्यक्तिले निर्वाचनमा भाग लिई जित्न सक्ने कुनै गुञ्जायस नै रहँदैन । यसले के स्पष्ट पार्छ भने निर्वाचन व्यवस्थामा केही सुधार आए पनि सामाजिक र राजनीतिक चेतनाको स्तर नउकासिएसम्म निर्वाचन खास अर्थमा निष्पक्ष र स्वतन्त्र हुन सक्दैन ।

## ख. लोकतन्त्र र आवधिक निर्वाचन

२०४६ सालको जनआन्दोलनपश्चात नेपालमा बहुदलीय प्रजातन्त्र पुनःस्थापना भएको हो । त्यसयता नेपालले लोकतान्त्रिक संस्थालाई सुदृढ गर्न र राजनीतिक स्वतन्त्रता विस्तार गर्नमा महत्त्वपूर्ण प्रगति गरेको छ। तर, नेपाली लोकतान्त्रिक पद्धतिपथमा थुप्रै चुनौती र अवरोधहरू देखा परे । निरन्तर राजनीतिक अस्थिरता, कमजोर शासन व्यवस्था, भ्रष्टाचार र देशका विभिन्न भागमा सक्रिय सशस्त्र समूहको उपस्थितिले लोकतन्त्रलाई धरापमा पारे । आवधिक निर्वाचन प्रभावित भए । त्यसपछि २०७२ सालमा नयाँ संविधान आयो । नेपालले सङ्घीय गणतान्त्रिक राजनीतिक प्रणाली अङ्गीकार गरेको छ । तीन तहका सरकार अस्तित्वमा आएका छन् । नेपाली सङ्घीयता शैशवकालमै छ र तीन तहका सरकारहरूबीच शक्ति र स्रोतको बाँडफाँटसम्बन्धी चुनौतीहरू सतहमा छन् ।

यी चुनौतीका बाबजुद लोकतन्त्रको भविष्यप्रति आशावादी हुनुपर्ने कारणहरू छन् । देशको युवा जनसङ्ख्या, जीवन्त नागरिक समाज र सक्रिय मिडियाले लोकतान्त्रिक सहभागिता र संलग्नताका लागि बलियो आधार प्रदान गरेका छन् । नेपाल बहुदलीय व्यवस्थासहितको सङ्घीय लोकतान्त्रिक गणतन्त्र भएको मुलुक हो र संविधानले स्थानीय, प्रदेश र सङ्घीय निर्वाचनलगायत विभिन्न तहका सरकारको आवधिक निर्वाचनको व्यवस्था गरेको छ। यसले जनतालाई लोकतान्त्रिक प्रक्रियामा सहभागी हुने र आफ्ना प्रतिनिधि छान्ने अवसर प्रदान गरेको छ । २०७४ सालमा स्थानीय, प्रदेश र सङ्घ गरी तीनै तहको निर्वाचन सम्पन्न भई एक कार्यकाल अर्थात् पाँच वर्ष पूरा भयो । त्यसपछि २०७९ मा पनि तीनै तहको निर्वाचन सम्पन्न भई दोस्रो पाँचवर्षे कार्यकाल शुरु भइसकेको छ । यसले नेपालमा लोकतान्त्रिक संस्थाहरूले जरा गाडेको उत्साहजनक सङ्केत गरिरहेको छ । अगाडि बढ्दै गर्दा, नेपालका राजनीतिक दलका नेताहरूले यी उपलब्धिलाई बलियो बनाउन र देशमा लोकतन्त्र सुदृढ गर्न बाँकी रहेका चुनौतीहरूलाई सम्बोधन गर्नु आवश्यक छ। यसका लागि लोकतान्त्रिक संस्थाको सुदृढीकरण, पारदर्शिता र जवाफदेहिताको प्रवर्धन र राजनीतिक प्रक्रियामा सहभागी हुन नागरिकहरूलाई सशक्त बनाउन आवश्यक छ । तब मात्र नेपालले प्रजातन्त्रको प्रतिज्ञालाई

पूर्ण रूपमा साकार पार्न सक्छ । खुल्ला समाजको प्रवर्धन, जन उत्तरदायी सरकार, सुशासन, प्रभावकारी र कम खर्चिलो गुणस्तरीय सेवाले मात्र लोकतन्त्र बलियो बनाउँछ ।

## ग. सहभागिताको दृष्टिकोणबाट निर्वाचन

निर्वाचनले देशको लोकतान्त्रिक संस्थालाई बलियो बनाउँदै राजनीतिक स्थायित्व सुनिश्चित गर्न सघाउँछ । तर, नेपालको निर्वाचन प्रक्रिया चुनौतीरहित भने छैन । मतदाताको उदासीनताले गर्दा मतदान प्रतिशत घट्ने गरेको छ । अर्कातिर, चुनावमा धाँधलीको आरोप सबैजसो चुनावहरूमा सुन्न पाइन्छ । चुनाव प्रक्रियामा पैसाको प्रभाव र त्यससँग भ्रष्टाचार जोडिएको चिन्ता पनि छ । यी चुनौतीलाई सम्बोधन गर्न निर्वाचन आयोग नेपालले आचारसंहिता लागू गर्ने, जनचेतना र मतदाता शिक्षा बढाउने, निर्वाचन प्रक्रियामा सुधार गर्न प्रविधिको प्रयोग गर्ने, पारदर्शिता र जवाफदेहिता बढाउनेलगायतका थुप्रै उपायहरू अपनाएको छ । तथापि राज्य प्रणाली सञ्चालनमा राजनीतिक दल र नेताको कमजोरी, सत्ता र सुविधाप्रति तिनको तीव्र आशक्ति, मौलाइरहेको भ्रष्टाचार आदि कारणले जनमानसमा नैराश्य छाएको छ र यसले निर्वाचनप्रति नै मतदाताको विश्वास घटाएको छ । साथै अहिलेको युवामा हुर्कंदै गरेको भविष्यप्रतिको चिन्तालाई राज्य व्यवस्थाले चिर्न नसकेकाले उनीहरूको राज्यप्रति तिनको अलगाव बढ्न थालेको छ ।

गैंडाकोट-५ निवासी कृष्ण सापकोटा एक शिक्षक हुन् । उनलाई अहिलेसम्मको निर्वाचनले देशको पहिले र अहिलेको स्थितिमा तात्विक भिन्नता ल्याउन नसकेको गुनासो छ र निर्वाचनप्रति उनी उत्साहित पनि छैनन् । उनी प्रतिनिधि पात्र हुन् र उनी जस्ता मतदाता नेपालमा हजारौं छन् । त्यसैले निर्वाचनमा मतदानको प्रतिशत घट्दै छ । २०७९ सालको निर्वाचनमा प्रतिनिधि सभा प्रत्यक्षतर्फ ६१.४१ प्रतिशत र समानुपातिकतर्फ ६१.८५ प्रतिशत मात्र मत खसेको थियो ।।

## घ. मतदाता शिक्षा

मतदाता शिक्षा कुनै पनि निर्वाचन प्रक्रियाको महत्त्वपूर्ण पक्ष हो । मतदाताहरूलाई निर्वाचन प्रक्रिया, उनीहरूको अधिकार र जिम्मेवारीहरूबारे जानकारी गराउँदै मतदाता शिक्षा प्रदान गर्ने काम निर्वाचन आयोगले गर्दै आएको छ निर्वाचन आयोगले मतदाताहरूलाई निर्वाचन प्रक्रियाबारे जानकारी दिन विभिन्न कार्यक्रमहरू सञ्चालन गर्छ । यसले राष्ट्रिय, क्षेत्रीय र स्थानीय तहमा मतदाता शिक्षा अभियान सञ्चालन गर्छ । यी अभियानमा धेरैभन्दा धेरै मतदाताहरूसमक्ष पुग्न रेडियो, टेलिभिजन, पत्रपत्रिका र सामाजिक सञ्जाल, सडक नाटक,

साङ्गीतिक कन्सर्ट, पोस्टर, नमुना मतदान, कलर रिङब्याक टोन लगायत विभिन्न सञ्चार माध्यमको प्रयोग हुन्छ। आयोगले निर्वाचन अधिकारी, राजनीतिक दलका प्रतिनिधि, पर्यवेक्षक र नागरिक समाजका प्रतिनिधिहरूलाई निर्वाचन प्रक्रियाका साथै निर्वाचनमा उनीहरूको भूमिकाबारे तालिम सञ्चालन गर्छ । त्यसबाहेक, यस आयोगले मतदातालाई निर्वाचन प्रक्रियाबारे बझाउन जानकारीमूलक पर्चा, पोस्टर र फ्लायरहरूसहित विभिन्न सामग्री उत्पादन गरी वितरण गर्दछ। निर्वाचन प्रक्रियाबारे जानकारी दिन र मतदाताका प्रश्नहरूको जवाफ दिन आयोगले देशभर सूचना केन्द्रहरू समेत स्थापना गर्छ। जनप्रतिनिधिले सरकार निर्माण गर्ने, कानून बनाउने, संसदीय अनुगमन गर्ने, बजेट पारित गर्ने र संसदीय सुनुवाई गर्नेजस्ता महत्त्वपूर्ण काम गर्छन् । त्यसैले जनताले संसदमा सक्षम र योग्य उम्मेदवार छनोट गरी आफ्नो प्रतिनिधिका रूपमा पठाउनुपर्ने हो । तर सो प्रक्रियाबाटै बिमुख हुने वा मतदानको आधारभूत ज्ञान नहुनाले मत बदर हुनु दुःखलाग्दो विषय हो । २०७९ को निर्वाचनमा आयोगले निर्वाचन शिक्षासम्बन्धी जिम्मेवारी स्थानीय तहलाई नै दिएको थियो । स्थानीय तहले सूचना अधिकृत र महिला स्वास्थ्य स्वयम्सेविकामार्फत मतदातालाई मतदान गर्ने सही तरिका सिकाएको थियो। मतदाता शिक्षाका लागि सामाजिक सञ्जालको अत्यधिक उपयोग गरेको निर्वाचन आयोगले मतदाता शिक्षा सम्बन्धी टिकटक भिडियो बनाउने खुल्ला प्रतियोगितासमेत गराएको थियो ।

यद्यपि २०७९ को निर्वाचन परिणाम आउँदा बदर मत घट्नुपर्नेमा त्यसो हुन सकेको पाइएन। प्रतिनिधि सभा निर्वाचनमा प्रत्यक्षतर्फ ५.०६ प्रतिशत र समानुपातिक तर्फ ५.०९ प्रतिशत मत बदर भएको थियो। प्रदेश सभातर्फ प्रत्यक्षमा ४.०७ प्रतिशत र समानुपातिकमा ६.५५ प्रतिशत मत बदर भएको थियो ।

विभिन्न प्रयासहरूको बावजुद बदर मत अत्यधिक देखिनुले मतदाता शिक्षा पर्याप्त नभएको सङ्केत गर्छ । ग्रामीण क्षेत्र मोवाइल वा इन्टरनेटको माध्यमबाट प्रेषित गरिने सामग्रीहरू खोलेर हेर्न, पढ्न धेरै असमर्थ छन र त्यसका लागि सन्देश सहितका भिडियो अडियो बनाउन र सम्प्रेषण गर्न जरुरी देखिन्छ। यसले गर्दा ती माध्यममार्फत गरिने मतदाता शिक्षा अभियान ग्रामीणस्तरका मतदाता सम्म सजिलो गरी पुग्दछ । थोरै सङ्ख्यामा छोटो अवधिका लागि खटिएका महिला स्वयम्सेविकाले मतदाता शिक्षाका लागि घरदैलो गरी सबै घर जान सम्भव नै थिएन। झन् पहाडमा छरिएर रहेका बस्तीमा त टोलभेला गरी मतदाता शिक्ष दिन समेत कठिन थियो। बुलिङटार गाउँपालिकाका सूचना अधिकृत सागर भट्टराईले निर्वाचन प्रक्रियाबारे मतदाता शिक्षा एउटा छोटो तालिमबाट मात्र पूर्ण नहुने धारणा राखे। उनले मगर समुदायको बाहुल्य रहेको उक्त गाउँपालिकामा बाँडिएका मतदाता शिक्षा सामग्री नेपाली भाषामा रहेको

र महिला स्वास्थ्य स्वयम्सेविकालाई दिइएको तालिम पनि भाषिक विविधतालाई मध्यनजर नगरिएकाले कम प्रभावकारी भएको तर्क गरे । भाषिक विविधतालाई आत्मसात् गर्दै निर्वाचन आयोगले धेरै भाषामा मतदाता शिक्षा सामग्री उपलब्ध गराउने प्रयास गरेको छ । तर तिनको वितरण सही स्थानमा सही तरिकाले हुन सकेको छैन । सामग्रीको गुणस्तर र सान्दर्भिकतालाई पनि मतदाताले सजिलै बुझ्न सकून् भन्ने सुनिश्चित गर्न निर्वाचन आयोग र यसका क्षेत्रिय कार्यालयले उचित गृहकार्य गर्नुपर्ने आवश्यकता देखिन्छ । गुणस्तर भन्नाले मतदाता शिक्षाका निम्ति तयार गरिएका सामग्रीहरूमा स्पष्ट रूपमा मतदान कसरी गर्ने, कस्ता जनप्रतिनिधिहरू छान्ने, कुनै प्रलोभनमा नपरी मतदान गर्ने, कुन निर्वाचन के का लागि भइरहेको छ भन्ने, चुनिएका प्रतिनिधिहरूले गर्ने काम कर्तव्य र मतदाताले मतदान स्थलमा पालना गनुपर्ने सूचना समावेश गरिएको हुनुपर्छ । अपुरो र मतदाताहरूमा भ्रम सृजना गराउने खालका सामग्रीहरूको अनुगमन तथा व्यवस्थापन गर्नुपर्ने देखिन्छ । गुणस्तरसँगै निर्वाचनको सर्न्दभलाई हेरीकन जातजाति, धर्म, लिङ्ग, र समुदायलाई आहत नहुने गरी सम्पूर्ण विविधतालाई अंगीकृत गरी मतदाता शिक्षा सम्बन्धी सामग्री तयार पार्नु पर्दछ । मतदाता शिक्षाका सामग्री तयार पार्दा भौगोलिक विविधता र भाषिक विविधतालाई ध्यान दिन सके ती सामग्रीप्रति सम्बन्धित समुदायको अपनत्व बढ्छ र यसले निर्वाचनप्रति नै उत्साह जगाउन सक्छ । भूगोल र स्थान सान्दर्भिक मतदाता शिक्षा सामग्री तयार पार्न र वितरण गर्न स्थानीय सरकारलाई अधिकार दिई उत्तिकै जिम्मेवार बनाउनु पर्ने आवश्यकता देखिन्छ । अर्कातिर, मतदाता शिक्षालाई प्रभावकारी बनाउन निर्वाचन आयोगले अन्य सरोकारवाला निकाय र सञ्चारमाध्यमलाई अत्यधिक प्रयोग गर्नुपर्ने देखिएको छ ।

गैँडाकोट नगरपालिका ७ की शान्ति सापकोटा मत हाल्न जाने दिनसम्म आफ्नो मत कसरी हाल्ने र कतिवटा मतपत्र छन् भन्ने अन्यौलमा थिइन् । यस्तै गैँडाकोट नगरपालिका ६ की ९२ वर्षीया फुलमति विकले निर्वाचनको अघिल्लो दिन भनिन्, “भोट हाल्न पर्छ, यसरी हाल्ने हो भनेर कसैले सिकाएका छैनन् । हात पनि काम्छ, भोट हाल्न पनि जान्दिनँ । खोइ, भोट हाल्न पनि जाने कि नजाने ?” नवलपुरकै शहरी क्षेत्र भनेर चिनिने गैँडाकोटका मतदाता मतदाता शिक्षा नपुगेको यस्तो स्थिति थियो भने ग्रामीण पहाडी क्षेत्रमा यो समस्या अझै बढी भएको अनुमान गर्न गाह्रो थिएन । किन मत हाल्ने, मत हालेर के हुन्छ र कसरी मतदान गरे बदर हुँदैन भन्ने ज्ञानको अभावमा केही मतदाता मतदानस्थलसम्म जान पनि अनिच्छुक देखिए । एकथरी मतदाताहरूले मत हालेर हामीलाई केही हुँदैन, नेतालाई मात्रै फाइदा हो भन्ने बुझाइ राखेको पाइयो । गैँडाकोट नगरपालिका १८ का आइतबहादुर सुनारी मगरले पनि भोट कसरी हाल्ने भनी राम्रोसँग थाहा नभएको बताए । उनले थपे, “नेता आएर हामीलाई

भोट हाल, बिजुली ल्याइदिन्छौं, बाटो बनाइदिन्छौं भनेका छन् । तर भोट हाल्ने तरिका भने कसैले सिकाएका छैनन् । ”

यस्तै अवस्था नवलपुर जिल्लाका अन्य पालिकाहरूमा पनि पाइयो । २०७४ सालको निर्वाचनमा भन्दा यो निर्वाचनमा निर्वाचन आयोगसँग मतदाता शिक्षाका लागि कम रकम भएकाले उक्त अभियान सङ्कुचित बन्न पुग्यो । भौगोलिक परिप्रेक्ष्यमा हेर्दा सहरी क्षेत्र वा मतदाता धेरै भएका स्थानमा मात्र मतदाता शिक्षा केन्द्रित भएकाले धेरै मतदाताहरूलाई मतदाता शिक्षामा पहुँचविहीन बनाइदियो । नवलपुर जिल्लामा हेर्दा पहाडी इलाकामा पर्ने दुई गाउँपालिका बौदीकाली र बुलिङटार गाउँपालिकामा सामाजिक सञ्जालद्वारा प्रदान गरिने मतदाता शिक्षा साथै स्वास्थ्य स्वयम सेविकाद्वारा वितरित प्रकाशन गरिएका सामग्री सम्बन्धी पहुँच तल महेन्द्र राजमार्ग नजिकमा पालिका भन्दा अत्यन्तै न्यून देखिन्छ । निर्वाचन आयोगले मतदाता शिक्षा सम्बन्धी अधिकार स्थानीय तहलाई दिएपनि मतदाता शिक्षा र जनचेतना सम्बन्धी कार्यमा निर्वाचन आयोग, जिल्ला निर्वाचन कार्यालय र स्थानीय तहसङ्गको समन्वयमा कमी देखिन्छ । स्थानीय राजनीतिक दलका प्रतिनिधिले पनि आफ्नै राजनीतिक दल र उम्मेदवार उन्मुख मतदाता शिक्षा गरेकाले फरक विचार राख्ने नागरिकलाई अन्य राजनीतिक दल र उम्मेदवारलाई कसरी भोट दिने भन्ने अन्योल देखिएको थियो । निर्वाचन आयोगले जिम्मेवारी दिएका निकायबाट हुने मतदाता शिक्षा कार्यक्रममा राजनीतिक दलको पनि चासो र सहयोग हुनुपर्नेमा त्यसो हुन सकेको छैन । दलहरू आफैले पनि प्रभावकारी ढङ्गले मतदाता शिक्षा सञ्चालन गर्न सक्थे । तर मत माग्नेतिर मात्रै धेरै ध्यान दिँदा बदर मत घटाउनेतर्फ पर्याप्त ध्यान जान सकेको छैन । निर्वाचन आयोगका तर्फबाट निकै कम सङ्ख्यामा नमुना मतदान सञ्चालन गरेको पाइयो । तिनमा पनि भूईँतहका मानिसलाई सहभागी नगराई सरकारी ओहोदामा बसेका कर्मचारी र अन्य टाठाबाठा व्यक्ति राखेर सामान्य जनउपस्थितिमा आफै आफै नमुना मतदानमा सहभागी भएको उदाहरण नवलपुर र पाल्पा जिल्लामा देखियो ।

राष्ट्रिय जनगणना २०२१ अनुसार नेपालको कुल साक्षरता प्रतिशत ७६.२ प्रतिशत रहेको छ । यस तथ्याङ्कले नेपालमा अझैपनि २५ प्रतिशत हाराहारी जनसङ्ख्या निरक्षर रहेको देखाउँदछ जसकारणले कतिपय मतदाताहरू निर्वाचन आयोगले उपलब्ध गराएको मतदाता शिक्षा सामग्री पढ्न वा बुझ्न अक्षम छन् । २०७९ को निर्वाचनमा दलहरूले गरेको गठबन्धनका कारण पनि मतदातालाई मतपत्रले अल्मल्याएको थियो र बदर मत बढेको थियो । अर्कातिर, निर्वाचन प्रक्रियामा मतदाताको विश्वासको अभाव छ । विगतका जनप्रतिनिधिले अपेक्षा गरेबमोजिम काम नगरेकाले हाल सम्पन्न निर्वाचनमा मतदाताको उल्लेखनीय सहभागिता नभएको मतदान प्रतिशतले स्पष्ट पारेको छ । निर्वाचनमा भाग लिए तापनि राजनीतिक

दल र तिनका उम्मेदवारप्रतिको वितृष्णाले धेरै मतदाताले मतपत्र नियतवश बदर गराएको अवस्था देखिएको थियो । नवलपुरमा झरेका कुल बदर मत हेर्दा धेरै मतपत्र नियतवश बदर गरी आफ्नो नैराश्य प्रस्तुत गरेको देखिन्छ । नेपाली मतपत्रमा माथिका कसैलाई मेरो भोट दिन्नँ भन्ने प्रावधान छैन । त्यसैले पनि मतदाताले जानीजानी मत बदर गराएको सन्दर्भ देखियो । विगतका निर्वाचनमा धाँधली र अनियमितता भएकाले निर्वाचन प्रक्रियाप्रति केही मतदातामा विश्वासको कमी देखिन्छ । २०७९ सालको निर्वाचनमा स्याङ्जा जिल्लामा प्रतिनिधि सभा क्षेत्र नं. २ मा धाँधली र बुथ कब्जा भयो । उक्त क्षेत्रमा देशवाहिर रहेका, मृत्यु भइसकेकाको मतदान गर्ने र दुई तिन पटक सम्म मतदान गर्ने घटना भयो । यस्ता घटनाले केही मतदातालाई उदासीन र निराश बनाएको छ ।

## ङ. सम्पूर्ण निर्वाचन र मतदानका दिनको पर्यवलोकन

मतदानमा धेरैभन्दा धेरै नागरिकको सहभागिता बढाउन सकेमा र उनीहरूले सही एवं योग्य उम्मेदवार छान्न सकेमा मात्रै लोकतान्त्रिक शासन व्यवस्थाले प्रभावकारी नतिजा दिन्छ । तर यस प्रक्रियामा धेरै बदर मत र मतदातामा मतदानप्रति छाएको उदासीनताले चुनौती थपिदिएको छ । यसका लागि आयोग, राजनीतिक दल र अन्य सरोकारवाला निकायहरूले मत किन हाल्ने भन्ने विषयसमेत समेटिएको वृहत् मतदाता शिक्षा सञ्चालन गर्न जरुरी छ । मतदाता शिक्षालाई अझै प्रभावकारी र समय सान्दर्भिक बनाउन निर्वाचन आयोगले विशेष पहल गर्नुपर्ने देखिन्छ । जस्तै पहिलाका निर्वाचनमा प्रिन्ट मिडिया तथा पत्रपत्रिकाको प्रयोग बढी हुन्थ्यो तर समय सँगै रेडियो, टेलिभिजन र इन्टरनेटका माध्यबाट निर्वाचन सम्बन्धी सामग्रीहरू प्रसारण हुन थाले । समयक्रमसँगै बदलिंदो डिजिटल मिडिया प्रयोगले सामाजिक सञ्जाल प्रयोगकर्ताको सङ्ख्या दिन प्रतिदिन बढेको देखिन्छ र यस पक्षलाई निर्वाचन आयोग र सम्बन्धित निकायहरूले ध्यान दिएर मतदाता शिक्षाका सामग्री सामाजिक सञ्जाल मैत्री बनाउन यथेष्ठ पहल गरेको देखिन्छ तर पहुँचको पाटोमा भने स्पष्ट सुधार गर्नुपर्ने देखिन्छ । पहुँचको पाटो हेरिरहँदा आमजनताले बुझ्ने, सजिलो गरी हेर्न मिल्ने र कुनै बाधा व्यवधान नभइकन साम्रगी उनिहरूसँग पुग्ने कुरालाई बुझ्न सकिन्छ । जस्तैः ग्रामीण तथा विकट क्षेत्रहरू, इन्टरनेट पहुँच नभएका क्षेत्रहरू र आर्थिक अभावका कारण प्रविधिसँग पहुँच नभएका जनमानिसमा वैकल्पिक उपायहरू खोज्न जरुरी देखिन्छ । यस्तो अवस्थामा सामान्य रूपमा मोवाइलमा पठाउने सन्देश, कलर ट्यून र निर्वाचन सम्बन्धी सामग्रीहरू उपलब्ध रहेको वोइवसाइट खोल्न निःशुल्क इन्टरनेट सेवा प्रदान गर्न सकिन्छ । मतदानमा युवाको उत्साह कम देखिएकाले निर्वाचनप्रति उनीहरूको चासो बढाउन सामाजिक सञ्जालको अझ धेरै उपयोग गर्ने, उनीहरूले मान्ने आदर्श व्यक्तिबाट मतदाता शिक्षा प्रचारप्रसार

गर्ने जस्ता नवीनतम् उपाय सोच्न आवश्यक छ । जस्तै : निर्वाचन आयोगले हालसम्पन्न निर्वाचनमा युवाहरूलाई मतदानमा सहभागी हुने सन्देश नेपाली क्रिकेटका पूर्व कप्तान पारस खड्का तथा नेपाली सिने जगतका ख्याती प्राप्त नायक राजेश हमालद्वारा गरेको थियो । यस्तै उपायहरू विभिन्न समुदायहरूमा समुदाय अनुरूपका भाषामा उनीहरूका आदर्श व्यक्तिद्वारा मतदाता शिक्षा सम्बन्धी प्रचार-प्रसार गनुपर्ने समय सार्न्दभिक आवश्यकता रहेको छ ।

मतदाता शिक्षामा केही कमजोरी भए पनि कतिपय मतदाताका लागि ती मतदानका लागि ज्ञानका स्रोत बने । युवा मतदाता केहीले आफैले सक्रिय भएर मतदान गर्ने तरिका इन्टरनेटमा खोजेर जानेको बताए । कावासोतीका चन्द्रा महतोले फेसबुकमा आएको भिडियो हेरेर मतदान गर्ने तरिकाबारे जानकारी पाएको बताइन् । कावासोतीकै मिनाकुमारी अधिकारीले समान प्रतिनिधित्व र अधिकारबारे सचेतना आवश्यक भएकाले आफूले जानेका कुरा अरूलाई आफ्नो फेसबुकबाट पनि सिकाइरहेको बताइन् ।

मताधिकार प्रयोग गर्न जादाँ मतदान केन्द्रमा के लैजाने र के नलैजाने भन्ने नजानेर पनि मतदाता अलमल्ल परेका थिए । विनयी त्रिवेणीकी ७३ वर्षीया अम्बिकादेवी खराल नागरिकता र मतदाता परिचयपत्रबिना नै मत हाल्न गएकी थिइन् । विदेशमा बस्ने नवलपुरका रमाकान्त कँडेलले यसअघि २०७४ निर्वाचनमा मत हालेको भए पनि अहिले निर्वाचन आयोगको प्राविधिक गडबडीका कारण नामावलीमा नाम नभएकाले आफ्नो मताधिकार प्रयोग गर्न पाएनन् । मतदाता नामावलीमा अहिले भएको क्रमसङ्ख्या र आयोगले पहिला वितरण गरेको परिचयपत्रमा उल्लेख भएको क्रमसङ्ख्या नमिल्दा केही अस्पष्टता भएको थियो ।

साँघुरा मतदान स्थलमा नजिकै चारथरी मतदानका बुथ राखिएकाले मतदाताको गोपनियता भंग हुने खतरा बढाएको थियो । धेरैजसो मतदान स्थलमा शौचालय, पिउने पानी, स्तनपान कक्ष जस्ता आधारभूत सुविधा थिएनन् । ह्वीलचियर लैजान नमिल्ने संरचनाले अपांङ्गता भएका व्यक्तिलाई मतदान गर्न सकस भएको थियो । त्यसकारण अहिले भइरहेका मतदान केन्द्रहरूलाई पुनरवलोकन गर्न आवश्यक छ । निर्वाचन व्यवस्थापनको काम स्थानीय सरकारलाई प्रत्यायोजन गर्दा खर्च कम हुने, स्थानीय तहलाई अपनत्व महसुस हुने र प्रभावकारी पनि हुने भएकाले यसतर्फ निर्वाचन आयोगले ध्यान दिन जरुरी छ । साथै, सर्वोच्च अदालतले वर्षौं अगाडि गरेको आदेशअनुसार कानुन बनाई मतपत्रमा उम्मेदवार अस्वीकार गर्न पाउने व्यवस्था र विदेशमा भएका नेपालीलाई मतदानको व्यवस्था गर्नुपर्ने हो । तर यी काम २०७९ को निर्वाचनमा पनि हुन सकेनन् ।

निर्वाचन आयोगले मतदान प्रक्रियालाई समयानुकूल प्रविधिमैत्री बनाउनुपर्ने पनि देखिन्छ । इलेक्ट्रोनिक भोटिङ मेशिनको उपयोग गर्न सके अहिलेको झन्झटिलो, पट्यार लाग्दो र विवादयुक्त मतगणना प्रक्रियाबाट मुक्त हुन सकिन्थ्यो । दृष्टिविहीन व्यक्तिहरूलाई समेत मतदान गर्न सहज हुने भएकाले यस्तो मेशिनको उपयोग छिटोभन्दा छिटो गर्न आवश्यक छ।

निर्वाचन आचारसंहिता बनाए पनि त्यसको पूर्ण पालना हुन सकेको भने देखिँदैन । पालना नगर्नेलाई कारवाही नगरिनाले पनि यसको पालना राम्ररी हुन नसकेको हो । निर्वाचन आयोगले उम्मेदवारलाई खर्च गर्ने सीमा तोकिदिएको छ र उनीहरूले आयोगलाई निर्वाचन खर्च विवरण उपलब्ध गराउनुपर्छ। तर भरिएको विवरण र वास्तविक खर्च आकाश जमिनको भिन्नता भएको जनगुनासो व्यापक छ र यसलाई आयोगले सम्बोधन गर्नुपर्ने देखिन्छ । आचारसंहिता पूर्णरूपमा पालना भएको नभएको भनी मूल्याङ्कन समितिले अपेक्षाअनुरूपको सक्रियता देखिएको छैन। उदाहरणको लागि विशेषगरी अशिक्षित तथा ग्रामीण समुदायहरूमा राजनीतिक दल र तिनका उम्मेदवारहरूले भोज भतेर तथा आर्थिक लेनदेन गरिरहेको प्रशस्तै देख्न सकिन्छ। यी सम्पूर्ण घटनाक्रमका विरुद्ध कसैले उजुरी गरेपछि मात्र निर्वाचन आयोग तथा सम्वन्धित निकायले कारवाही गर्दछ । तर स्वैच्छिक र स्वचालित रूपमा निर्वाचन आयोग मातहतका संस्थाहरूले मतदानको दिनभन्दा अगाडि पनि क्षेत्राधिकार तोकेर अनुगमन गर्न आवश्यक देखिन्छ । उक्त अनुगमन निर्वाचन आयोग मातहतका संस्थाहरूको मानव संसाधनले पुग्ने देखिँदैन र सो कार्य गर्नका निम्ति स्थानीय स्तरमा रहेका स्वायत्त संस्थाहरू उपयोग गरी अनुगमन गर्न सकेमा निर्वाचनमा हुने आचारसहिता उल्लङ्घनका घटनाहरूमा कमी गर्न सकिन्छ। साथै उक्त तरिका अपनाउँदा आम जनसमुदायमा निर्वाचनप्रति विश्वास र अनुगमनपश्चात्को मूल्याङ्कनमा अपनत्व रहन्छ।

स्थानीय तहको चुनावमा यस पटकको मतपत्रको आकार निकै ठुलो भएको र धेरै ठाउँमा छाप लगाउनु पर्ने हुनाले, मसी सुकाउन र मतपत्र पट्याउन निकै झन्झटिलो भएको मतदाताको गुनासो आइरहँदा त्यसको व्यवस्थापनको पाटोलाई अबका चुनावमा निर्वाचन आयोगले ख्याल गर्नुपर्ने छ । यसका लागि मतपत्ररहित विद्युतीय भोटिङ मेसिन आवश्यक देखिन्छ। निर्वाचनलाई निष्पक्ष र स्वतन्त्र बनाउन निर्वाचन आयोग, राजनीतिक दल, सरकार र अन्य सरोकारवाला पक्ष सबैको भूमिका हुन्छ। यी सबै पक्षले विगतका कमीकमजोरी राम्ररी केलाउने र भएका त्रुटि सुधार गर्न सके जनमतको सही कदर हुनसक्छ।

# सङ्घीय निर्वाचन २०७९ मा दलीय उम्मेदवार छनोट प्रक्रिया

**सयपत्री समाज**

## १. परिचय

लोकतन्त्रमा राजनीतिक दल बिना राजनीतिक व्यवस्थाको कल्पना गर्न सकिदैन । राजनीतिक दललाई क्रियाशील र जीवन्त बनाउने कार्य नियमित र आवधिक निर्वाचनले गर्दछ । नेपालको संविधान २०७२ जारी भएपछि दोस्रो पटक दुई चरणका सङ्घीय तथा स्थानीय निर्वाचन सम्पन्न भइसकेका छन । यी निर्वाचनले विद्यमान राजनीतिक व्यवस्थालाई बलियो बनाउने कार्य गरी आएको छ । नेपालको संविधानले नेपाललाई सङ्घीय व्यवस्थाको रूपमा परिकल्पना गरेको छ (संविधानको प्रस्तावना, धारा ४) । संविधानको धारा ५६ ले नेपालको मूल संरचना सङ्घ प्रदेश र स्थानीय तह गरी तीन तहको हुनेछ भन्ने व्यवस्था गरेको छ । हरेक ५/५ वर्षमा हुने आवधिक निर्वाचनले सङ्घमा २६५ सदस्यीय सङ्घीय व्यवस्थापिका, प्रत्यक्ष सिट सङ्ख्याको दोव्वर अर्थात् प्रतिनिधि सभामा ६० प्रतिशत समानुपातिक तर्फ ४० प्रतिशतको अनुपातमा प्रदेशमा सदस्य रहने व्यवस्था गरेको छ भने, ७५३ स्थानीय तहका लागि जनप्रतिनिधिको व्यवस्था गरी आएको छ । (नेपालको संविधान, २०७४) सङ्घीय निर्वाचन २०७९ मा प्रमुख राजनीतिक दल जस्तैः नेपाली काङ्ग्रेस, ने.क.पा. एमाले, ने.क.पा.माओवादी, जनता समाजवादी पार्टी, रा.प्र.पा.तथा नयाँ दल राष्ट्रिय स्वतन्त्र पार्टीले आ-आफ्नो दलीय विधान, केन्द्रीय निर्देशन, अन्तरपार्टी निर्देशन (अ.पा.नि.) का आधारमा उम्मेदवारहरू छनोट गरेका थिए । स-साना दलहरू जस्तैः जनमोर्चा नेपाल, विवेकशील साझा, रा.प्र.पा. नेपाल समेतले आ-आफ्ना उम्मेदवारहरू चुनावी मैदानमा प्रतिस्पर्धा गराएका थिए ।

एन्सन डी. मोर्सका अनुसार, राजनीतिक पार्टी साझा सिद्धान्तहरूद्वारा एकजुट भएको एक

---

*(Sarah F. Anzia; Olivia M. Meeks, May2016. )

*Morse, Anson D. (1896). "What is a Party?". Political Science Quarterly. 11 (1): 68–81. doi:10.2307/2139602.ISSN 0032-3195.JSTOR 2139602.

*Aldrich, John (1995). "1". Why Parties?: The Origin and Transformation of Political Parties in America. University of Chicago Press

*Sarah F. Anzia; Olivia M. Meeks (May 2016). "Political Parties and Policy Demanders in Local Elections" (PDF). University of *Maryland-Hewlett Foundation Conference on Parties, Polarization and Policy Demanders. Archived (PDF) from the original on 8 October 2020. Retrieved 14 February 2021.

दिगो सङ्गठन हो जसले विशेष समूह वा समूहहरूको हित र आदर्शहरूको प्राप्तिको लागि प्रतिनिधित्व गर्ने गर्दछ । (Morse, Anson D, 1896), राजनीतिक दलहरू राजनीतिक कार्यालयहरूका लागि प्रतिस्पर्धा गर्ने सामूहिक संस्थाहरू हुन् । जोन (१९९५), वृहत् परिभाषामा, राजनीतिक दलहरू उम्मेदवारहरूको समूहको निर्वाचनलाई समर्थन गर्ने सम्पूर्ण उपकरण हुन् जसमा मतदाताहरू र कुनै विशेष राजनीतिक दलसँग पहिचान गर्ने स्वयंसेवकहरू, त्यस पार्टीका उम्मेदवारहरूको निर्वाचनलाई समर्थन गर्ने आधिकारिक पार्टी सङ्गठनहरू र सरकार जो पार्टीसँग आवद्ध छन् र विधायकहरू समावेश हुन्छन् ।

राजनीतिक दल निस्वार्थ व्यक्तिहरूको समूह हो । प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४ अनुसार “दल” भन्नाले निर्वाचनको प्रयोजनको लागि आयोगमा दर्ता भएको राजनीतिक दल सम्झनु पर्छ र सो शब्दले एकल चुनाव चिह्न लिई संयुक्त रूपमा निर्वाचनमा सहभागी हुने दलहरूको समूहलाई समेत जनाउँछ । (प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४) तसर्थ राजनैतिक दल राजनीतिक सत्ताका लागि आवश्यक पर्ने अवयव हुन् ।

## २. उद्देश्य

प्रतिनीधि सभा सदस्य निर्वाचन २०७९ मा नेपालका प्रमुख राजनीतिक दलहरूले प्रत्यक्ष तथा समानुपातिक प्रणाली तर्फ उम्मेदवार छनोट गर्दा गरेका अभ्यास र प्रक्रियाहरू के कस्तो रहेको थियो भन्ने सन्दर्भमा २०७९ वैशाखदेखि २०७९ मङ्सिर ४ को सङ्घीय निर्वाचनको अवधिसम्म दुवै तहका निर्वाचनको अध्ययन अवलोकन, पर्यवेक्षण, प्रचार-प्रसार, मतदाता शिक्षा सञ्चालनका क्रममा देखे भोगेका तथ्य, सूचना समेतका आधारमा उम्मेदवार छनोटको प्रक्रियामा मूल धारका दलहरू जस्तैः नेपाली काङ्ग्रेस, ने.क.पा.एमाले र ने.क.पा. माओवादी अवलम्बन गरेका अभ्यास आमपाठकलाई प्रस्तुत गर्नु यस आलेखको उद्देश्य रहेको छ ।

## ३. अध्ययन विधि

प्रस्तुत आलेख निर्वाचन अवलोकन, पर्यवेक्षण तथा स्वच्छ, निस्पक्ष निर्वाचन कार्यका लागि असंलग्न नागरिक पर्यवेक्षण कार्यक्रमका सन्दर्भमा लेखकले २०७९ वैशाखदेखि मङ्सिरसम्म सञ्चालन गरेका समूहगत छलफल अन्तर्क्रिया लक्षित समूह छलफलमा गत सङ्घीय प्रदेश एवं स्थानीय दुवै चरणका निर्वाचनका क्रममा देखे भोगेका सवालहरू, सहभागीले व्यक्त गरेका विचारहरू, राजनीतिक दलहरूले उम्मेदवार छनोट गर्दा अवलम्बन गरेका अभ्यासहरूलाई अवलोकन गरी प्राप्त हुन आएका तथ्यहरूका आधारमा प्रस्तुत आलेख तयार गरिएको छ । मूलतः यो लेख सङ्घीय निर्वाचन २०७९ मा सङ्घ (प्रतिनिधि सभा) को निर्वाचनका क्रममा

दलहरूले के कस्ता अभ्यास र पद्धतिका आधारमा उम्मेदवारहरू छनोट गरी उनीहरूलाई संसदीय प्रतिस्पर्धात्मक प्रणालीमा समावेश गराइयो भन्ने कुरामा मात्र केन्द्रित छ ।

### ४. अध्ययनको सीमा

यो अध्ययन मूलतः सङ्घीय निर्वाचन २०७९ मा राजनीतिक दलहरूले चुनावी प्रतिस्पर्धाको सिलसिलामा उम्मेदवार छनोट गर्दा अवलम्बन गरेका प्रक्रियाहरूमा मात्र केन्द्रित छ । यस अध्ययनले प्रमुख राजनैतिक दलबाहेक स-सना अन्य दलहरूका बारेमा अध्ययनलाई केन्द्रित गरेको छैन । त्यसैगरी उम्मेदवार छनोट प्रक्रियाहरूबाहेक अन्य सवालहरूलाई प्रस्तुत अध्ययनले दायराभित्र राखेको छैन ।

### ५. सैद्धान्तिक पक्ष

## उम्मेदवार छनोट सम्बन्धी संवैधानिक तथा कानूनी व्यवस्था

नेपालको संविधान २०७२ को भाग २९ ले राजनैतिक दल सम्बन्धी व्यवस्था गरेको छ । संविधानको धारा २६९ देखि २७२ सम्मका संवैधानिक प्रावधानहरूलाई अनुसरण गर्ने गरी राजनीतिक दलहरू सञ्चालित छन् । त्यसैगरी अन्य निर्वाचन ऐनहरू सङ्घीय संसदले जारी गरेको छ । कुनै पनि पार्टीको उम्मेदवार बन्नको लागि ऐनले तोके बमोजिमको योग्यता पूरा गरेको हुनु पर्दछ । जस्तैः नेपालको नागरिक, मतदाता नामावलीमा नाम समावेश भएको, पच्चीस वर्ष उमेर पूरा भएको, कुनै सङ्घीय कानूनले अयोग्य नभएको, र कुनै लाभको पदमा बहाल नरहेको । यसमा प्रयोजनको लागि “लाभको पद” भन्नाले निर्वाचन वा मनोनयनद्वारा पूर्ति गरिने राजनीतिक पदबाहेक कुनै सरकारी कोषबाट पारिश्रमिक वा आर्थिक सुविधा पाउने अन्य पद सम्झनु पर्छ भन्ने व्यवस्था गरेको छ । (निर्वाचन ऐन २०८४) सोही ऐनको व्यवस्थालाई अनुसरण गर्दै आफ्नो दलीय कार्यविधिका आधारमा निर्वाचनमा प्रतिस्पर्धी दलले उम्मेदवार खडा गरेका थिए ।

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ अनुसार संवैधानिक व्यवस्थालाई दलहरूले अनुसरण गरेका थिए । संविधानले लैङ्गिक विभेदको अन्त्य गर्ने सङ्कल्प र प्रतिबद्धता सहित महिलाहरूलाई राज्यका सबै निकायमा समानुपातिक समावेशी सिद्धान्तको आधारमा सहभागी हुने अधिकारलाई मौलिक हकको रूपमा स्थापित गरेको छ । आर्थिक, सामाजिक, राजनीतिक र प्रशासनिक रूपले पछाडि परिएका विभिन्न लक्षित वर्गहरू दलित, आदिवासी जनजाति, मधेशी, थारू, मुस्लिम समुदाय, अल्पसङ्ख्यक, अपाङ्गता भएका व्यक्ति, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक, पिछडिएको क्षेत्रका नागरिक, आर्थिक रूपले विपन्न खस आर्य आदिलाई

राज्यका निकायमा सहभागी हुन पाउने हकलाई निर्वाचनको माध्यमबाट कार्यान्वयनमा लैजान दलहरूले प्रयास गरेको देखिन्छ। शासन प्रणालीलाई लैङ्गिक समानता तथा समावेशी सिद्धान्तको आधारमा प्रतिनिधिमूलक बनाउन मुलुकको बहुलतायुक्त सामाजिक स्वरूपलाई अवसरको रूपमा ग्रहण गरी निर्वाचनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रूपमा अङ्गीकार गर्नु पर्ने आवश्यकता टड्कारो बन्दै गएको छ ।

## ६. प्रमुख राजनैतिक दलहरूले उम्मेदवार छनोट गर्दा अवलम्बन गरेका प्रयासहरू

### क. नेपाली काङ्ग्रेस

नेपाली काङ्ग्रेसले प्रत्येक जिल्लाका निर्वाचन क्षेत्रका अनुपातका आधारमा हरेक निर्वाचन क्षेत्रबाट ३/३ जना उम्मेदवारहरूको सूची केन्द्रमा पठाउन पार्टी केन्द्रीय कार्यालयबाट मातहतका जिल्ला कार्यसमितिलाई परिपत्र जारी गरेको थियो । उक्त परिपत्र जिल्ला पार्टी कार्यालयमा प्राप्त हुन आएपछि दलभित्रका आकाङ्क्षी उम्मेदवारहरूको आन्तरिक प्रतिस्पर्धा सुरु भएको पाइयो। विशेषगरी पार्टीका जिल्ला कार्यसमितिका सदस्यहरू, भातृसङ्गठन जस्तै तरुण दल, ने.वि.सङ्घ, महिला सङ्घ, भू.पू. सैनिक सङ्घ, जनजाति सङ्घ, महासमिति सदस्य, नगर र जिल्ला कार्यसमितिका सदस्यहरू सङ्घीय निर्वाचनका लागि उम्मेदवार बन्न इच्छुक रहेको पाइयो। सङ्घ तथा प्रदेश एवं समानुपातिक सूचीमा नाम समावेश गर्न चाहनेहरू पनि भातृ सङ्गठनमा क्रियाशील सदस्य, महासमिति सदस्य तथा जिल्ला कार्यसमिति सदस्यहरू नै आ-आफ्नो प्रतिनिधित्व हुने क्षेत्रमा आन्तरिक प्रतिस्पर्धामा सहभागी भएका थिए। (नेपाली काङ्ग्रेस कास्की जिल्ला कार्यसमितिका सदस्य कृष्णप्रसाद तिमिल्सिनासँग मिति २०८० । २० । २२ गते लिइएको अन्तरवार्ता) प्रत्येक निर्वाचन क्षेत्रमा आन्तरिक प्रतिस्पर्धामा सहभागी भएका थिए । प्रत्येक निर्वाचन क्षेत्रका लागि तोकिएका पार्टी क्षेत्रीय सभापतिहरूले आफ्ना दलका सङ्घ तथा प्रदेश निर्वाचनका उम्मेदवारहरूको सूची प्रमाणित गरी जिल्ला कार्य समितिलाई पठाई सोही सूची पार्टी केन्द्रीय कार्यालय पठाएको पाइयो ।

### उम्मेदवार छनोट गर्दा दलहरूले गरेका आन्तरिक अभ्यास

निर्वाचन क्षेत्रका लागि सङ्घ र प्रदेशका लागि उम्मेदवार टिकट प्राप्त गर्न सहकर्मी प्रतिस्पर्धी उम्मेदवारहरू बीच आन्तरिक, अदृश्य लेनदेन गरी उम्मेदवारी फिर्ता लिने, एकले दोस्रो उम्मेदवारका विरुद्ध पार्टीको आन्तरिक उम्मेदवारी दाखिला गर्ने, केन्द्रीय शक्तिशाली नेताहरूलाई प्रयोग र परिचालन गरी सर्वसम्मत वा एकल सिफारिस गराउने गरेको जानकारी कृष्णप्रसाद तिमिल्सिनाले दिए । उक्त उम्मेदवारी फिर्ता गराउन जिल्ला कार्य समितिका सदस्यहरू नै

सक्रिय रहेका थिए । तर बाहिरी आवरणमा पार्टीको निर्णयका आधारमा उम्मेदवारी छनोट गरिएको भन्ने गरियो ।

राजनीतिक दलहरूले केन्द्रबाट जे जस्तो परिपत्र निर्देशन जारी गरे पनि अन्तत आफ्नो नातेदार, इष्टमित्र तथा निकटहरूलाई नै चुनावमा उम्मेदवार बनाउँदछन् । कुन उम्मेदवार कहाँबाट सञ्चालित र परिचालित छ थाहा जानकारी हुँदैन । *(नेपाली काङ्ग्रेस कास्की जिल्ला कार्य समितिका सदस्य कृष्णप्रसाद तिमिल्सिनासँग मिति २०८०।२०।२२ गते लिइएको अन्तरवार्ता)*

## काङ्ग्रेसले लोकप्रिय र सक्रिय छान्ने

नेपाली काङ्ग्रेसका प्रवक्ता प्रकाशशरण महतले आफ्नो दलले लोकप्रियता र सक्रियतालाई उम्मेदवार छनोटको आधार बनाउने बताएका थिए । त्यसैगरी अघिल्लो निर्वाचनबाट स्थानीय तहमा निर्वाचित भएका पदाधिकारीलाई उनीहरूको काम र कार्यकालको मूल्याङ्कन गरेर मात्रै दोहोऱ्याउने बताए भने उनका अनुसार “उम्मेदवार हुने मान्छे स्थानीय तहमा लोकप्रिय र सक्रिय हुनुपऱ्यो, अघिल्लो पटक निर्वाचित भएकाहरूलाई उनीहरूको कामको मूल्याङ्कन गरेर मात्रै दोहोऱ्याउने निर्णय हुन्छ, (BBC News नेपाली, १६ अप्रिल २०२२) । साथै पार्टी विधानले तय गरेका मापदण्डका आधारमा काङ्ग्रेसले उम्मेदवार छनोट गर्ने महतले जानकारी दिएका थिए । नेपाली काङ्ग्रेसको विधानले स्थानीय तह निर्वाचनमा पार्टीले छनोट गर्ने उम्मेदवारको मापदण्डबारे उल्लेख गरेको छ । काङ्ग्रेस विधानमा उल्लेखित छ वटा मापदण्डमा उम्मेदवार हुने व्यक्ति क्रियाशील सदस्य भएको हुनुपर्ने उल्लेख छ । तर अन्य दलबाट काङ्ग्रेसमा प्रवेश गरेको व्यक्तिका हकमा पार्टीले यो

बन्देजमा छुट दिन सक्ने उल्लेख रहेको छ । काङ्ग्रेसले पार्टीका अभियान, आन्दोलन र यसअघिका उम्मेदवारको प्रचार-प्रसारमा सक्रिय तथा विकास निर्माण, रचनात्मक र सामाजिक काममा सक्रिय रहेको उच्च नैतिक चरित्र भएको व्यक्ति स्थानीय तहमा उम्मेदवार बन्न सक्ने पार्टी विधानमा उल्लेख गरेको थियो । काङ्ग्रेस विधानले पार्टीबाट विद्रोही उम्मेदवार बनेका तथा पार्टी अनुशासनको कारबाहीबाट निष्काशित भएका व्यक्तिलाई उम्मेदवार नबनाउने विधानमै व्यवस्था गरेको छ । साथै काङ्ग्रेस विधानले नैतिक पतन देखिने फौजदारी अभियोगमा दोषी ठहर भएको र पार्टीबाट निलम्बनमा रहेको व्यक्ति पनि उम्मेदवार हुन रोक लगाएको थियो । *(BBC News नेपाली, १६ अप्रिल २०२२)*

---

*(१६ एप्रिल २०२२) स्थानीय तह निर्वाचनः कुन दलले कसरी टिकट दिन्छ ? उम्मेदवार छनोटका आधार के छन्? https://www.bbc.com/nepali/news-61097918

## ख. नेकपा एमाले

संसदीय राजनीतिक प्रणालीको अनुयायी दोस्रो ठुलो दल नेकपा एमालेले केन्द्रीय समितिको निर्णयका आधारमा उम्मेदवार छनोट गर्ने आधार र मापदण्ड तयार गरी पार्टीमा प्रदेश तथा जिल्ला कार्यालयहरूलाई परिपत्र जारी गरेको देखिन्छ । उक्त परिपत्र बमोजिम जिल्ला पार्टी कार्यालयहरूले नाम सिफारिस केन्द्रमा पठाउने गरेका थिए । एकल र सर्वसम्वत सिफारिस भएका उम्मेदवारहरूको नाम पार्टी कमिटीबाट अनुमोदन गर्ने गरिएको थियो । स्थानीय तह अन्तर्गत गा.पा. अध्यक्ष, उपाध्यक्ष तथा न.पा. मेयर, उपमेयर, वडा अध्यक्ष र सदस्यहरूको हकमा प्रदेश कमिटीले नाम सिफारिस गर्ने अधिकार केन्द्रबाट प्रदेश कमिटीलाई दिइएको थियो । २०७९ को प्रतिनिधिसभाको निर्वाचनमा प्रत्येक निर्वाचनक्षेत्रबाट महिलासहित बढीमा तीनजना सिफारिस गर्ने भन्ने परिपत्र नेपाली काङ्ग्रेस र एमालेले पठाएका थिए । नेकपा माओवादी केन्द्रले सकेसम्म सर्वसम्मत गरी एकजनाको मात्रै नाम सिफारिस गर्न, नभए वर्णानुक्रममा बढीमा तीनजनाको नाम सिफारिस गर्न लगाएको थियो । त्यसैगरी उपमहानगर, महानगर, प्रदेश तथा सङ्घको हकमा केन्द्रीय तहमा उम्मेदवार घोषणा गर्ने अधिकार केन्द्रमा निहित रहेको थियो । केन्द्रले स्थानीय, प्रदेश र सङ्घमा उम्मेदवार छनोट गर्दा सङ्गठनप्रति प्रतिबद्ध, लोकप्रिय, क्रियाशील सदस्य, चुनाव जित्नसक्ने लगायत आधारहरू तय गरेको थियो ।

तर व्यवहारमा केन्द्रबाट पार्टी अध्यक्षले हस्ताक्षरीत पत्र आएको र सो पत्रका आधारमा उम्मेदवार दर्ता भएएको नेकपा एमाले निर्वाचन सहजीकरण समितिका सदस्य यामबहादुर खत्रीले जानकारी दिए । *(नेकपा एमाले, कास्की जिल्ला कानुन समितिको संयोजक यामबहादुर खत्रीसँग मिति २०८० । ४ । ५ मा लिएको अन्तरवार्ता)*

एमालेले समानुपातिकतर्फको उम्मेदवार छनोट प्रक्रिया केन्द्रीय सचिवालय बैठकले समानुपातिकतर्फको उम्मेदवार छनोट प्रक्रियामा केन्द्रित रहेर छलफल भै समानुपातिकतर्फ प्रतिनिधिसभा र प्रदेश सभाका लागि तय गरेको थियो । सङ्ख्या, समावेशी उम्मेदवारका लागि लैङ्गिक र जातीय समूहबाट प्रतिनिधित्व, कानुनी प्रबन्ध, छनोट विधि र प्रक्रियाका विषयमा केन्द्रित रही निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशको बेग्लाबेग्लै तीन प्रकारको सिफारिस आधार मानेर उनीहरूले 'क्लस्टरवाइज' सम्भावित उम्मेदवारको प्रारम्भिक 'सर्टिङ' गर्दै सातवटा प्रदेशमा सिफारिस गर्नुपर्ने व्यवस्था छ । त्यसैगरी समूहगत समावेशिताका साथै अपाङ्गता भएका समूहको अनिवार्य प्रतिनिधित्व, कतिपय प्रदेशमा अल्पसङ्ख्यकको प्रतिनिधित्वलगायत प्रदेशसभामा सातवटै प्रदेशका लागि तोकिएका उम्मेदवारको बन्दसूचीमा महिला उम्मेदवार

हुनुपर्ने कानुनी प्रबन्ध बारे जानकारी गराउँदै सबै प्रदेशमा अनिवार्य अपाङ्गता भएका व्यक्तिका तर्फबाट उम्मेदवारहरू पेस गर्नुपर्ने हुन्छ भने कतिपय प्रदेशमा निर्वाचन आयोगले निर्धारण गरेको सङ्ख्या र समूहभित्र अल्पसङ्ख्यक समुदायबाट पनि उम्मेदवार बनाउनुपर्ने व्यवस्था गरेको थियो ।

तर व्यवहारमा पार्टीको आन्तरिक छलफलमा जे जस्ता विषयवस्तुहरू उठान भएपनि प्रतिनिधिको समावेशी सूचीलाई अवलम्बन गर्दै उम्मेदवारहरू खडा गरेको र परिपत्रको पूर्ण कार्यान्वयन नभएको खत्री बताउँछन् ।

## एमालेमा लोकप्रियको खोजी

अघिल्लो निर्वाचनमा सबैभन्दा धेरै स्थानमा विजय हासिल गरेको नेकपा एमालेले आगामी निर्वाचनमा उम्मेदवार हुन चाहने नेता जनताको बीचमा लोकप्रिय हुनुपर्ने मापदण्ड तय गरेको थियो । एमाले उपाध्यक्ष अष्टलक्ष्मी शाक्यले बिबिसी समाचार नेपालीसँग कुरा गर्दै “एमालेले असल राजनीतिक पृष्ठभूमि भएको, योग्य, सक्षम, क्षमतावान्सहित भिजन र इमानदारिता भएको व्यक्तिलाई प्राथमिकता दिने मापदण्ड तय गरेको छ भनेकी थिइन् । साथै एमालेले स्थानीय तह र जिल्ला तहबाट उम्मेदवार सिफारिस गर्दा हरेक पदमा एक महिलासहित सिफारिस गर्न सर्कुलर जारी गरेको शाक्यले जानकारी दिएकी थिइन् । यसैगरी स्थानीय निर्वाचनमा यसअघि निर्वाचित जनप्रतिनिधि दोहोरिन चाहेमा उनीहरूको काम र पारदर्शीताको मूल्याङ्कन गरिने एमालेले जनाएको थियो । नेकपा एमालेको पछिल्लो पटक संशोधित विधानअनुसार पार्टी अनुशासनको कारबाहीमा परेको व्यक्ति कारबाही फुकुवा भएको छ महिनासम्म कुनै पनि निकायमा पार्टीबाट उम्मेदवार हुन नपाउने नियम रहेको पनि शाक्यले बताएकी थिइन् । एमालेले आफ्नो दलको उम्मेदवारलाई असहयोग गर्ने, नैतिक पतन देखिने फौजदारी कसुर वा भ्रष्टाचारमा संलग्न तथा छुवाछुत, जातीय भेदभाव वा लैङ्गिक हिंसाजन्य क्रियाकलापमा संलग्न तथा सार्वजनिक नैतिकता तथा सदाचारको उल्लङ्घन गरेको व्यक्तिलाई अनुशासनको कारबाही गर्ने उल्लेख गरिन् ।

## ग. ने.क.पा. माओवादी

संसदको तेस्रो ठूलो दल ने.क.पा. माओवादीले समेत निर्वाचन हुन चाहने उम्मेदवारहरूको नाम सङ्कलन केन्द्रमा सिफारिस गर्ने अख्तियारी जिल्ला कमिटीलाई दिएको थियो । नाम सिफारिस गरेका उम्मेदवारहरूमध्ये शहीद, बेपत्ता, अपाङ्ग, घाइते परिवारका सदस्यहरूलाई प्राथमिकता दिइएको भनिए पनि बास्तविक भने अर्कै भएको पाइन्छ । ने.का.पा. माओवादीले

उक्त उम्मेदवारहरू छनोट गर्दा दलीय राजनीतिमा क्रियाशील सदस्यहरूलाई उम्मेदवार बनाएको पाइन्छ । पार्टीको केन्द्रीय कमिटीमा सिफारिस गरिएका नामहरू मध्येबाट सङ्घ र प्रदेशमा उम्मेदवार छनोट गरेको देखिन्थ्यो ।

## अनुशासित खोज्दै माओवादी

माओवादी नेता देव गुरुङका अनुसार नेकपा माओवादी केन्द्रको उम्मेदवार बन्न पार्टीको विचारलाई प्रवाह गर्न सक्ने, अनुशासित र आर्थिक आचरणमा दाग नलागेको स्वच्छ छविको व्यक्ति हुनुपर्ने मापदण्ड तय गरिएको बताएका थिए । गुरुङका अनुसार "पहिलो कुरा अनुशासित र आर्थिक आचरणमा दाग नलागेको स्वच्छ छविको व्यक्ति हुनुपर्यो र स्थानीय पार्टी कमिटीहरूबाट पनि सिफारिस भएर आउनुपर्यो, "त्यसपछि पार्टीले बिचार गर्ने बताएका थिए । उनका अनुसार "हाम्रो पार्टीले समानुपातिक र समावेशितालाई पनि उम्मेदवार छनोटको मापदण्डमा समेटेको छ" र पार्टीमा लामो समयदेखि सक्रिय र आवश्यक पर्दा त्याग गरेका नेताहरूलाई स्थानीय निर्वाचनमा प्राथमिकता दिइने गुरुङ बताउँछन् । *(बिबिसी समाचार नेपाली १६ अप्रिल २०२२)*

## घ. मूलधारका ३ दल बीचका समानताहरू

नेपाली काङ्ग्रेसको हकमा केन्द्रमा २७ सदस्यीय संसदीय समितिले सङ्घ प्रदेश र स्थानीय तहका महानगरपालिकाका मा उम्मेदवारको छनोट गरेको थियो । भने ने.क.पा. एमालेले र माओवादीले समेत तल्ला कमिटीहरूबाट सिफारिस भई आएका उम्मेदवारहरूलाई केन्द्रीय समितिले सिफारिस गरेको थियो । दुवै छलफलहरूमा गा.पा. अध्यक्ष, उपाध्यक्ष, वडा अध्यक्ष तथा सदस्यहरूका लागि उमेदवगारको छनोट गर्ने अन्तिम अख्तियारी प्रदेश कमिटी तथा क्षेत्रीय समितिलाई बढी अधिकार दिएको देखिन्छ भने ने.क.पा.एमाले प्रदेश कमिटीलाई । ने.क.पा.माओवादी शहीद, बेपत्ता, अपाङ्ग, घाइते परिवारका सदस्यहरूलाई प्राथमिकता दिने भनिए तापनि अन्तमा उक्त परिवारका सदस्यहरूलाई उम्मेदवार बनाएन् । यसको उदाहरण कास्की क्षेत्र नं. ३ मा शहीद परिवारका सदस्य अनिता भुर्तेलले वागी उम्मेदवार दायर गरेकी थिइन् ।

(पार्टी राजनीतिमा वेपत्ता शहीद परिवार अपाङ्ग भन्ने हुँदो रहेनछ । आफ्ना आफन्त नातेदारहरूलाई मात्र टिकट वितरण गर्ने, राजनीतिक सत्ताको लाभ नातेदारले पाउने, तल्लो वर्ग समुदायलाई पार्टीले प्रयोग गर्ने अभ्यास मात्र हुँदो रहेछ । शहीद राजविक्रम भुर्तेलको छोरी कास्की क्षेत्र नं ३ को प्रत्यक्षतर्फको उम्मेदवार अनिता भुर्तेलकी बहिनी जोशिला

भुर्तेलसँग लेखकले मिति २०७९ मङ्सिर गरेको वार्तालाप)

## ङ. साना दलहरूको उम्मेदवार छनोट गर्ने प्रक्रिया

जनमोर्चा, रा.प्र.पा., विवेकशील साझा पार्टीहरूले आ-आफ्ना दलका इच्छुक नेताहरूलाई बिना दलीय प्रतिस्पर्धा उम्मेदवार बनाएका थिए । नयाँ खुलेको राष्ट्रिय स्वतन्त्र पार्टीले उम्मेदवार बन्न चाहने सङ्गठन क्षमता भएका व्यक्तिहरूलाई आन्तरिक चुनाव गरी उम्मेदवारको रूपमा छनोट गरेको थियो । विशेष गरी साना दलले चुनाव जित्ने क्षमता भएको उम्मेदवार भन्दा पनि मत काट्ने उम्मेदवार खोजी गरेका थिए ।

## अ. दलहरूमा देखिएका उम्मेदवार छनोट शैली

गत सङ्घीय निर्वाचन २०७९ तथा स्थानीय निर्वाचनमा समेत दलहरूले आ-आफ्ना दलभित्रको लोकप्रिय उम्मेदवार छनोट गर्न Primary Election को प्रक्रिया अवलम्बन गरेको पाइएन । मूलतः नेपाली काङ्ग्रेस, नेकपा एमाले, माओवादी केन्द्रका उम्मेदवारहरूमा जिल्ला तहबाट सिफारिस भै गएपश्चात् उम्मेदवारहरूले केन्द्रीय नेताहरूलाई प्रलोभनमा पारी कतिपय टिकट (उम्मेदवारी) हात पार्ने र सोही क्रममा आर्थिक चलखेल भए गरेको पाइयो । नेपाली काङ्ग्रेस जिल्ला कमिटी सदस्य कृष्णप्रसाद तिमिल्सिनाका अनुसार नेताको घरदैलोमा धाएर टिकट लिई आउनेहरू प्रशस्त भएको बताए ।

आकाङ्क्षी व्यवस्थापन र योग्य उम्मेदवार छनोटका लागि मापदण्ड तय गरेरै उम्मेदवार छनोट प्रक्रिया सुरु गरिएको नेपालका प्रमुख दलका नेताहरूको दाबी थियो । सबै दलहरूले तय गरेका मापदण्डमा निर्वाचनमा विजय हासिल गर्ने सम्भावना भएको व्यक्तिलाई केन्द्रमा राख्ने रणनिति बनाएका देखिन्थे भने केही दलहरूले उम्मेदवारको नैतिक तथा चारित्रिक पृष्ठभूमि पनि असल हुनुपर्ने पक्षलाई जोड दिएका भएपनि व्यवहारमा त्यो भएन । तीन प्रमुख राजनीतिक दलहरूले चुनावमा विजयी हुनसक्ने व्यक्तिलाई नै उम्मेदवार बनाए ।

निर्वाचनमा उम्मेदवार बन्नका कस्तो मापदण्ड तय गरिएको छ भनेर बीबीसी न्यूज नेपालीले नेपालका प्रमुख राजनीतिक दलका नेताहरूलाई सोध्ने क्रममा नेपालका प्रमुख दलका नेताहरूको उत्तर यस्तो थियो ।

दलहरूले जनसाङ्ख्यिक प्रभाव र जातीयतालाई समेत आधार मानेर उम्मेदवारी खडा गरेका छन् । जस्तै कास्की क्षेत्र नं.१ मा मनबहादुर गुरुङले उम्मेदवार प्राप्त गर्ने र कास्की ३ मा

गणेश गुरुङले टिकट हात पार्नुका पछाडि गुरुङ जातीय जनसांङ्खिक प्रभाव मान्न सकिन्छ ।

पार्टीको निर्णय र प्रक्रिया एकातिर छनोटको शैली अर्कोतिर हुने गरी दलहरूले निर्णय गरेका छन । केन्द्रमा सिफारिस गरेको १ नं. को नामको व्यक्तिलाई उम्मेदवारी नबनाई फरक व्यक्ति समेत उम्मेदवारसमेत बनेको दृष्टान्त छ ।

### आ. एकीकृत समाजवादीको रोजाइमा समुदायमा प्रभाव भएको

नेकपा एमाले विभाजनबाट बनेको एकीकृत समाजवादी पहिलो पटक स्थानीय निर्वाचनमा सहभागी हुने तयारीमा रहँदा पार्टी उपाध्यक्ष जयन्ती राईका अनुसार एकीकृत समाजवादीले स्थानीय तहमा उम्मेदवार छनोटका लागि एक दर्जन मापदण्डका सर्तहरू तय गरेको बताएकी थिइन । राईका अनुसार "इमानदार नैतिक आचरण भएको हुनुपर्‍यो, राजनीतिक बफादारिता र अनुभवसँगै समुदायमा प्रभाव भएको व्यक्तिलाई उम्मेदवार बनाउने हाम्रो पार्टीको निर्णय छ, " । निर्वाचनमा जित हासिल गर्न सक्ने सम्भावना पनि मूल्याङ्कन गरिने एकीकृत समाजवादीले जनाएको थियो ।

### इ. जसपालाई चाहियो सामाजिक काममा समर्पित

जनता समाजवादी पार्टीले पार्टीको सिद्धान्त र नीतिलाई आत्मसात् गर्ने, पार्टीमा सङ्गठित र सक्रिय तथा सामाजिक काममा समर्पित भएको हुनुपर्ने मापदण्ड बनाएको थियो । यो दलले स्वच्छ सामाजिक छवि भएको तथा निर्वाचनमा जीत हासिल गर्न सक्ने हुनुपर्ने सर्त राखेको थियो भने सात बुँदे मापदण्डमा गाउँ, नगर र वडाको वस्तुस्थिति बुझेको र सुशासन प्रत्याभूति गर्न सक्ने सर्त समेत उल्लेख रहेको थियो । *(बिबिसी समाचार नेपाली १६ अप्रिल २०२२)*

## ७. निष्कर्ष

प्रतिस्पर्धी राजनीतिक दलहरूले उम्मेदवार छनोट गर्दा विभिन्न आधार र प्रक्रियाहरू अवलम्बन गरेता पनि तीनवटा राजनीतिक दलहरूको अभ्यास मूलतः जसरी पनि जित्न सक्ने उम्मेदवारलाई चुनावमा उम्मेदवार बनाएको देखियो । यसरी जित्ने आधारहरू मूलतः आर्थिक व्यवस्थापन गर्न सक्ने, मास परिचालन गर्न सक्ने, समुदायमा पहुँच र प्रभाव भएको व्यक्तिलाई छनोट गरेको पाइयो । दलहरूले जनसाङ्ख्यिक प्रभाव र जातीयतालाई समेत आधार मानेर उम्मेदवारी खडा गरेका छन । त्यसैगरी गैह्र भूगोलको व्यक्तिलाई उम्मेदवार बनाउने कार्यबाट मूल धारका दलहरू पछाडि हटेका छन् । दलहरूले आफ्नो रणनीति प्रारम्भिक तहमा

उजागर नगर्ने तर प्रतिस्पर्धी दलको उम्मेदवार हेरेर आ-आफ्नो उम्मेदवार छनोट गर्ने दलीय आन्तरिक अभ्यासहरू देखिए । राजनीतिक मूल्य मान्यतामा नैतिकताको सवाल उम्मेदवारको योग्यता तथा सार्वजनिक रूपमा प्रश्न उठाइएको र परीक्षण (Public Vetting) मा परेका उम्मेदवारहरूलाई दलहरूले उम्मेदवार बनाएन । यस अर्थमा उम्मेदवारहरूको नैतिकताको प्रश्नलाई समेत दलहरूले विस्तारै संशोधन गर्ने प्रयास गरेका छन् ।

यस निर्वाचनमा संवैधानिक व्यवस्था अनुसार कुनै पनि दलले स्पष्ट बहुमत प्राप्त गर्न सक्ने अवस्था नदेखिएकाले तथा संसदमा अङ्कगणितको विशेष महत्त्व र अर्थ हुने हुँदा चुनावमा प्रतिस्पर्धी दलहरूले जसरी पनि जित्ने जे गरेर भएपनि जित्न सक्ने उम्मेदवारहरू खोजी गरेका थिए । यसले गर्दा अघिल्लो २०७४ सालको निर्वाचनको तुलनामा यो निर्वाचनमा राजनैतिक मूल्य र मान्यताको क्षयीकरण भएको पाइन्छ । दलीय लोकप्रियता हेर्नुपर्नेमा उम्मेदवारको लोकप्रियतालाई स्थान दिन पार्टीहरू तत्पर देखिए । फलस्वरूप दलहरूले पार्टीलाई बलियो बनाउन प्रयास नगर्ने हो भने जित्ने उम्मेदवार बलियो हुने पार्टी कमजोर हुने अवस्था देखिन्छ ।

# निर्वाचनमा समावेशिताको मुद्दा

**पाल्पा विकास केन्द्र**

## १. परिचय

नेपाल विविधतायुक्त मुलुक हो । यहाँ अनेकौँ जातजाति, धर्म, भाषा र संस्कृति छन् । तर नेपाली समाजका साथसाथै राज्य संयन्त्रमा पनि जातीय, लैङ्गिक, धार्मिक, भौगोलिक आदि आधारमा विभेद रहँदै आएको छ । एकात्मक शासन प्रणालीमा समाजको त्यो विविधता नझल्किएको भनेर नै सङ्घीय शासन प्रणाली अङ्गीकार गरिएको हो । तसर्थ शासन प्रणालीलाई समावेशी बनाउने काममा निर्वाचनको भूमिका झन् महत्त्वपूर्ण हुनु स्वाभाविकै हो । शासन प्रणालीलाई लैंङ्गिक समानता तथा समावेशी सिद्धान्तको आधारमा प्रतिनिधिमूलक बनाउन मुलुकको बहुलतायुक्त सामाजिक स्वरूपलाई अवसरको रूपमा ग्रहण गरी निर्वाचनमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणलाई प्रमुख माध्यमको रूपमा अङ्गीकार गर्नु पर्ने आवश्यकता टड्कारो बन्दै गएको छ ।

सङ्घीयता लागू भएपछि नेपालमा स्थानीय तहको दोस्रो कार्यकालको निर्वाचन २०७९ वैशाख ३० मा भयो । त्यसैगरी प्रदेशसभा र प्रतिनिधिसभाका लागि दोस्रो कार्यकालको निर्वाचन २०७९ मङ्सिर ४ मा सम्पन्न भयो । लोकतान्त्रिक प्रणालीका लागि निर्वाचन अपरिहार्य आवश्यकता हो । यसले नै व्यवस्थापिका र कार्यपालिकाको नवनिर्माण गर्छ । त्यसमाथि सङ्घीय शासन प्रणालीलाई संस्थागत गरी यसको जग बलियो बनाउनमा यी निर्वाचनको गहन भूमिका छ । लैङ्गिक समानता र सामाजिक समावेशितामा आधारित स्वच्छ, स्वतन्त्र, निष्पक्ष, विश्वसनीय र मितव्ययी निर्वाचनले शासन व्यवस्थालाई जनमुखी र उत्तरदायी बनाउन सदैव सहयोग पुऱ्याउँछ । यस आलेखमा पाल्पा जिल्लामा रही यी दुई निर्वाचनलाई नजिकबाट अवलोकन गर्दा देखिएका तथ्य र प्रवृत्तिलाई केलाउने प्रयास गरिएको छ । निर्वाचन प्रक्रिया आफै पनि कति समावेशी र प्रतिनिधिमूलक थियो र यसका मत परिणामले समावेशिता एवं सहभागितालाई कुन स्तरसम्म पुऱ्यायो भन्ने कोणबाट पनि यहाँ लेखाजोखा गरिएको छ ।

## २. प्रतिनिधित्वको अवस्था

स्थानीय तह निर्वाचन २०७९ का लागि २ नगरपालिका र ८ गाउँपालिकाको प्रमुख/अध्यक्ष पदमा ४८ जनाको उम्मेदवारी परेको थियो। त्यसमध्ये महिला ६ जना थिए। यी उम्मेदवारमध्ये ब्राह्मण र क्षत्री २१ जना र आदिवासी जनजाति २७ जना थिए । पाल्पाका ८१ वडाध्यक्षका

लागि २ सय २७ जनाको उम्मेदवारी परेको थियो । यिनमा महिला २ जना र दलित ६ जना मात्र थिए ।

निर्वाचन सम्बन्धी विद्यमान संवैधानिक एवम् कानूनी व्यवस्थाअनुसार राजनीतिक दलहरूले स्थानीय तहको निर्वाचनमा अध्यक्ष र उपाध्यक्ष, प्रमुख र उपप्रमुख तथा जिल्ला समन्वय समितिको प्रमुख र उपप्रमुखमा पचास प्रतिशत महिला उम्मेदवार रहने गरी मनोनयन पत्र पेश गर्ने व्यवस्था मिलाउनु पर्ने उल्लेख छ । तर स्थानीय तह निर्वाचन २०७९ मा दलबीचको गठबन्धनले महिलाको उम्मेदवारी र प्रतिनिधित्व दुवै कमजोर बनेको छ । पाँच दलीय गठबन्धनले गर्दा तिनाउ र रैनादेवीछहरा गाउँपालिकामा अध्यक्ष र उपाध्यक्ष दुबै पदमा पुरुष निर्वाचित भए । गठबन्धनले निस्दी र रम्भा गाउँपालिकाका अध्यक्ष र उपाध्यक्ष दुवै पदमा पुरुष उठाए पनि त्यहाँ एमाले महिला उम्मेदवारले चुनाव जिते । बेगनासकाली गाउँपालिकामा अध्यक्ष पदमा गठबन्धन र एमाले दुवै तर्फले महिला उम्मेदवार उठाएका थिए । एमालेकी उम्मेदवार सरस्वती दर्लामी चिदी अध्यक्षमा निर्वाचित भइन् । पाल्पामा ३ जना ब्राह्मण क्षत्री र ७ जना आदिवासी जनजाति समुदायका उम्मेदवार पालिका प्रमुख बनेका छन् । पाल्पाका ८१ वटा वडामध्ये तिनाउ गाउँपालिका वडा नं. ५ मा महिला र पुरुष बीच भएको प्रतिस्पर्धामा एमालेकी इन्द्र कुमारी गाहा चिदी वडाध्यक्ष बनिन् । दलित समुदायबाट रामपुर नगरपालिका वडा नं. २ मा कृष्णबहादुर दर्जी वडाध्यक्ष बनेका छन् ।

प्रतिनिधि सभा सदस्यका लागि क्षेत्र नं. १ मा ६ वटा राजनीतिक दल र ४ जना स्वतन्त्र उम्मेदवारले उम्मेदवारी दिएका थिए । ती सबै उम्मेदवार पुरुष थिए । यी उम्मेदवारमध्ये ५ जना मगर र १ ब्राह्मण थिए । स्वतन्त्र उम्मेदवार बनेका ३ जनामा १ जना दलित र २ जना ब्राह्मण थिए ।

क्षेत्र नं. २ मा १० जनाले राजनीतिक दलका तर्फबाट र ३ जना स्वतन्त्रले उम्मेदवारी दिएका थिए । तीमध्ये जनता समाजवादी पार्टीलेमात्र महिला उम्मेदवार उठाएको थियो । राजनीतिक दलका उम्मेदवारमध्ये ४ जना ब्राह्मण, ४ जना मगर, १ जना नेवार र १ जना क्षत्री उम्मेदवार थिए । स्वतन्त्र उम्मेदवारमध्ये १ जनजाति र २ जना ब्राह्मण थिए । दलित समुदायको जनसङ्ख्या राष्ट्रिय जनगणना २०७८ अनुसार २९, ९०६ अर्थात् १२.२ प्रतिशत भएपनि प्रतिनिधि सभाको निर्वाचनमा दलित समुदायका व्यक्तिलाई उम्मेदवार बन्ने अवसर दलहरूले दिएनन् ।

पाल्पामा २७ वर्षदेखि ६७ वर्षसम्मका व्यक्तिहरू उम्मेदवार बने । प्रदेश सभा सदस्यका लागि ४ स्थानमा भएको निर्वाचनमा २२ जनाले उम्मेदवारी दिएका थिए । तिनमा महिला एक जना

पनि थिएनन् । ती २२ जना उम्मेदवारमध्ये १३ जना मगर, ७ जना ब्राह्मण, १ जना नेवार र १ जना दलित थिए । दलित समुदायको जनसङ्ख्या उल्लेख्य हुँदाहुँदै १ जनाले मात्र दलबाट उम्मेदवारको टिकट पाए ।

राष्ट्रिय जनगणना २०७८ अनुसार पाल्पामा बाहुन ३८, ३५० अर्थात् १५.६ प्रतिशत, क्षत्री १८, ८६५ अर्थात् ७.७ प्रतिशत र मगर समुदाय १, २९, ९४० अर्थात् ५३ प्रतिशत र नेवार समुदाय ८५८२ अर्थात् ३.५ प्रतिशत र दलित २९, ९०६ अर्थात् १२.२ प्रतिशत रहेका छन् ।

मगर बाहुल्य ५३ प्रतिशत भएको जिल्लामा मगर समुदायका पुरुष उम्मेदवार धेरै भए पनि महिला उम्मेदवार १ जना मात्र थिइन् । निर्वाचित हुनेमा महिला र दलित समुदायका कोही परेनन् किनभने मुख्य प्रतिस्पर्धी मानिएका दलले महिला र दलितलाई उठाएकै थिएनन् । प्रतिनिधि सभा सदस्यमा विजयी दुवै जना ब्राह्मण समुदायका हुन् भने प्रदेशसभाका चारै जना आदिवासी जनजाति समुदायका हुन् । उनीहरूमध्ये ३ जना मगर समुदाय र १ जना नेवार समुदायका रहेका छन् । पाल्पाबाट समानुपातिक निर्वाचन प्रणालीमार्फत दलित समुदायकी इन्द्रा गहतराज एमालेबाट लुम्बिनी प्रदेशसभा सदस्य बनेकी छन् ।

मगर समुदाय अर्थात् जनजातिको बाहुल्य रहेकाले स्थानीय तह, प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा मुख्य दलहरूले ती समुदायका व्यक्तिलाई प्राथमिकतापूर्वक उम्मेदवार बनाए र तीमध्ये केहीले विजय प्राप्त गरे । त्यसैले तिनको उल्लेख्य सहभागिता हुन पुग्यो । प्रतिनिधिसभाका दुवै सिटसहित गाउँपालिका र नगरपालिकाका प्रमुख र उपप्रमुखको पदमा खसआर्य समुदायको प्रतिनिधित्व पनि बलियो गरी नै हुन सकेको छ । अन्य जातजाति र अल्पसङ्ख्यक समुदायको प्रतिनिधित्व भने कमजोर नै रह्यो ।

### ३. निर्वाचन मतदान स्थल

स्थानीय तह निर्वाचन २०७९ मा २ सय ४७ मतदान केन्द्रमा खटिएकामध्ये २८ जना मतदान अधिकृत महिला रहेका थिए । प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा खटिएका २ सय ४६ मतदान अधिकृतमध्ये ३१ जना महिला रहेका थिए । जिल्ला कारगार र नेपाली सेनाको ब्यारेकमा रहेका दुईवटा अस्थायी मतदात केन्द्रमा मतदान अधिकृत पुरुष थिए ।

पाल्पा पहाडी जिल्ला हो । स्थानीय तह, प्रतिनिधि सभा र प्रदेश सभाको पुनर्संरचना भए पनि मतदान केन्द्र पायक पर्ने स्थानमा स्थानान्तरण र केन्द्र थप हुन सकेको छैन । मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ अनुसार मतदान स्थल निर्धारण गर्दा

सामान्यतया शहरी क्षेत्रमा एकतर्फी दुई कि.मी. भन्दा टाढा र ग्रामीण क्षेत्रमा एकतर्फी चार कि.मी. भन्दा टाढा नपर्ने गरी निर्धारण गर्ने भन्ने उल्लेख छ तर निस्दी गाउँपालिकाका ६ वटा वडा, माथागढी गाउँपालिकाका ५ वटा वडा, रम्भा गाउँपालिका, पूर्वखोला गाउँपालिका र तानसेन नगरपालिकाका २/२ वटा वडा, रिब्दीकोट गाउँपालिका र रैनादेवी गाउँपालिका १/१ वडाहरूमा एउटा मात्र मतदान स्थल रहेका छन । दूरीका हिसाबले मात्रै मतदान स्थल निर्धारण गर्दा भौगोलिक रूपले विकट स्थानका मतदाताहरू मतदान स्थल पुग्न करिब ८ घण्टा पैदल हिँड्नुपर्छ । वडाभरि एउटा मतदान केन्द्र भएका निस्दी गाउँपालिकाको वडा नं. ५ गल्धाको नामसुर्गा, पटकसार, गेझा सहित अन्य ५ वटा वडाका केन्द्रदेखि टाढाका मतदाता, माथागढी गाउँपालिकाको वडा नं. ३ कसेनीको ओलेस, सिकारकोटसहित रहवास र बहादुरपुरका मतदातालाई मतदान गर्न ८ घण्टासम्म पैदल हिँड्नु पर्दछ । मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७ का आधारमा मतदान स्थलको समीक्षा गर्न प्रमुख जिल्ला अधिकारी संयोजकत्वमा छलफल भएपनि मतदान केन्द्र स्थानान्तरण र थप गरिएको छैन ।

निर्वाचन आयोगको निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७ को रणनीतिमा आयोग र अन्तर्गत कार्यालयका भवन तथा निर्वाचनमा प्रयोग हुने पूर्वाधार संरचना र सूचना सामग्रीलाई लैङ्गिक, समावेशी तथा अपाङ्गता मैत्री बनाउँदै लगिने उल्लेख छ । तर पाल्पाका १ सय १८ मध्ये ४० मतदान स्थल अपाङ्गमैत्री अर्थात् ह्वीलचेयरमा जान नसकिने केन्द्र रहेको जिल्ला निर्वाचन कार्यालयले जनाएको छ । अधिकांश मतदान केन्द्र विद्यालयमा रहेका थिए । केही क्याम्पस र वडा कार्यालयमा रहेका थिए । मतदान केन्द्रहरूमा मतदाताका लागि खानेपानी व्यवस्था गरिएको थिएन, विद्यालयमा भएकाले त्यहीँकै शौचालय प्रयोग गरिएको थियो । स्तनपान कक्षको व्यवस्था थिएन ।

मतदानको दिन पुरुष र महिलाका लागि छुट्टाछुट्टै लाइनको व्यवस्था गरिएको थियो । ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र किरियापुत्रीलाई पालो नकुरी मतदान गर्न दिने व्यवस्था गरिएको थियो । पुरुषका तुलनामा महिला मतदाता धेरै भएकाले उनीहरूको लाइनमा बढी भिडभाड देखिन्थ्यो । दुवै निर्वाचनमा कर्मचारी र सुरक्षाकर्मी महिला मात्रै खटाएर एक नमूना मतदात केन्द्र बनाइएको थियो । स्थानीय तहमा मोहनकन्या माध्यमिक विद्यालय र प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा नेपाल रेडक्रस सोसाइटीका मतदान स्थलका २ वटा मतदान केन्द्रलाई नमूना मतदान केन्द्र भनिएको हो ।

## ४. मतदाता शिक्षा र मताधिकार

मतदाता शिक्षा कार्यक्रमलाई महिला, भाषिक समुदाय र ग्रामीण क्षेत्रलाई लक्षित गरेर प्रभावकारी रूपमा सञ्चालन गरिएको थिएन। मगर समुदायको बाहुल्य रहेकोले मगर भाषाका जिङ्लहरू रेडियोबाट बजाएपनि पर्चा, पोष्टर, ब्रोसर, स्थानीय हाटबजारमा प्रचारप्रसार र सचेतना कार्यक्रम जस्ता निर्वाचन आयोगले मतदाता शिक्षा सामग्रीमा उल्लेख गरेका अन्य विधिको प्रयोग हुन सकेन । मतदाता शिक्षा कार्यक्रम निर्देशिकामा मतदाता शिक्षाको पहुँच कम भएका लक्षित मतदाताहरूको पहिचान गरी यस्ता क्षेत्रहरूमा विशेष मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्नुपर्ने उल्लेख भएपनि त्यस्तो हुन सकेन । रेडियो, टेलिभिजन, सामाजिक सञ्जाल, मोवाइल रिङ टोन आदि माध्यमबाट सूचना प्रशारण गरिए पनि र नमूना मतदात गरिएपनि सञ्चार माध्यमसम्म पहुँच नभएका व्यक्तिलाई मतदाता शिक्षा दिन घर घरमा मान्छे पठाउने व्यवस्था हुनै सकेन। स्थानीय तह निर्वाचनमा मतदाता शिक्षा कमजोर भएको गुनासो सबै तिरबाट उठेपछि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्यमा महिला स्वंयंसेविका खटाइएको थियो। अन्तिममा आएर महिला स्वंयसेविका परिचालन गर्ने जिम्मा स्थानीय सरकारलाई दिए पनि प्रभावकारी बनेन । महिला स्वयंसेवीकाहरूले पनि चोक/चौतारीमा भेट भएका व्यक्तिहरूलाई मात्रै सिकाए। जिल्ला निर्वाचन कार्यालय पाल्पाले नमूना मतदानको अभ्यास गराए पनि यस्तो अभ्यास पालिका केन्द्रमै सिमित बन्यो। नमूना मतदानमा पालिका जनप्रतिनिधि र कर्मचारी सहभागी भए अर्थात् महिला, अपाङ्गता भएका व्यक्ति, अल्पसङ्ख्यक समुदाय जस्ता सार्वसाधरणले सिक्ने वा सहभागी हुने अवसर पाएनन्। स्थानीय तह निर्वाचनमा १४ हजार ६ सय ३३ जना र प्रतिनिधि सभा सदस्य र प्रदेश सभा निर्वाचनमा १२ हजार ८ सय ८७ जना महिला मतदाताले मतदान गरे। मतदानमा सहभागी महिलाहरूको सङ्ख्या पुरुषहरूको भन्दा बढी रहेको थियो। मुख्यगरी गृहणी महिला, लेखपढ गर्न नसक्ने, अपाङ्गता भएका व्यक्ति, वृद्धवृद्धा सञ्चार सेवाको पहुँच बाहिर रहेका वर्ग र समुदाय, आश्रमहरूमा रहेका व्यक्ति, कारगारका बन्दी र थुनुवा आदिलाई लक्षित गरेर मतदाता शिक्षा अभियान चल्न सकेन। विशेष प्राथमिकता दिनुपर्ने समुदाय र वर्गसम्म पहुँच पुऱ्याउने गरेर मतदाता शिक्षा दिनुपर्नेमा त्यही समुदाय र वर्ग नै ओझेलमा परेको देखिन्छ। मतदाता शिक्षा कार्यक्रम सञ्चालन गर्ने विषयमा पनि बहस आवश्यक छ। मतदाता शिक्षा दिने दायित्व निर्वाचन आयोग वा राजनीतिक दल कसको बढी हो ?

जिल्ला कारागार पाल्पा र नेपाली सेनाको व्यारेकमा प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचनका लागि मतदान गर्ने व्यवस्था भएपनि थोरै व्यक्तिमात्रै मतदानमा सहभागी हुने मौका पाए । कारागारमा २ महिला र ५९ पुरुषले मतदान गर्न पाए । तर कारागार

मतदान उमेर पुगेका करिब २ सय ३० भन्दा बढी व्यक्ति रहेका थिए । अन्य व्यक्ति नाम फोटोसहितको मतदाता नामावली नभएकाले उनीहरूले मतदान गर्न पाएनन् । पर्यवेक्षणको क्रममा कारागार, व्यारेक र आश्रममा रहेका ज्येष्ठ नागरिकहरूको मतदाता नामावली अद्यावधिक नभएको पाइयो ।

स्थानीय तह निर्वाचन २०७९ मा रामपुर नगरपालिका वडा नं. ८ को गंगा माध्यमिक विद्यालयमा केन्द्रमा १५ जना, वडा नं. ९ मा ३ जना, रिब्दीकोट गाउँपालिकाको खस्यौली मतदान केन्द्रमा ३ जना मतदाताले मतदान गरे पनि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा मतदाता नामावलीमा नाम नभएकाले मतदान गर्न नपाएको पर्यवेक्षणका क्रममा भेटियो । यस्ता उदाहरणले निर्वाचन आयोगले मतदाता नामावली तयारीमा त्रुटि गरेको देखाएका छन् । वडामा मतदाता नामावली सार्वजनिक गर्दा पनि त्रुटि सच्चाउन वडाध्यक्ष र जनप्रतिनिधिहरूले ध्यान नदिएको देखियो । त्यस्तै मृत्युदर्ता र बसाइँसराइँ भएका व्यक्तिहरूको पनि नामावालीमा नाम भेटियो । त्यसैले वडा कार्यालयबाट मृत्युदर्ता वा बसाइँसराइँ हुने वित्तिकै मतदाता नामावलीमा थपिने/हट्ने प्रविधिको विकास गर्नुपर्ने देखियो ।

## ५. निर्वाचन आचारसंहिता

स्थानीय तह निर्वाचन २०७९ मा वैशाख ११ र १२ गते उम्मेदवारको मनोनयन दर्ता गर्न समय तोकएपनि जिल्लाका १० वटै स्थानीय तहमा १२ गते मात्रै मनोनय दर्ताका लागि दलहरू निर्वाचन अधिकृतको कार्यालय पुगे । बिहान १० बजेदेखि बेलुका ५ बजेसम्म तोकिएपनि सबै दल अपराह्न तिर मात्रै मनोनय दर्ताका लागि पुगेकाले निर्वाचन अधिकृतको कार्यालयमा भिडभाड बढ्यो । सबै उम्मेदवार एकै पटक आउँदा कर्मचारीलाई भ्याइनभ्याइ भयो, उम्मेदवारलाई तोकिएअनुसारको कागजात पुऱ्याउन समय दिँदा रातभरि नै कर्मचारीले कम्प्युटरमा इन्ट्री गर्न समय लागेकाले बिहानपख मात्रै मनोनय दर्ता भएको थियो । उम्मेदवारको सूची पनि बिहानपख मात्र प्रकाशन भएको थियो । राजनीतिक दलहरूले समय पालना नगरेकाले मनोनय दर्ता रातभरि चलेको थियो ।

स्थानीय तहको निर्वाचन २०७९ मा भन्दा प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७९ मा निर्वाचन आचारसंहिताको पालना तुलनात्मक रूपमा बढी भएको देखिएको छ । स्थानीय तहको निर्वाचनमा शिक्षकहरू निर्वाचन प्रचारप्रसारमा हिँडेका मौखिक उजुरीहरू निर्वाचन अधिकृतको कार्यालयमा आएपनि प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा यो कम भएको जिल्ला निर्वाचन आचारसंहिता अनुगमन समितिले जनाएको छ ।

स्थानीय तहका कार्यपालिका सदस्यहरूलाई निर्वाचन प्रचारप्रसारमा हिँड्न रोक लगाउने, सामाजिक सञ्जालमा पोष्ट, कमेन्ट र शयेरमा कडाइ र निजामती कर्मचारीमाथि निगरानी बढाउने गरेकाले निर्वाचन आचारसंहिता पालनामा सहयोग पुगेको देखियो । प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचनमा स्थानीय तहका जनप्रतिनिधिहरू आचारसंहिता विपरीत निर्वाचन प्रचारप्रसारमा हिँडेको पाइयो । प्रतिनिधि सभा सदस्य र प्रदेश सभा सदस्य निर्वाचन २०७९ को उम्मेदवारी मनोनयका दिन रिब्दीकोट गाउँपालिका अध्यक्ष र रैनादेवी छहरा गाउँपालिका अध्यक्ष, तिनाउका उपाध्यक्ष सहभागी भएको देखियो । तानसेन नगरपालिका वडा नं. ३ का वडाध्यक्ष पनि चुनावी प्रचार-प्रसारमा हिँडेको देखियो । यी केही उदाहरण हुन् ।

दुवै निर्वाचनमा उम्मेदवार र दलले तोकिएको मापदण्ड भन्दा ठूलो झण्डा, व्यानर प्रयोग गर्ने, सार्वजनिक स्थलमा झण्डा र ब्यानर राख्ने, तोकिए भन्दा बढी सवारी साधन प्रयोग गर्ने गरेको देखिन्छ । सामाजिक सञ्जालको पनि बढी नै दुरुपयोग गरेको देखिन्थ्यो । मतदान केन्द्र बाहिर दलका प्रतिनिधिहरू बसेर मतदान केन्द्र (क) र (ख) भन्ने हेरी दिने बहानामा मतदातालाई प्रभावित पार्न खोजेको पनि भेटियो । वृद्ध, अशक्त मतदाता बोक्ने वा उम्मेदवारका लागि पास लिएको सवारी साधनले अन्य मतदातालाई ओसारपोसार गरेको देखियो ।

स्थानीय तह निर्वाचनमा रामपुर, तानसेन र माथागढी लगायतका पालिकाहरूमा प्रमुख राजनीतिक दलका उम्मेदवारहरूले मोटरसाइकल ¥यालीमा सहभागीहरूलाई इन्धनको कुपन वितरण गर्ने गरेको पनि पाइयो । कतिपय मतदान केन्द्रमा नमुना मतपत्रमा चिह्न लगाएर वितरण गरेको र दलका स्वयंसेवकले मास्क वितरण गरेको भेटियो ।

दुवै निर्वाचनमा राजनीतिक दलले मुख्य निर्वाचन अधिकृत कार्यालय र निर्वाचन अधिकृतको कार्यालयमा मौखिक र लिखित उजुरी गरेको पाइयो । मौखिक उजुरी धेरै भएपनि लिखित उजुरी भने निकै कम भएको निर्वाचन अधिकृतहरूले बताए । उजुरी परेपछि सम्बन्धित पक्षलाई फोनबाट सचेत गराउने र लिखित उजुरीको हकमा उजुरीकर्ता र आचारसंहिता उल्लङ्घन गरेको आरोप लागेको पक्षलाई बोलाएर छलफल गर्ने गरिएको मुख्य निर्वाचन अधिकृत कार्यालयबाट जानकारी प्राप्त भयो । स्थानीय तह निर्वाचनमा शिक्षक, कर्मचारी निर्वाचन प्रसारप्रसारमा बढी हिँडे भन्ने मौखिक उजुरी बढी परेको थियो ।

मतदानको दिन मतदातालाई लक्षित गरेर मतदान स्थल नजिकै खाजा तथा खानाको व्यवस्था प्रमुख राजनीतिक दलका उम्मेदवारले मिलाइएको थियो । निर्वाचनमा खटिने स्वयंसेवकलाई भनिए पनि आफ्ना मतदातालाई धेरैजसो स्थानमा खाजाको व्यवस्था गरिएको पर्यवेक्षणको

क्रममा भेटिएको थियो । यसको व्यवस्थापन स्थानीय पालिका र वडा समितिहरूले गरेका थिए ।

प्रतिनिधिसभा र प्रदेशसभा उम्मेदवारहरूले मनोनय दर्ता गर्न जादा २५ जना भन्दा बढी सहभागी नहुने भन्ने निर्वाचन आयोग निर्णयको ठूला राजनीतिक दलहरूले उल्लङ्घन गरेका थिए । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनमा स्थानीय तहका जनप्रतिनिधिहरू निर्वाचन प्रसारप्रसारमा सहभागी भएको देखियो । निजामती कर्मचारी, शिक्षकहरू प्रचारप्रसारमा हिँड्ने र सामाजिक सञ्जालबाट मत माग्ने, शेयर गर्ने काम स्थानीय तहमा भन्दा प्रतिनिधिसभा र प्रदेशसभामा घटेको देखियो । उम्मेदवारहरूले घोषणापत्र तथा प्रतिबद्धता पत्रमा आफूले गर्न नसक्ने वा आफ्नो क्षेत्र भन्दा बाहिरका विषय राखेर जनतालाई भ्रमक आश्वासन दिएको पाइयो । जस्तै, स्थानीय सरकारले जिल्लाका ठूला सडक, पूर्वाधारका कुरा गरे भने प्रतिनिधि सभा र प्रदेश सभा सदस्यहरूले समुदायस्तरका कुलो, पानी जस्ता विकास निर्माण कुरा गरे । नीति बानउने सांसदका उम्मेदवारहरूले विकासका कुरा बढी गरे । लोकतान्त्रिक-बाम गठबन्धनका यस भन्दा अगाडि पनि सांसद भएका उम्मेदवारहरूले जिल्लाका सबै विकास आफूले गरेको भनी पर्चा वितरण र सामाजिक सञ्जालबाट मतदातालाई भ्रम पार्न खोजेको पनि देखियो । मौन अवधिको ४८ घण्टामा मुख्य निर्वाचन अधिकृत सहित निर्वाचन अधिकृत कार्यालयहरूमा राजनीतिक दलहरूले एक अर्कालाई आचारसंहित विपरीतका क्रियाकलाप गरेको भनी थुप्रै मौखिक उजुरीहरू गरेको कुरा मौन अवधि सुरु भएपछि २०७९ वैशाख २८ र मङ्सिर २ मा निर्वाचन अधिकृतहरूसँग गरिएको कुराकानीमा उनीहरूले बताएका थिए ।

मौन अवधिमा एक दलले अर्को दललाई निर्वाचन प्रचार-प्रसार गरेको, सवारी साधनको दुरुपयोग गरेको, मतदातालाई प्रलोभनमा पार्ने गतिविधि गरेको भनी मौखिक उजुरी गर्ने गरेको गरेको जिल्ला आचारसंहिता अनुगमन समितिका संयोजकको भनाइ छ । तर भौगोलिक कठिनाइ, जनशक्ति अभाव, मतदान केन्द्रको तयारी र मतदान सामग्रीको सुरक्षा आदि कारणले आएका उजुरीको छानविन गरी नियन्त्रण गर्न कठिन हुने गरेको देखिन्छ ।

## ६. निष्कर्ष

नेपालको संविधानले अङ्गीकार गरेको लैङ्गिक तथा समानुपातिक समावेशी सिद्धान्त एवम् निर्वाचन सम्बन्धी कानूनले निर्दिष्ट गरेका लैङ्गिक तथा समावेशी व्यवस्थाले निर्वाचन प्रक्रियालाई लैङ्गिक समानतामूलक तथा समावेशी बनाउन मार्ग प्रशस्त गरेको छ । निर्वाचनमा राजनीतिक दल बीच हुने गठबन्धनले गर्दा महिला र अन्य समुदायको प्रतिनिधित्व कमजोर हुँदै गएको देखिन्छ । महिला सहभागिताका दृष्टिकोणले स्थानीय, प्रदेश र सङ्घीय निर्वाचन सकारात्मक

देखिन्छ तर सहभागिताका नाममा महिला उम्मेदवार उपमेयर र समानुपातिक सिटमा मात्र सिमित भएको र गठबन्धन गर्दा छुट्याइएको कोटा पनि पुरुष उम्मेवारले ओगटेको देखिन्छ। यसले अझै पनि राजनीतिक दलहरूले महिला सहभागितालाई सहर्ष स्वीकारेको देखिँदैन। यी विषयमा पनि निर्वाचन आयोगले वैकल्पिक उपाय खोज्नुपर्ने देखिन्छ।

निर्वाचन तथा मतदाता शिक्षा सम्बन्धी सूचना, प्रशिक्षण सामग्री, पाठ्यक्रम, जानकारीमूलक पर्चा, पोष्टर, पम्प्लेट आदि लैङ्गिक तथा अपाङ्गमैत्री बनाउनु पर्ने देखिन्छ। समुदाय र आवश्यकता केन्द्रित मतदाता सचेतना कार्यक्रम र सामग्री तयार पार्ने र वितरण गर्ने कुरामा ध्यान दिन सकेमा समग्र निर्वाचन प्रक्रियामा महिला, युवा, आदिवासी, जनजाति, दलित, मधेसी समुदायको सहज सहभागिता प्रत्याभूत हुन सक्दछ। निर्वाचनमा सहभागी भएतापनि उचित मतदाता शिक्षा नभएकाले मत बदर सङ्ख्या बढेको अवस्थालाई सूक्ष्म अध्ययन निर्वाचन आयोगले गर्न जरुरी देखिन्छ। लैङ्गिक समानता तथा समावेशिताको मूल प्रवाहीकरण गर्न सहभागिता वृद्धिमा ध्यान दिनुपर्ने देखिन्छ। निर्वाचन प्रक्रियाका नीतिगत व्यवस्था, संस्थागत प्रबन्ध र कार्य संस्कृतिलाई समावेशी बनाउन निरन्तर प्रयास गर्नुपर्दछ।

## ७. सुझावहरू

- मतदाता शिक्षालाई प्रभावकारी बनाउन विशेष समुदाय र वर्गलाई केन्द्रित गरेर कार्यक्रम सञ्चालन गर्नुपर्दछ। मतदाता शिक्षा निर्वाचनको समयमा मात्र होइन, नियमित रूपमा अरू बेला पनि सञ्चालन गर्नुपर्दछ। निर्वाचनमा प्रयोग हुने पूर्वाधार संरचना र सूचना सामग्री लैङ्गिक, समावेशी तथा अपाङ्गमैत्री हुनु पर्दछ।
- स्थानीय तह निर्वाचनमा ६९ प्रतिशत र प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनमा ६०.९४ प्रतिशत मत खसेको थियो। मतदाताहरूमा निर्वाचनप्रति निरासा बढ्दै गएकाले उनीहरूलाई उत्साहित गर्ने कार्यक्रम आवश्यक देखिन्छ। विदेशमा बस्ने नेपाली मतदाताको सङ्ख्या ठूलो छ। तिनलाई त्यहींबाट मतदान गर्ने व्यवस्था मिलाउन आवश्यक छ।

---

मतदान स्थल तथा मतदान केन्द्र निर्धारण कार्यविधि, २०७७, निर्वाचन आयोग, नेपाल

निर्वाचन व्यवस्थापनमा लैङ्गिक तथा समावेशी नीति, २०७७, निर्वाचन आयोग, नेपाल

प्रतिनिधिसभा तथा प्रदेशसभा सदस्य निर्वाचन, २०७९ मतदाता शिक्षा कार्यक्रम निर्देशिका, निर्वाचन आयोग, नेपाल

- निर्वाचनका सबै प्रक्रिया र चरणमा महिला, दलित, अपाङ्गता भएका व्यक्ति लगायत लक्षित वर्गको पहुँच बिस्तारको खाँचो छ । प्रत्यक्ष निर्वाचन प्रणालीमा पनि समावेशी सहभागिता सुनिश्चित गर्न बाध्यकारी हुने गरी नीतिगत सुधार आवश्यक छ । राजनीतिक दलहरूले उम्मेदवार छनोटमा समावेशी सहभागितालाई ध्यान दिनु अझै जरुरी देखिन्छ ।

- स्थानीय तहको प्रमुख र उपप्रमुख वा अध्यक्ष र उपाध्यक्षको पद मध्ये कुनै एक पदमा मात्र उम्मेदवारी दिने राजनीतिक दलले अनिवार्य रूपमा महिला उम्मेदवारी दिनु पर्ने गरी कानुनी व्यवस्थाको लागि पहल गर्नुपर्ने देखिन्छ ।

- कारागार, ज्येष्ठ नागरिक सहितका आश्रम, सेनाका व्यारेक आदि स्थानमा फोटो सहितको मतदाता नामावली सङ्कलनका लागि पनि टोली खटाउनु पर्ने देखिन्छ । साथै मतदाता नामावलीमा भएका त्रुटि हटाउन आयोगले पहल गर्नुपर्ने देखिन्छ । आयोगले मतदाता नामावली अद्यावधिक गर्ने, मतदाता शिक्षा सञ्चालन गर्ने जस्ता काम निर्वाचनको समयमा मात्र नभई नियमित गर्नुपर्दछ ।

- राजनीतिक दल, उम्मेदवार, नागरिक समाज, निर्वाचनमा खटिने कर्मचारी आदिसँग पर्यवेक्षणका क्रममा गरिएका कुराकानीमा मौन अवधि ४८ घण्टाको सट्टामा २४ घण्टा गराउन उपयुक्त हुने सुझाव प्राप्त भएका छन् ।

- भौगोलिक अवस्थाको अध्ययन गरी आवश्यकता अनुसार मतदान केन्द्र थप र स्थान परिर्वतन गर्नुपर्ने देखिन्छ । मतदान केन्द्रसम्म घण्टौ हिँडेर आउन बाध्य मतदाताले केन्द्रको ५ सय मिटर आसपाससम्म जान पाउने तर एक पालिकाबाट अर्को पाालिका प्रवेश नपाउने गरी सवारी साधन सञ्चालन गर्न पाउने व्यवस्था गर्नुपर्छ ।

# मत बदर न्यूनीकरणमा मतदाता शिक्षाको भूमिका

**मधेश मानव अधिकार गृह**

**१. पृष्ठभूमि :** स्थानीय निकाय, प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचन संवैधानिक व्यवस्था बमोजिम प्रत्येक ५ वर्षमा हुने गर्दछ। यस वर्ष २०७९ मङ्सिर ४ गते भएको निर्वाचनमा ७८ वटा राजनीतिक दल दर्ता भएकोमा समानुपातिक निर्वाचन प्रणालीमा सहभागी हुन निवेदन दिने राजनीतिक दलहरू ६८ वटा थिए तर समानुपातिक प्रणालीमा आफ्ना उम्मेदवारको बन्द सूची पेस गर्ने दलहरू भने जम्मा ४८ वटा मात्रै रहेका थिए । प्रतिनिधि सभा तथा प्रदेश सभा सदस्य निर्वाचन २०७९ को लागि महिला ८८ लाख ४७ हजार ५२९ पुरुष ९१ लाख ४० हजार ८०३ र अन्य १८५ गरी कुल १ करोड ७९ लाख ८८ हजार ५७० मतदाता कायम रहेको थिए। अन्तिम मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिहरूमध्येबाट मतदाता नामावली ऐन २०७३ को दफा ३० बमोजिम तयार गारिएको अस्थायी मतदाता नामावलीमा ४ लाख ५० हजार मतदाता रहेको थिए । देशभरिका सम्पूर्ण मतदाताको सहजतालाई मध्यनजर गरी यस निर्वाचनमा १० हजार ८९२ मतदान स्थलका २२ हजार २२७ मतदान केन्द्रबाट मतदान गर्ने व्यवस्था मिलाइएको थियो । त्यसैगरी अस्थायी मतदाताहरूलाई प्रतिनिधि सभाको समनुपातिक निर्वाचन प्रणालीतर्फा मतदान गर्ने व्यवस्था अनुरूप १४१ अस्थायी मतदान स्थलहरूको समेत व्यवस्था गरिएको थियो ।

आयोगले मतदातालाई सचेत गराउने दायित्व राजनीतिक दलहरूको पनि भएको बताउँछ । राजनीतिक दलका नेताहरू मत बदर भएकोमा हामी आफैं चिन्तित छौं भन्ने गर्दछन् तर एउटै पार्टी को चिह्नमा निर्वाचन लड्ने सहमति भने गर्दैनन् चिन्ताको विषय हो ।

**२. मतदाता शिक्षा :** कुनै पनि निर्वाचनका लागि मतदान प्रक्रियाको विशिष्टता र मतदान गर्ने विधि र प्रक्रियाबारे मतदातालाई जानकारी गराउन सूचना सामग्री तथा कार्यक्रम सम्बन्धी जानकारी प्रवाह गर्ने कार्यलाई मतदाता शिक्षा भन्ने गरिन्छ । यसलाई निर्वाचन सम्बन्धी मतदाता सचेतना कार्य पनि भनिन्छ । यसमा मतदातालाई निर्वाचन प्रक्रिया, निर्वाचन प्रणाली, मतदान गर्ने तरिका, उम्मेदवार, राजनीतिक दललगायतका विषयमा जानकारी दिने उद्देश्य हुन्छ। आयोगले प्रकाशन गरेको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र प्रचलित कानून बमोजिम १८ वर्ष पूरा भई बालिग भएको व्यक्तिलाई मतदाता भनिन्छ ।

निर्वाचन अघि निर्वाचन प्रक्रिया, निर्वाचन प्रणाली, उम्मेदवार, राजनैतिक दलहरूको बारेमा एंव निर्वाचन अवधिमा मतदान, मतदानको महत्त्व, मतदान गर्ने तरिका लगायतका विषयमा मतदातालाई लक्षित गरी सञ्चालन गरिने शिक्षा, सूचना तथा सन्देश नै 'मतदाता शिक्षा' हो ।

**३. मानव अधिकार र मतदाता शिक्षा :** मतदानको विषयमा आवश्यक शिक्षा वा जानकारी पाउनु प्रत्येक मतदाताको मौलिक हक हो । यसलाई अझ मानव अधिकारको अभिन्न पाटोबाट पनि महत्त्वपूर्ण रूपमा हेरिने गरिन्छ। नेपालको संविधानको धारा १९ मा सञ्चारको हक एवं धारा २७ मा सूचनाको हकलगायत मौलिक हकको व्यवस्था छ । साथै "सूचनाको हक सम्बन्धी ऐन" २०६४ को प्रावधानअनुसार मतदाता शिक्षा वा कुनै पनि विषयमा जानकारी पाउनु सम्पूर्ण मतदाताको नैसर्गिक अधिकार हो । संविधानको धारा ८४ ले प्रत्येक नागरिकको मताधिकार अर्थात् मत हाल्न पाउने अधिकार सुनिश्चित गरिदिएको छ । यसका अलावा मतदातालाई कसरी, कहाँ र कहिले मतदान गर्ने भन्ने विषयमा सुसूचित हुन पाउने पनि अधिकार पनि छ ।

**४. मतदाता शिक्षाको फाइदा :** मतदाता शिक्षाबाट मतदाता सूचीमा आफ्नो नाम रहे, नरहेको र मतदाता सूचीमा नाम समावेश नभएको अवस्थामा मतदान गर्न सकिने वा नसकिने जस्ता विषयको पनि जानकारी पाउन सकिन्छ । यस्तो शिक्षाको माध्यमबाट सम्भावित उम्मेदवारले कहाँ र कसरी उम्मेदवारी दर्ता गराउन सक्छन् भन्ने बारेमा समेत सूचना प्राप्त गर्न सक्ने अवस्था हुन्छ ।

मतदाता शिक्षाको माध्यमबाटै सफल निर्वाचन गराउन सकिन्छ र लोकतान्त्रिक व्यवस्था सुदृढ हुनसक्छ । यसका लागि मतदाताले आफ्नो अधिकार र जिम्मेवारी बुझ्न सक्ने अवस्था सिर्जना गर्नु आवश्यक छ । व्यवहारतः मतदाता शिक्षाले निर्वाचन प्रक्रियासँग सम्बन्धित आधारभूत ज्ञान तथा निर्वाचनका बारेमा जानकारीमूलक सन्देश प्रवाह गर्ने कार्य गर्दछ। यसले सामान्यतया मतदाताको उमेर, उद्देश्य, निर्वाचन प्रक्रिया लगायत निर्वाचनसँग सम्बन्धित अन्य विविध पक्षको सन्दर्भमा जनचेतना अभिवृद्धि गर्ने कार्य गर्न सहयोग पुऱ्याएको हुन्छ । मतदाता शिक्षाले महिला, युवा, आदिवासी जनजाति, अल्पसङ्ख्यक, दलित एवं अन्य विशिष्ट समूहलाई निर्वाचनमा सहभागी गराउन प्रोत्साहित गर्ने, निर्वाचन प्रक्रियाको स्पष्ट र सही बुझाईमा मद्दत पुऱ्याउने जस्ता पूर्ण कार्य गर्दछ ।

**५. मतदाताको दृष्टिकोणमा मतदाता शिक्षा :-** देशमा अशिक्षित मतदाता धेरै छन् कतिपयलाई मतदान कसरी गर्ने विषयमा जानकारी नै छैन् । मतदान कसरी गर्ने र यसका मतदानको अनुभव नै नभएका प्राविधिक पक्षमा गहनरूपमा जानकारी गराउने कार्य राजनीतिक दल

र तिनका उम्मेदवारहरू बाट न्यून रूपमा भएको छ । साथै निर्वाचन आयोगको मतदाता शिक्षामा समुदायस्तरीय पकड कमजोर रहेको हुँदा पनि मतदानका प्राविधिक पाटाहरूमा कमीकमजोरी भएका छन् । यसको मुख्य कारण निर्वाचन आयोग र निर्वाचन आयोगसँग सम्बन्धित कार्यालयहरूमा मतदाता शिक्षा सम्बन्धी आवश्यक सामग्री तथा मानव स्रोत साधन रहेको छ । नागरिक पनि पहिलो पटक भोट दिने अवसर पाएका छन् । यस पटकको निर्वाचनमा मतदानवारे राम्रोसँग जानकारी नभएकोले मत बदर भएको हो मतदाताको भनाइ रहिआएको छ ।

निर्वाचन आयोगले २०७९ वैशाख ३० मा भएको स्थानीय तहको निर्वाचनमा मतदाता शिक्षा सञ्चालन नगरेको र राजनीतिक दलहरूले पनि मतदान गर्ने तरिकाको बारेमा जानकारी नदिएका कारण मत बदरको प्रतिशत बढेको कपिलबस्तु नगरपालिका ७ निवासी धनिराम कोहरको बुझाइ छ ।

मतदाता शिक्षाका लागि निर्वाचन आयोगबाट बजेट तथा कार्यक्रम नपठाएकोले मतदात शिक्षा कार्यक्रम सञ्चालन नभएको मुख्य निर्वाचन अधिकृतको कार्यालय जुम्लाका मुख्य निर्वाचन अधिकृत तथा जिल्ला न्यायाधीश जवाहरप्रसाद सिंहले बताउनु भयो ।

यसपटक आयोगले मतदाता शिक्षाको नाममा गर्दै आएको घरदैलो कार्यक्रम खारेज गरेर यसको सट्टा मतदान केन्द्रमै चुनाव हुने दुई दिनअघि सूचना केन्द्र राखेर मतदान गर्न सिकाउने कार्यक्रम तय गरेको थियो । चुनावको मुखमा अन्तिम समयमा मतदान गर्न सिकाउनु अव्यावहारिक र अप्रासंगिक हुने भन्दै पूर्वआयुक्तहरूले विरोध गरेका थिए भने एकातिर अन्तिम समयमा हतारहतार मतदान गर्न सिकाउँदा मत बदर हुने जोखिम झन बढने भन्दै उम्मेदवारहरूले आयोगको निर्देशन विपरीत आ-आफ्नो चुनाव चिह्न लिएर घरदैलो कार्यक्रम जारी राखेका थिए ।

**६. मतदाता शिक्षाको अवस्था विगत र वर्तमान :** मतदाता शिक्षाले मतदातालाई उत्प्रेरित गरी स्वतन्त्रता पूर्वक चुनावमा पूर्ण रूपले भाग लिन मद्दत गर्दछ । नेपालमा निर्वाचन आयोगबाट मतदाता शिक्षा विगतमा सञ्चालन हुँदै आएको अवस्था रहे पनि निर्वाचन सम्बन्धी कानुन मुख्यतया निर्वाचन आयोग ऐन, २०७३, निर्वाचन (कसुर तथा सजाय) ऐन, २०७३, स्थानीय तह निर्वाचन ऐन, २०७३, मतदाता नामावली ऐन, २०७३, राजनीतिक दल सम्बन्धी ऐन, २०७३, निर्वाचन क्षेत्र निर्धारण ऐन, २०७३, प्रतिनिधि सभा सदस्य निर्वाचन ऐन, २०७४, प्रदेश सभा निर्वाचन ऐन, २०७४ एवं नियमावली लगायतका प्रचलित कानुनमा स्पष्ट व्यवस्था गरिएको थिएन जस्ले गर्दा मतदाता शिक्षा प्रभावकारी ढङ्गले सञ्चालन भएको थिएन् ।

निर्वाचन आयोगले २०७८ साल चैत १५ मा निर्वाचन आयोग ऐन, २०७३ को दफा ५० बमोजिम निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशिका, २०७८ स्वीकृति पश्चात् निर्वाचन शिक्षा र मतदाता शिक्षाको प्रभावकारीता महसूस गरेको भन्न सकिन्छ। निर्वाचनलाई स्वच्छ, स्वतन्त्र, विश्वसनीय, मर्यादित र भयमुक्त वातावरणमा सम्पन्न गर्न र निर्वाचनका विषयमा आम मतदातालाई सुसूचित गर्नका लागि यो निर्देशिका तर्जुमा गरिएको पाइन्छ।

उक्त निर्देशिका बमोजिम निर्वाचन कार्यक्रम सम्पन्न गर्नका लागि निर्वाचन शिक्षा तथा मतदाता शिक्षा निर्देशक समिति, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा कार्यान्वयन समिति, निर्वाचन शिक्षा तथा मतदाता शिक्षा जिल्ला कार्यान्वयन समिति लगायत संरचनाको व्यवस्था गरिएका छन्। जिल्ला निर्वाचन अधिकारीलाई निर्वाचन तथा मतदाता शिक्षा जिल्ला समन्वयकर्ता र निर्वाचन आयोगले स्थानीय तहमा निर्वाचन तथा मतदाता शिक्षा स्थानीय तह समन्वयकर्ता तोकी जनशक्ति परिचालन गरिने व्यवस्था निर्देशिकाले गरेको छ। साथै निर्वाचनको समयमा प्रत्येक मतदातालाई लक्षित गरी मतदाता शिक्षा अभियानका रूपमा कार्यक्रम सञ्चालन गर्न आयोगले मतदाता शिक्षा स्वयंसेवक परिचालन गर्न सक्ने व्यवस्था पनि निर्देशिकामा उल्लेख गरेको पाइन्छ।

निर्देशिका अनुसार निर्वाचन कार्यक्रममा खटिने जनशक्तिलाई लक्षित गरी निर्वाचन तथा मतदाता शिक्षा प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, विभिन्न शिक्षा सामग्रीको विकास, स्वीकृति र उत्पादनसमेत गरी प्रचार-प्रसार गर्नु पर्ने देखिन्छ। निर्वाचन आयोगले निर्वाचन शिक्षा सामग्रीको विकास, स्वीकृति र उत्पादनसमेत गर्नु पर्ने निर्देशिका उल्लेख गरेको पाइन्छ। आयोगले सबै प्रकारका सूचना, श्रव्यदृश्य सामग्री, नारा, संवाद, रेडियो तथा टेलिभिजन कार्यक्रम, छापा, सामाजिक सञ्जाल, अनलाइन पोर्टलबाट प्रसारण हुने सूचना, सन्देश तथा अन्य प्रवर्द्धनात्मक सामग्रीलाई 'मतदाता शिक्षा सामग्री' को रूपमा प्रयोग गर्नु पर्नेमा यस पटकको स्थानीय निर्वाचन हो वा प्रदेश तथा सङ्घीय निर्वाचन नै किन नहोस् निर्वाचन आयोगले मतदाता शिक्षामा विभिन्न विधिहरू अपनाएर मतदाता शिक्षालाई अझ समुदाय केन्द्रित र प्रभावकारी बनाउन प्रयास गरेको देखिन्छ तर मतदाता शिक्षा सामग्री वितरण र सोका निम्ति प्रयोग हुने जनशक्तिको बारेमा दोधार देखिएको थियो। दोधार यो मानेमा कि निर्वाचन आयोग आफैसँग यथेष्ट सङ्ख्यामा जनशक्ति नभएको र संस्थागत वा स्थानीय सरकारको समन्वयमा भएका जनशक्तिलाई उचित रूपमा प्रयोग कसरी गर्ने भन्ने कुरामा देखिएको थियो। औपचारिकतामा मात्र सीमित गरेको देखियो।

मतदाता शिक्षाका लागि महत्त्वपूर्ण सामग्रीमध्ये पोस्टर, व्यानर, पम्प्लेटलगायत अन्य सामग्री वा गतिविधि हुन्छन् । वर्तमान अवस्थामा आधुनिक प्रविधिको अधिकतम उपयोग गरेर मतदाता सचेतना कार्यक्रम पनि सञ्चालन गर्ने गरिन्छ । मतदातालाई फेसबुक, भाइबर, ट्विटर, टिकटक लगायतका सामाजिक सञ्जालको माध्ययमले बुझाउन सकेमा अझ प्रभावकारी रूपमा निर्वाचन र मतदान प्रक्रियाबारे सचेतना फैलाउन सकिन्थ्यो तर मोवाइलमा रिंगटोन र केही विद्यालयमा नमूना मतदानबाहेक मतदाता शिक्षाको व्यापक प्रचार-प्रसार गरेको पाइएन ।

त्यसैगरी निर्वाचन कार्यक्रमलाई प्रभावकारी बनाउनका लागि सामाजिक सञ्जालको प्रयोग गरिनु पर्ने विद्यालयस्तरमा निर्वाचन शिक्षा प्रदान गर्नु पर्ने, सामाजिक अध्ययन विषय शिक्षकका लागि निर्वाचन शिक्षासम्बन्धी प्रशिक्षण दिनु पर्ने, नागरिक समाज तथा गैरसरकारी संस्थामार्फत निर्वाचन शिक्षासम्बन्धी कार्यक्रम सञ्चालन गरिनुपर्ने थियो यहाँ सम्मकी शिक्षा सामग्री आवश्यकताअनुसार विभिन्न राष्ट्रिय भाषामा अनुवाद गरी स्थानीय स्तरमा प्रचलनमा रहेका भाषिक समुदायमार्फत प्रयोगमा ल्याउनु पर्नेमा सो अनुसार नहुदा मतदाता शिक्षा प्रभावकारी हुन सकेन ।

**७. मतदाता शिक्षा निर्वाचन आयोगको भूमिका :** निर्वाचन आयोगले मतदाता शिक्षा निर्देशिकामा व्यापक फेरबदल गरेता पनि २०७९ वैशाख ३० मा सम्पन्न स्थानीय निर्वाचनमा २.४० प्रतिशत मत पूर्ण बदर र करिब १३ प्रतिशत मत आंशिक बदर भयो । निर्वाचन शिक्षा प्रभावकारी नहुँदा बदर मतको सङ्ख्या अनपेक्षित रूपमा बढ्यो । हामीले परम्परागत शिक्षामा सुधार गर्‍यौं तर कार्यक्रम भने पुरानै ढाँचामा गरेकोले मत बदर भएको आयोगको भनाइ छ ।

स्थानीय निर्वाचनमा आयोगले निर्वाचन शिक्षा कार्यान्वयन एकाइ, घरदैलो कार्यक्रम तथा परम्परागत प्रचारप्रसारमा परिवर्तन गरी निर्देशिका बमोजिम निर्वाचन शिक्षा कार्यक्रम सञ्चालनका लागि ६ वटा समिति गठन गर्ने निर्णय गर्‍यौं भन्यो तर निर्वाचनको बेला भने तीन तहको समिति मात्रै गठन गर्‍यो । “शिक्षालाई व्यावहारिक र परिणाममुखी बनाउन यस प्रकारको व्यवस्था गरिएको निर्वाचन आयोगका सहायक प्रवक्ता सूर्य प्रसाद अर्यालको भनाइ छ ।”

स्थानीय निर्वाचनमा एउटै पानामा ७ पदका लागि ६ प्रकारको मतपत्र बाँडिएको थियो । एउटै पानामा ७० भन्दा बढी निर्वाचन चिह्न थियो । मतपत्रको ढाँचाले बदर मतको प्रतिशत बढ्न गएको हुनाले आयोगले प्रदेश तथा सङ्घीय निर्वाचनमा चार प्रकारको मतपत्र छपाएको थियो । एक जना मतदाताले चार जना प्रतिनिधि चयन गर्दा चारवटा पानामा स्वस्तिक

चिह्न लगाउनु पर्ने व्यवस्था गरिएको थियो । प्रतिनिधिसभाअन्तर्गत प्रत्यक्षतर्फ एउटा पानामा बढीमा ३१ र घटीमा मात्र दुईवटा निर्वाचन चिह्न थियो । समानुपातिकतर्फ भने बढीमा ५५ र घटीमा २७ वटा निर्वाचन चिह्नसहितको मतपत्र छापिएको थियो । सबै मतपत्रमा ठाडो तर्फ बढीमा १० र तेर्सोमा पाँचवटा लहर राखिएको थियो ।

निर्वाचन आयोगले मतदाता शिक्षा कार्यक्रम नाम मात्र सञ्चालन गरेको, स्थानीय स्तरमा घरदैलो गरी सञ्चालन हुने मतदाता शिक्षा कार्यक्रम प्रभावकारी नभएको र त्यसको दुरुपयोग भएको भनी घरदैलो कार्यक्रम रोकेको कारणले पनि बदर मतको अनुपात बढेको राजनीतिक दलहरूको भनाइ छ । निर्वाचन आयोगको विवरणअनुसार, स्थानीय तह निर्वाचनमा प्रति मतदाता २८४ रूपैयाँ खर्च भएको थियो । यसरी हेर्दा बदर मतका कारण मात्रै राज्यकोषमा आठ करोड ५२ लाख रूपैयाँ नोक्सानी भएको देखिन्छ । आंशिक मतको अनुपात समेत हिसाब गर्ने हो भने नोक्सानीको मात्रा अझै बढी हुन्छ । आयोगले गत स्थानीय निर्वाचनमा २० हजार स्वयंसेवक मार्फत मुलुकभर मतदाता शिक्षा सञ्चालन गऱ्यो, झन्डै ४० करोड खर्चेर सञ्चालन गरिएको मतदाता शिक्षाबीच विराटनगर महानगरमा २४ प्रतिशत, ललितपुर महानगरमा १९ प्रतिशत र जनकपुर उपमहानगरमा १४ दशमलव ४४ प्रतिशत मत बदर भएको थियो । दलहरूले सैद्धान्तिक विचारधाराअनुरूप भन्दा पनि दलगत स्वार्थ मिल्ने र सरकार बनाउने लक्ष्यसहित धेरै दलहरूसँग गठबन्धन गरेका कारण बदर मत झन बढ्न गएको अनुमान विज्ञहरूले गरेका छन् । एउटै मतपत्रमा ७ जना उम्मेदवारलाई मत दिनुपर्दा, अझ गठबन्धनको पक्षमा भएका मतदातालाई आफ्नै उम्मेदवार र तिनका चिह्न भेटाउन गाह्रो भएको थियो । कतिपय स्थानीय तहमा प्रमुख र उपप्रमुखमा मात्र तालमेल भएको र कतिपयमा त वडाध्यक्ष, दुई खुला सदस्य, एक महिला र एक दलित महिलाका फरक फरक चिह्न खोजेर मतदान गर्नुपर्ने हुँदा र फरक दलका चुनाव चिह्न फरक लाइनमा हुँदा मतदातालाई मतदान गर्न झनै गाह्रो भएको थियो । उम्मेदवारको सङ्ख्या अनुसार मतपत्र पनि साना ठूला बनाइएका थिए । दलका चिह्न पनि जिल्ला र पालिका अनुसार फरक फरक ठाउँमा मतपत्रमा राखिएको थियो । त्यसैले एकमुष्ठ रूपमा मतदातालाई सचेत बनाउन पनि गाह्रो भएको थियो । गठबन्धनका कारण 'क्रस भोटिङ गर्दा बदर मत बढ्न जानु स्वाभाविकै हो । कानूनी रूपमा पनि मतपत्रको ढाँचा फरक फरक रूपमा छाप्नुपर्ने आयोगको बाध्यता रहेकाले मतदाता अलमलमा पर्न गएको हुन सक्छ । आयोगका सहायक प्रवक्ता एवं निर्वाचन शिक्षा तथा तालिम शाखाका प्रमुख सूर्य प्रसाद अर्यालले विगतमा गठबन्धन भएका स्थानीय तहमा पनि मतदाताले आफ्नै पार्टीलाई सातै छाप लगाएका धेरै उदाहरण रहेको बताउँछन् । (स्रोत २०७९ माघ २९ गते निर्वाचन आयोगद्वारा प्रकाशित प्रेस विज्ञप्ति)

गत २०७४ को स्थानीय निर्वाचमा समग्रमा पाँच प्रतिशत मत बदर भएको हो, सहायक प्रवक्ता अर्याल भन्छन् यसपटक हामीले मत कम बदर होस् भनेर आमसञ्चार माध्यमबाट मतदाता शिक्षा दिइरहेका छौं भन्नुभयो ।

विगतको अभ्यासले मतदातालाई शिक्षित गर्न घरदैलो कार्यक्रम प्रभावकारी भए पनि स्थानीय निर्वाचनमा उक्त कार्यक्रम नै सञ्चालन गर्न निर्वाचन आयोगले अनुमति दिएन जसले गर्दा निर्वाचन शिक्षा शीर्षक अन्तर्गतको बजेटको ठूलो हिस्सा बचत भयो ।

निर्वाचन आयोगले स्थानीय तहलाई नै लगानी गर्ने गरी घरदैलो डिजाइन गरेको थियो । एउटा वडामा एक जना मात्रै जनशक्ति परिचालन भए पनि करिब १० करोड रुपियाँ घरदैलोमा खर्च हुने र स्थानीय तहले घरदैलो कार्यक्रममा परिचालन हुने जनशक्तिलाई कम्तीमा १५ हजार रुपियाँ दिनुपर्ने व्यवस्था मिलाएको थियो ।

निर्वाचन सम्पर्क व्यक्तिको पारिश्रमिक भने निर्वाचन आयोगले उपलब्ध गराउने । प्रत्येक स्थानीय तहमा एक जना सम्पर्क व्यक्ति रहने व्यवस्था पनि मिलाएको थियो ।

निर्वाचन आयोगले तिहारपछि मात्रै निर्वाचन शिक्षा कार्यक्रम सञ्चालन गर्ने मनस्थिति बनाएको र मतदाता शिक्षाका लागि १५ दिन समय पर्याप्त हुने दाबी समेत गरेको थियो ।

निर्वाचन शिक्षा अन्तर्गत आयोगले प्रविधिको प्रयोग गरेर प्रचारप्रसारमा करिब २० करोड खर्च गर्ने भनी भिडियो सामग्री उत्पादनका लागि तीन करोड, टेलिभिजन मार्फत प्रसारणमा ६ करोड, रेडियो प्रसारणका लागि ४ करोड, पत्रपत्रिकाका लागि ६ करोड रुपियाँ विनियोजन गरेको थियो । (स्रोत निर्वाचन आयोगको वार्षिक प्रतिवेदन २०७९)

निर्वाचन शिक्षाअन्तर्गत नमुना मतदान, सञ्चार माध्यम तथा सामाजिक सञ्जालबाट सूचना प्रकाशन, ख्याति प्राप्त व्यक्तित्वबाट 'म निर्वाचनमा भाग लिन्छु' र साङ्गीतिक टोली बनाएर कार्यक्रम सञ्चालन गरेको थियो आयोगले नमुना मतदान शीर्षकमा करिब एक करोड ५० लाख बजेट छुट्याएको थियो । निर्वाचन हुनु १५/२० दिन अघिसम्म पहिलेका निर्वाचनमा मतदाता शिक्षा कार्यक्रम टोलटोलमा पुगेर हुने गर्दथे । तर यसपालि भने मतदाता शिक्षा कार्यक्रम टोलटोलमा पुगेको थिएन, केवल सञ्चार माध्यममा मात्र चलेको थियो । अझै पनि कतिपय व्यक्तिहरू सामान्य साक्षर समेत हुन नसकेको, डिजिटल डिभाइसहरूमा पहुँच नभएको र पहुँच भए पनि प्रयोग गर्न नसक्ने अवस्थामा रहेको, रेडियो टलिभिजनको पनि पहुँच नभएका मदाताको सङ्ख्या पनि उल्लेख्य भएकोले त्यस्ता मतदातालाई समेट्ने गरी घर घरमा पुगेर मतदाता शिक्षा दिनुपर्दथ्यो । त्यो काम निर्वाचन आयोगबाट पनि सञ्चालन

गर्नुपर्दथ्यो भने राजनीतिक दल तथा उम्मेदवारहरूले समेत गर्नु पर्दथ्यो । तर यसवर्ष उक्त कार्यक्रम चल्न नसक्दा मतपत्र बदरको प्रतिशत बढेको हो । यसवर्ष समुदाय स्तरमा पुगेर मतदाता शिक्षा कार्यक्रम सञ्चालन नभए पनि सञ्चार माध्यमहरूबाट मात्र मतदाता शिक्षा कार्यक्रमलाई जोड दिइरहेको जिल्ला निर्वाचन कार्यालय कपिलवस्तुले जनाएको छ। जिल्लामा रहेका एफएम स्टेशनहरूलाई समुदाय स्तरमा पुऱ्याउने सूचनाहरू समयमै दिइरहेको जिल्ला निर्वाचन अधिकारीहरूको भनाइ थियो । मतदान हुने १ दिन अघि सम्बन्धित मतदान केन्द्रमा मतदान कसरी गर्ने, मतदान गर्न जाँदा के के लिएर जाने, मतदान स्थलमा के गर्न पाइने, के गर्न नपाइने भन्ने जस्ता मतदाता शिक्षा सिकाउने कार्यक्रमअनुरूप जिल्लाको विभिन्न ठाउँमा मतदान कार्यक्रम सञ्चालन गरिएको थियो ।

विगतका निर्वाचमा कतिपय ठाउँमा बढी मत बदर भएका कारण यसपालि यस विषयलाई ध्यानमा राखी समुदाय स्तरमा कसरी मत हाल्ने ? के गर्दा बदर हुन्छ ? के गर्दा सदर हुन्छ ? भन्ने विषयमा जानकारी गराउने प्रयास गरिएको थियो । विगतका चुनौतीलाई मध्यनजर गर्दै मतदाता शिक्षालाई प्रभावकारी बनाउन भरमग्दुर कोशिस गरिएको जिल्ला निर्वाचन कार्यालयहरूको भनाइ रहेको छ ।

मतदान गर्ने सही तरिका, मतपत्र बदर नहोस र मतदान गर्ने समय कति लाग्छ भन्ने समय निर्धारणका लागि जिल्ला निर्वाचन कार्यालयको आधिकारिक वेभसाईटमा पनि आवश्यक भिडियोहरू राखिएको र केही निर्वाचन सम्बन्धी मतदाता केन्द्रित सन्देशहरू राखिएको, नमूना मतदानमा महिला, पुरुष, अशक्त र वृद्धवृद्धाको लाइन मिलाउने, मतदाता परिचयपत्र रुजु गर्ने, मतदान अधिकृतको हस्ताक्षर रुजु गर्ने कार्य पनि गरेको भनाइ निर्वाचन अधिकृतहरूको थियो ।

केही जिल्लाहरूमा निर्वाचन आयोगले मा.वि.स्तरका विद्यालय कार्यक्रम सञ्चालन गरेको कक्षा ९ र १० मा अध्ययनरत विद्यार्थीलाई मतदाता शिक्षा दिइरहेको पाइयो । चुनावमा मत बदर नहोस् भन्नका लागि र विद्यार्थीमार्फत अभिभावकलाई मतदान गर्ने सही तरिका सिकाउन मतदाता शिक्षा कार्यक्रम सञ्चालन गरिएको केही निर्वाचन कार्यालयको अधिकृतहरूको भनाइ रहेको पाइयो ।

निर्वाचन आयोगको वार्षिक कार्यक्रम अनुसार नै मतदाता शिक्षा कार्यक्रम सञ्चालन भइरहेको थियो । गत वर्ष जिल्लाका ८ विद्यालयमा उक्त कार्यक्रम सञ्चालन गरिएको थियो । जिल्लामा हाल एक लाख ४८ हजार बढी मतदाता रहेका छन् । यसका साथै हाल पालिकास्तरबाटै फोटोसहितको मतदाता नामावली सङ्कलन विशेष कार्यक्रम पनि सञ्चालन गरिएको थियो ।

निर्वाचन कार्यालयको भनाइ रहेको छ ।

आयोगले २०६४ सालदेखि घरदैलो कार्यक्रम सुरु गरेको थियो, जसका लागि ४० करोडभन्दा बढी खर्च गर्दै आएको आयोगको भनाइ छ । यसपालि भने मतदान केन्द्रमा बनाइने सूचना केन्द्रका लागि आयोगले ९ करोड बजेट छुट्याएको थियो बाँकी छपाइ, टेलिभिजन, रेडियो, एफएम, स्थानीय पत्रपत्रिका, सामाजिक सञ्जालबाट दिइने मतदाता शिक्षाका लागि भने १५ करोड बजेट छुट्याइएको आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले रातोपाटीसँग बताएका छन् । समष्टिगत रूपमा यसपटकको मतदाता शिक्षाअन्तर्गत २४ करोड बजेट छुट्याइएको आयोगको भनाइ छ ।

### ८. चुनावमा सूचना केन्द्र : कति व्यावहारिक :

त्यसो त मतदान केन्द्रमै सूचना केन्द्र बनाएर मतदानबारे सिक्ने र सिकाउने काम आयोगका लागि कुनै नौलो भने होइन । प्रत्येकपटक चुनावको दिनमा सूचना केन्द्र कक्ष राखेर आयोगले मतदातालाई कसरी मतदान गर्ने भन्ने विषयमा सुसूचित गर्दै आएको थियो तर, त्यस दिन समयमै भोट हाल्ने चटारोका बीच उक्त कार्यक्रम प्रभावकारी नहुने गरेको निर्वाचन पूर्व आयुक्तहरूको भनाइ रहेको छ ।

**९. घरदैलो कार्यक्रम खारेजी कति व्यावहारिक :** घरआँगनमै पुगेर मतदानबारे आमनागरिकका प्रश्न, जिज्ञासा र अन्योललाई सम्बोधन गर्न सञ्चालन गर्दै आएको घरदैलो कार्यक्रम खारेज गरेर आयोगले गल्ती गरेको पूर्व आयुक्तहरूको आरोप छ । '०६४, ०७० र ०७४ सालको चुनावमा घरदैलो कार्यक्रम निकै प्रभावकारी भएको थियो । यस्तो प्रभावकारी कार्यक्रम आयोगले रोक्नु हुँदैनथ्यो ।

यद्यपि, पूर्व आयुक्तहरूको निचोडविपरीत आयोगले घरदैलो कार्यक्रम प्रभावकारी नभएको भन्दै खारेज गरेको थियो । स्वयंसेवकहरूको काममा धेरै गुनासो आएपछि हामीले घरदैलो कार्यक्रम बन्द गर्ने निर्णयमा पुगेका हौँ, आयोगका सहप्रवक्ता सूर्यप्रसाद अर्यालले भने, 'हामीले २१ हजार मतदाता शिक्षा स्वयंसेवकलाई १५ दिनका लागि परिचालन गरेका थियौँ । तर, प्रत्येक निर्वाचनमा उहाँहरूको भूमिकाबारे गुनासाहरू आए । हरेक जसो निर्वाचनको समीक्षा गर्दा राज्य व्यवस्था समितिमा कार्यक्रम प्रभावकारी नभएको गुनासो आएपछि बन्द गर्न बाध्य भएको आयोगको भनाइ छ । *(शिलापत्र, चैत्र २० २०७९)*

**१०. मत बदरको अवस्था :** निर्वाचन आयोगले सार्वजनिक गरेको विवरणअनुसार, स्थानीय निर्बाचनमा कुल खसेको मत १ करोड २५ लाख ८४ हजार मतमध्ये २ दशमलब ४ प्रतिशत मत पूर्णरूपमा बदर भएको हो । बदर भएको तीन लाख दुई हजारबाहेक बाँकी रहेको एक करोड २२ लाख मत पूर्ण वा आंशिक रूपमा सदर भएको देखिन्छ । स्थानीयतह निर्वाचनमा अध्यक्ष र प्रमुख, उपाध्यक्ष र उपप्रमुख, वडाध्यक्ष, महिला र दलित वडा सदस्य अनि दुई वडा सदस्य गरी सातवटा पदमा मतदान गर्नुपर्ने व्यवस्था थियो । आयोगले सबै पदमा दिएको मत बदर भएमा मात्रै पूर्णरूपमा बदर मत भनी अभिलेख राखेको छ । मतदाताले ६ वटै पदमा मत बदर गरेपनि एउटा मत सदर छ भने त्यो बदर मानिदैन । अध्यक्ष र प्रमुखमा आयोगको विवरण अनुसार, एक करोड २२ लाख सदर मतमध्ये स्थानीय तहका प्रमुख वा अध्यक्षले पाएको मत एक करोड ११ लाख ७८ हजार मात्रै छ । प्रमुख वा अध्यक्ष पदमा मात्रै करिब १० लाख २२ हजार मत बदर भएको छ । पूर्णरूपमा बदर भएको मतसमेत जोड्दा अध्यक्ष वा मेयरमा १३ लाख २४ हजार मत बदर भएको छ । यो कुल सदर मतको १० प्रतिशतभन्दा बढी हिस्सा हो । उपाध्यक्ष वा उपमेयर सबै स्थानीयतहको उपमेयर वा उपाध्यक्षका सबै उम्मेदवारहरूले पाएको कुल मत १ करोड ४ लाख ३५ हजारमात्रै छ । यसरी हेर्दा यो पदमा १७ लाख ६५ हजार मत बदर भएको छ, जुन कुल सदर मतको करिब १५ प्रतिशत हुन आउँछ । सत्तारूढ दलहरूले तालमेलका क्रममा अधिकांश ठाउँमा प्रमुख र उपप्रमुख पदमा भागवण्डा गरेकाले ठूलो सङ्ख्यामा मत बदर भएको देखिन्छ । वडाध्यक्ष देशभरका स्थानीय तहका वडाध्यक्षमा एक करोड १४ लाख ९० हजार मत खसेको छ । यो सबैभन्दा बढी र यथार्थको नजिक रहेको मत हो । मतदाताले प्रमुख र उपप्रमुख पदमा मतदात गर्दा त्रुटि गरेपनि वडाध्यक्ष पदमा सबैभन्दा कम त्रुटि गरेको देखिन्छ । वडाध्यक्षमा करिब सात लाख १० हजार मतमात्रै बदर भएको छ । महिला वडा सदस्यमा एक करोड ८ लाख ९९ हजार मत खसेको थियो त्यसमा करिब १३ लाख मत बदर भएको छ । प्रायः सबैजसो स्थानीय तहमा महिला वडा सदस्यमा प्रतिस्पर्धा भएको थियो भने केहीमा निर्विरोध निर्वाचित भएका थिए । देशभर दलित महिला वडा सदस्यमा एक करोड ४ लाख २० हजार मत खसेको थियो त्यसमा करिब १७ लाख ८० हजार मत बदर भएको थियो । वडा सदस्य हरेक वडामा दुईजना रहने भएकाले देशभरका वडा सदस्यहरूले पाएको मत दुई करोड १२ लाख रहेको छ । हरेक मतदाताले दुईवटा वडा सदस्यलाई मतदान गर्ने भएकाले वडा सदस्यमा एक करोड ६ लाख १८ हजार मत खसेको थियो । त्यसमा १५ लाख ८२ हजार मत बदर भएको देखिन्छ । मतपत्रमा वडा तहका पदको कोठा पछाडि हुने भएकाले कतिपय मतदाताले ती पदमा मतदान नै नगरी मतपत्र बुझाएको आयोगका कर्मचारीहरू बताउँछन् । त्यसले गर्दा

पनि वडाको मत तुलनात्मक रूपमा घटी भएको देखिन्छ ।

२०५६ को संसदीय निर्वाचनमा २ लाख ४४ हजार ९ सय २ मत बदर भएको थियो । यस्तै, २०६४ को संविधानसभा निर्वाचनमा प्रत्यक्षतर्फ ५ लाख ६० हजार ११ र २०७० मा ४ लाख ७१ हजार ८ सय २६ मत बदर भएको निर्वाचन आयोगको तथ्याङ्क छ । समानुपातिक तर्फ पहिलो संविधानसभा निर्वाचनमा ४ लाख ७ हजार ४ सय ६२ र दोस्रो संविधानसभा निर्वाचनमा ३ लाख १२ हजार ८ सय ४१ मत बदर भएको थियो । (कान्तिपुर राष्ट्रिय दैनिक, २३ वैशाख २०७९)

२०७४ सालमा भएका स्थानीय तह निर्वाचनमा ३.१८ प्रतिशत मत बदर भएको थियो । प्रत्यक्षतर्फ प्रतिनिधिसभामा ५ लाख ४८ हजार ५ सय ७० र प्रदेशसभामा ४ लाख ५० हजार ४ सय ९४ मत बदर भएको थियो । समानुपातिकतर्फ प्रतिनिधिसभामा ९ । ८४ प्रतिशत अर्थात् १० लाख ४२ हजार ७ सय ७७ र प्रदेशसभातर्फ १४.८ प्रतिशत अर्थात् १५ लाख ६८ हजार १ सय ९१ मत बदर भएको थियो । (स्रोत : कान्तिपुर राष्ट्रिय दैनिक, २३ वैशाख २०७९)

प्रतिनिधि सभा सदस्य निर्वाचनको पहिलो हुने निर्वाचित हुने निर्वाचनमा १ करोड १० लाख ४७ हजार ३४ (६१.४१ प्रतिशत) को मतदान भएको थियो जस मध्ये १ करोड ४ लाख ८७ हजार ९५८ मत सदर भएको थियो भने ५.०६ प्रतिशत मत बदर भएको थियो । सोही सभाको समानुपातिक निर्वाचन प्रणाली तर्फ १ करोड ११ लाख २६ हजार २२६ (६१.८५ प्रतिशत) मतदान भएकोमा १ करोड ५ लाख ६० हजार ८२ मत सदर भई (५.०९ प्रतिशत) मत बदर भएको थियो । (स्रोत : कान्तिपुर राष्ट्रिय दैनिक, २३ वैशाख २०७९)

प्रदेश सभातर्फ पहिला हुने निर्वाचित हुने निर्वाचन प्रणालीका लागि १ करोड १० लाख ३४ हजार ५०० (६१.३६ प्रतिशत) मतदान भएको थियो । जस मध्ये १ करोड ५ लाख ८५ हजार ३०० मत सदर भएको थियो भने ४.०७ प्रतिशत मत बदर भएको थियो । सोही सभाको समानुपातिक निर्वाचन प्रणाली तर्फ १ करोड १० लाख २८ हजार ३७६ (६१.३१ प्रतिशत) मतदान भएकोमा १ करोड ३ लाख ६ हजार ११ मत सदर भई (६.५५ प्रतिशत) मत बदर भएको थियो । २०५६ देखि हुँदै आएको निर्वाचनको ट्रेन्ड हेर्दा मतदाता शिक्षामा गरिएको खर्च बालुवामा पानी हालेसरह रह्यो भन्न सकिन्छ ।

## ११. मत बदर हुने कारणहरू :

मतदाता शिक्षा प्रभावकारी हुन नसक्दा मत बदर हुने गरेको अनुभव निर्वाचन आयोगसँग छ। पहिलो र दोस्रो संविधानसभा सदस्य निर्वाचनमा बदर मत करिब १.५ प्रतिशत मात्रै थियो । तर, ०७४ सालको स्थानीय तहको निर्वाचनमा भने सो प्रतिशत बढेर ४ पुग्यो। 'प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा उम्मेदवार तय भइसकेपछि निर्वाचन चिह्न दिइएका आधारमा मात्रै मतपत्र छापिने हुँदा मतपत्रमा सबै उम्मेदवारको चिह्न हुन्छ। त्यसमा स्वस्तिक छाप पर्नासाथ मत सदरमा गणना हुन्छ । तर, स्थानीय तहमा उम्मेदवार नभएको चिह्नमा स्वस्तिक मतहरू पर्ना साथ ती मत बदरमा गनिन्छ, यस कारण पनि स्थानीय तहमा मत बदर बढी हुने गरेको हो ।

मतदान गर्ने अभ्यास नबस्नु त्यसो त प्रत्येक चुनावमा फरकफरक मतदान गर्ने प्रक्रिया हुनाले पनि मत बदर गराएको हुन सक्ने आयोगको भनाइ छ। हरेक चुनावमा फरकफरक मतपत्र, डिजाइन र मतदान गर्ने प्रक्रियाले मतदाताहरू निर्वाचनको एउटै प्रक्रियामा अभ्यस्त हुन नसकेकाले पनि मत बढी बदर भएको हो। कहिले ठाडो, कहिले तेर्सो, कहिले फरकफरक मतपत्रमा छाप हाल्नु पर्ने अनुभव सँगालेका मतदाताले कहिल्यै एउटै मतपत्रको ढाँचासँग अभ्यस्त हुन पाएका छैनन्। त्यसैले गर्दा पनि मत बढी बदर हुने गर्दछ।

यसले गर्दा मतदाताहरूमा पटकपटक मतदान गर्दा पनि सदर मत हाल्ने बानी पर्न सकेको छैन । केवल फरकफरक अनुभव लिनुपर्ने नियति भोगेका मतदाता सधैंको सिकारु हुनुपर्ने बाध्यता छ । प्रत्येक चुनावमा 'ट्रायल' गरेझैं भोट हाल्नुपर्दा फरकफरक चुनावमा फरक अनुभव बटुल्नुबाहेक अन्य काम नभएको आयोग बताउँछ। आयोग भन्छ, 'नेपालीको 'भोटिङ बिह्याबियर' नै अभ्यस्त भइसकेको छैन ।' जसले गर्दा पनि मत बदर हुने गर्दछ। मत बदर हुने अन्य कारण जस्तैः केहीले जानीजानी बदर गराउँछन्। केहीले प्रदेश खारेज गरौं भनेर कलमले लेखेर मतपत्र बदर गराउँछन्। निर्वाचन अधिकारीले सही नगरेका कारण मत बदर भएको उदाहरण पनि छ। यो पनि मतदाता शिक्षा भन्दा पनि कर्मचारीलाई तालिम नपुगेर बदर भएको हो। गणनामा बस्ने कर्मचारीका कारण पनि केही मत बदर भएको छ। निर्वाचन आयोगले दिएको इन्कप्याडमा मसी धेरै भएर मसी लतपतिएर बदर भएको पनि भेटिएको छ।

### क. मतपत्रको ढाँचा विशाल हुनु :

यसपटक ७७ किसिमका मतपत्र आयोगले छापेको थियो । थोरैमा २२ र धेरैमा ३४ लहरको मतपत्र आयोगले छापेको थियो । ठूला लहरको विशाल मतपत्र हुँदा मतदाताहरू अलमलमा

पर्ने जोखिम उच्च देखिएको, चुनावमा उत्रने राजनीतिक दल र स्वतन्त्र उम्मेदवारहरूको पूर्वानुमान गरेर मतपत्र छाप्दा मतपत्र विशाल हुन गएको भनाइ आयोगको रहेको छ । मत पत्रको ढाँचा विशाल हुनाले गर्दा पनि मत बढी बदर हुने गएको हो ।

**ख. निर्वाचनमा दलहरूबीच गठबन्धन हुनु :** राजनीतिक भागवण्डाकै आधारमा गठबन्धनको गाँठो बुनेर मतदाताहरूलाई अलमल्याउने काम राजनीतिक दलहरूबाट भइरहेको पूर्व प्रमुख निर्वाचन आयुक्त सूर्य प्रसाद श्रेष्ठको निष्कर्ष छ । (स्रोत : विविसी नेपाली, १७ मई २०२२)

जस्तै : काठमाडौंमा गएको चुनावमा नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पाटी नेपालको गठबन्धन थियो । गठबन्धनले काठमाडौं मेयरमा एमालेलाई सहयोग गर्ने र उपमेयरमा दुवै पार्टीले राप्रपाका राजाराम श्रेष्ठलाई सहयोग गर्ने निर्णय गरेको थियो जसले गर्दा । एमालेले उपमेयरमा कुनै उम्मेदवार उठाएन तर, एमालेका भोटरहरूले भने उम्मेदवारी नै नभएको उपमेयर पदमा १०औं हजार मत हाले । जसका कारण अधिकांश मत बदर भएको थियो । त्यसतै प्रदेश तथा सङ्घीय निर्वाचनमा ५ दलीय गठबन्धनले गर्दा मतदाताहरू अलमलिन गई एउटै मतपत्रमा दुई चुनाव चिह्नमा छाप लगाउन पुगे । जसले गर्दा पनि मत बदर हुन पुग्यो, जब कि सजिलोको लागि निर्वाचन आयोगले ४ किसिमको मतपत्र मात्र वितरण गरेको थियो ।

**ग. मत बदर हुने थप कारणहरू :** उम्मेदवारको निर्धारित चिह्न भन्दा बाहिर छाप लगाएमा, कुनै उम्मेद्वारको चिह्न नभएको खाली ठाँउमा मत हालेमा, एकभन्दा बढी उम्मेद्वारको चिह्नमा मत दिएमा, निर्वाचन आयोगले तोकेकोबाहेक अन्य कुनै मतपत्रमा मत खसालेमा लगायत अन्य कारणले समेत मत बदर हुने गर्दछ ।

चिह्न नभएको ठाउँमा छाप पर्नाले ।

- कोठाभन्दा बाहिर छाप पर्नाले ।
- दुइटा चिह्नको बीचमा नछुट्टिने गरी छाप लगाउनाले,
- पूरै स्वस्तिक छाप आएन वा आधा अथवा टुँडो मात्रै छाप आयो भने ।
- निर्वाचन अधिकृतको हस्ताक्षर नभएको खण्डमा ।
- स्वस्तिक छाप नै नलगाई कसैले हालेको छ भने,
- मतपेटिकाभन्दा बाहिर परेको मत बदर हुन्छ ।
- नीलो मतपत्र खसाल्ने ठाउँमा रातो, कालो वा अन्य रङको मतपत्र पऱ्यो भने ।

**१२. निष्कर्ष** : मतदाता शिक्षा नेपालमा अझै पनि कमजोर अवस्थामा रहेको महसुस गर्न सकिन्छ । जसले गर्दा निर्वाचनमा मत बदर हुने सङ्ख्या बढिरहेको अवस्था एकातर्फ छ भने अर्कोतर्फ स्वयं जनप्रतिनिधिको समेत मतपत्र बदर हुने गरेको अवस्था छ । लोकतान्त्रिक निर्वाचन प्रणालीमा यस्तो स्थितिलाई सबल पक्ष मानिँदैन । सचेत मतदाताको सहभागिताले नै निर्वाचन शान्तिपूर्ण, भयरहित बनाउन र जनताबाट यसको नतिजालाई स्वीकार गर्न योगदान पुऱ्याउँछ ।

अबको दिनमा नागरिक समाज, महिला समूह, युवा समूह, आदिवासी जनजाति समुदाय, दलित समुदाय, शारीरिक अपाङ्गता भएका व्यक्ति, सञ्चारमाध्यम, राजनीतिज्ञ, पर्यवेक्षकजस्ता धेरै समूहलाई लक्षित गरी मतदाता सचेतना कार्यक्रम सञ्चालन गरिनुपर्छ ।

- मत बदर हुने कारण पहिल्याउन आयोगले पनि विगतका निर्वाचनको पृष्ठभूमि अध्ययन गर्नुपर्दछ ।
- मतदाता शिक्षा सञ्चालन एव घरदैलो कार्यकम ब्यस्थापन गर्ने जिम्मेवारी स्थानीय तहले नै लिनुपर्दछ ।
  राजनीतिक दलले गठबन्धन गरी चुनाव लड्दा एउटै चुनाव चिह्नबाट लड्ने वातावरण निर्माण गर्नुपर्दछ ।

# संस्थागत परिचय

# विजय विकास स्रोत केन्द्र

विजय विकास स्रोत केन्द्र २०३६ साल आषाढ २६ गते एउटा स्वावलम्बी समूहको रूपमा विजय युवा क्लबको नामबाट स्थापना भएको संस्था हो । यो सस्था २०४५ सालमा जिल्ला प्रशासन कार्यालय नवलपरासीमा दर्ता र सोही सालमा समाज कल्याण परिषद्मा आबद्ध भएको छ । यसले विभिन्न संस्था गत विकास चरणहरू पार गरी आफूलाई एउटा राष्ट्रियस्तरको गैरसरकारी सामाजिक विकास संस्थाको रूपमा स्थापित गराएको छ । यो गैरनाफामूलक, गैर-राजनैतिक, सदस्यतामा आधारित र स्वयंसेवी भावनाले अभिप्रेरित भएको नागरिक समाजको प्रतिनिधिमूलक सामाज विकास संस्था हो ।

संस्थाले हालसम्म ४६ वटा जिल्लाहरूमा विभिन्न २९ वटा दातृ संस्थासँगको साझेदारीमा सामाजिक परिचालनका कार्यक्रमहरू, आयआर्जन, बचत तथा ऋण परिचालन, संस्थागत विकास, अनौपचारिक शिक्षा तथा जनचेतना, खानेपानी तथा सरसफाइ, महिला सशक्तीकरण, बाल विकास, HIV/AIDS सचेतना, कुष्ठरोग खोजी अभियान, भौतिक पूर्वाधार निर्माण, शिक्षा, सुशासन, पोषण, अधिकार, निर्वाचन सुशासन आदिका क्षेत्रहरूमा काम गरेको छ ।

विजय विकास स्रोत केन्द्रले क्षेत्रगत हिसाबमा विभिन्न परियोजना सञ्चालन गर्दै आइरहेको छ। हालको अवस्थामा यस संस्थाले मातृ तथा शिशु पोषण सम्बन्धी सुआहारा कार्यक्रम श्रीमान् श्रीमती बिच हुने हिंसा न्यूनीकरण गर्न परिवर्तन घरैबाट कार्यक्रम, निर्वाचन सुशासनका लागि मतदाता शिक्षा तथा अनुगमन कार्यक्रम, सङ्क्रमणकालीन न्यायका लागि न्यायका लागि साहस-३.० कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । भौगोलिक हिसाबमा यस संस्थाले नेपालका ४२ जिल्लाहरूमा आफ्ना कार्यक्रमहरू सञ्चालन गर्दै आइरहेको छ ।

# सयपत्री समाज

एक गैर-लाभकारी, परोपकारी संस्था हो र नीति निर्माणमा राज्यलाई सहयोग गर्ने, विद्यमान राष्ट्रिय नीतिहरूमा परिमार्जन र सुशासनको निरीक्षण गर्न प्रायः प्रदेशस्तरमा नीति वकालतमा महत्त्वपूर्ण भूमिका खेल्छ । गण्डकी प्रदेशमा स्थानीय, नगरपालिका र प्रादेशिक सरकारहरूसँग काम गर्ने पोखरामा रहेको सयपत्री समाज, नगरपालिका र सरकारले निहित नीति र राजनीतिक-आर्थिक कारकहरू बारे काम गर्दछ। यो नीति अध्ययन र जवाफदेहितामा समर्पित छ ।

राज्य र प्रदेशलाई नीति तर्जुमामा सहजीकरण गर्ने, सुशासन खोज्ने नीति परिमार्जन गर्ने र एनजीओ, आईएनजीओ र सरोकारवाला निकायलाई संवाद, अन्तर्क्रिया र वकालतका माध्यमबाट परामर्श सेवा प्रदान गर्ने उद्देश्यका साथ सन् २०११ मा सयपत्रीको स्थापना भएको हो । सबै सदस्यहरूलाई समान अधिकार प्रदान गर्ने र सम्मान गर्ने समाज । Sayapatri को उद्देश्य राज्य र प्रदेशलाई नीति तर्जुमा गर्न, सुशासन प्रवर्द्धन गर्न विद्यमान नीतिहरू परिमार्जन गर्न र गैरसरकारी संस्थाहरू, आईएनजीओहरू र सम्बन्धित संस्थाहरूलाई सल्लाहकार सेवाहरू प्रदान गर्न सहयोग गर्नु हो । र हाम्रो सपना समाजका प्रत्येक सदस्यले गुणस्तरीय शिक्षा, स्वस्थ जीवन र शोषण र हिंसामुक्त समाजमा पहुँच भएको देख्ने हो । सयपत्री समाजको मिशन भनेको मानिसहरूलाई ज्ञानले सुसज्जित गरेर सशक्त बनाउनु हो ताकि उनीहरूले आफ्नो सामाजिक-आर्थिक स्थिति सुधार गर्न र समाजको विकासमा अर्थपूर्ण रूपमा सहभागी हुन सकून् ।

समाजकल्याण परिषद्, जिल्ला प्रशासन कार्यालय र अन्य स्थानीय प्रशासन कार्यालयमा विधिवत् दर्ता भएको गैरसरकारी संस्था सयपत्री समाजले स्थानीय र प्रदेश तहमा नीति वकालत गर्दै आएको छ। यस संस्थाले नीतिगत विषयहरूमा व्यापक रूपमा काम गर्दै आएको छ ।

# पाल्पा विकास केन्द्र

पाल्पा विकास केन्द्र २०६५ सालमा स्थापना भई प्रदेशस्तरमा मिडिया विकास, नीतिगत बहस र संवाद पैरवीका साथै अध्ययन अनुसन्धानका क्षेत्रमा काम गर्दै आएको छ । संस्थाले सञ्चालनमा ल्याएको नीतिपात्रो पोर्टलमा लुम्बिनी प्रदेशका स्थानीय सरकार र प्रदेश सरकारसँग सम्बन्धित सामग्रीहरू समेटिएका छन् ।

यो पोर्टलले विशेषगरी पत्रकारहरूलाई स्थानीय एंव प्रदेश सरकारले बनाउने नीतिदेखि बजेट लगायतका विषयमा खास मुद्दा र स्रोतको पहिचान गरी विस्तृत रूपमा समाचार तयार पार्न सहयोग पुऱ्याउँदछ । त्यस्तै आम नागरिकलाई सरकारमार्फत के कस्ता नीतिगत काम भइरहेका छन् भन्ने विषयमा पनि यो पोर्टलले जानकारी दिन्छ ।

संस्थाले प्रदेशस्तरीय पर्यटन प्रर्वद्धन, सांस्कृति सम्पदा र शिक्षासम्बन्धी अध्ययन अनुसन्धान र भिडियो डकुमेन्ट्री निर्माण, स्थानीय तहमा सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, परिचयात्मक फोटो फिचर निर्माण, क्षमता विकास तालिम र अन्य परामर्शका कामसमेत गर्दै आएको छ ।

# माहुरी होम

कपिलवस्तुको सदरमुकाम तौलिहवामा रहेको मधेश मानव अधिकार गृह (माहुरी होम) आधिकारिक रूपमा कपिलवस्तु जिल्लामा सन् २००८ मा स्थापना भएको थियो । यो संस्था दलित र महिला सशक्तीकरण, विपन्न, सामाजिक बहिष्करणमा परेका र उत्पीडित, आदिवासी जनजाति र अल्पसङ्ख्यक सीमान्तीकृत जनसमुदायको तल्लो तहसम्ममा सशक्तीकरण गर्न उच्च प्रतिबद्ध छ ।

माहुरी होम विगत लामो समयदेखि मानव अधिकार, शान्ति र सुशासनको क्षेत्रमा आफ्नो सशक्त उपस्थिति जनाइरहेको छ । शान्तिको लागि संवाद, सामाजिक सद्भावको लागि धार्मिक तथा नागरिक संवाद, भाइचारा अभिवृद्धिका लागि अन्तरसांस्कृतिक आदानप्रदान, फुडफेस्टिभल, सुशासनका लागि सार्वजनिक सुनवाई, सूचनाको हकको प्रयोग उजुरीपेटिका नागरिक बडापत्र स्थापना मानव अधिकार संरक्षण प्रवर्द्धनका लागि मानव अधिकार शिक्षा प्रदान अनुगमन तथा पैरवी मानव अधिकार सचेतना सप्ताह पी.आई.एल. दर्ता जस्ता कार्यहरू गर्दै आइरहेका छ ।

माहुरी होम, कपिलवस्तुले निर्णय प्रक्रियामा स्थानीय समुदाय, सामाजिक बहिष्करणमा परेका, उत्पीडित, आदिवासी जनजाति, अल्पसङ्ख्यक सीमान्तीकृत महिला, दलित र पिछडिएका वर्गको प्रतिनिधित्व र सहभागिता अभिवृद्धि गर्ने कार्य पनि गर्दै आएको छ । यसको मुख्य कार्यक्षेत्रहरू मध्ये एक सार्वजनिक संस्थाको लोकतन्त्रीकरण र सुशासन हो । "समृद्ध समाजका लागि समतामूलक प्रतिनिधित्व र नेतृत्व" माहुरी होमको बृहत्तर कार्यक्रम र रणनीतिअन्तर्गत पर्दछ । माहुरी होमले आफ्नो स्थापना कालदेखि नै मूलतः सामाजिक बहिष्करणमा परेका, उत्पीडित, आदिवासी, जनजाति, अल्पसङ्ख्यक सीमान्तीकृत महिला, दलित र पिछडिएका वर्गको पक्षमा वकालत गर्दै मानव अधिकारको संरक्षण र प्रवर्द्धनका लागि विभिन्न पहलहरू गर्नुको साथै मिडिया परिचालन पनि गर्ने गरेको छ ।

# चाँदनी नेपाल

चाँदनी नेपाल गैरराजनीतिक, गैरनाफामूलक, समान अवसर र स्वतन्त्र गै सरकारी संस्था हो, जसले सन् २००७ देखि रुपन्देही, पाल्पा र कपिलवस्तुमा सञ्चार तथा अन्य संस्थाहरू मार्फत् सीमान्तकृत र पिछडिएका समूहहरूको सशक्तीकरण र समावेशीकरणका लागि काम गरिरहेको छ । औपचारिक रूपमा वि.सं. २०६३ साल जिल्ला प्रशासन कार्यालयमा र समाज कल्याण परिषद् (SWC) मा दर्ता भएको हो । संस्थाले लोकतान्त्रिक सुशासनको प्रवर्द्धन, द्वन्द्वको शान्तिपूर्ण रूपान्तरण र अहिंसात्मक संस्कृतिको प्रवर्द्धन, निर्वाचनको अखण्डता सुनिश्चित गर्न, संविधान निर्माण प्रक्रियामा सहयोग, मानवअधिकारको संरक्षण र प्रवर्द्धन र विभिन्न क्षेत्रबाट बृहत्तर जवाफदेहिताका मुद्दाहरू उठाउन आफ्नो पहल बढाउँदै आएको छ ।

दुई संविधानसभा, सङ्घीय र स्थानीय तहको निर्वाचनमा मतदाता शिक्षा, मतदाता दर्ता र निर्वाचन अनुगमनको प्रक्रियामा पनि चाँदनी नेपालको सक्रियतापूर्वक संलग्नता रहेको छ । चाँदनी नेपालले कार्यक्रम र कार्यशाला व्यवस्थापनमा आफ्नो विशेषज्ञता, संसदीय मामिलाको गहिरो ज्ञान, सांसद र मिडियालगायत प्रमुख सरोकारवालाहरूसँगको बलियो कार्य सञ्जाल प्रदर्शन गरेको छ। थप रूपमा, चाँदनी नेपालको दस्तावेजीकरण र रिपोर्टिङ सीपहरू, लजिस्टिक र वित्तीय व्यवस्थापन क्षमताहरू, लचिलोपन, गुणस्तर र जवाफदेहिताप्रति प्रतिबद्धताले यस पहलको सेवा प्रदायकको रूपमा यसको विश्वसनीयता र योग्यतामा योगदान पुऱ्याउँछ ।

# विजय विकास स्रोत केन्द्र

विजय विकास स्रोत केन्द्र २०३६ साल आषाढ २६ गते एउटा स्वावलम्बी समूहको रूपमा विजय युवा क्लबको नामबाट स्थापना भएको संस्था हो । यो सस्था २०४५ सालमा जिल्ला प्रशासन कार्यालय नवलपरासीमा दर्ता र सोही सालमा समाज कल्याण परिषद्मा आबद्ध भएको छ । यसले विभिन्न संस्था गत विकास चरणहरू पार गरी आफूलाई एउटा राष्ट्रियस्तरको गैरसरकारी सामाजिक विकास संस्थाको रूपमा स्थापित गराएको छ । यो गैरनाफामूलक, गैर-राजनैतिक, सदस्यतामा आधारित र स्वयंसेवी भावनाले अभिप्रेरित भएको नागरिक समाजको प्रतिनिधिमूलक सामाज विकास संस्था हो ।





**सामाजिक चेतना, संस्थागत विकास, क्षमता अभिवृद्धि, बचत तथा ऋण व्यवस्थापन र दिगो आर्थिक स्रोत विकासको एक अध्ययन केन्द्र**

## चेतना सदन

**तालिमका लागि सेवा सुविधा तथा जानकारीहरू**

- वातानुकुलीत २ वटा तालिम हल ।
- ७० जना सम्मको लागि एकै पटकमा खान, बस्न र तालिमको सुविधा ।
- तालिमका लागि मल्टिमेडिया, अडियो तथा स्टेशनरी सामग्रीहरूको उपलब्धता ।
- फोन फ्याक्स, इन्टरनेट, प्रिन्टिङ्ग, फोटोकपी तथा यातायतका साधन समेतको व्यवस्था ।

**सम्पर्कको लागि :**

## विजय विकास स्रोत केन्द्र

**गैंडाकोट-८, नवलपरासी, फोन : ०७८-५०११७२, ५०१४०२, ९८४५०२४४६५**

**E-mail: vdrc@vdrc.org.np | Website : www.vdrc.org.np**

# स्वच्छ एवम् शान्त निर्वाचनका लागि असंलग्न अनुगमन तथा मतदाता शिक्षा कार्यक्रम

नेपालमा वैशाखमा स्थानीय निर्वाचन र मङ्सिरमा सङ्घ र प्रदेशको निर्वाचन सम्पन्न भएको छ । त्यसैगरी स्थानीय तहको निर्वाचनपछि प्रदेश र राष्ट्रियसभाको निर्वाचन गर्ने योजना छ । निर्वाचन प्रक्रिया सरकार र नागरिक दुवैका लागि नयाँ अभ्यास होइन । तर विभिन्न निर्वाचनसँगै मतदाता सचेतना, आचारसंहिता उल्लङ्घन, एजेण्डाका आधारमा उम्मेदवारी र स्वच्छ उम्मेदवारका मुद्दाहरू अझै पेचिला र सान्दर्भिक छन् । साथै निर्वाचनमा आचार संहिता उल्लङ्घन, उचित उम्मेदवार उठान नगरेको र शान्त निर्वाचन प्रक्रियामा अझै चुनौती देखिन्छ । यस प्रकारका मुद्दाहरूले युवाहरूको न्यून सहभागिता र समग्र राजनीतिक परिदृश्यप्रति आम जनतामा निराशा पैदा गरेको छ । यसै निर्वाचनलाई लक्षित गरेर विजय विकास स्रोत केन्द्रको नेतृत्व र विभिन्न चार जिल्लाका चारवटा संस्थाहरू - सयपत्री समाज, पाल्पा विकास केन्द्र, माउरी होम र चाँदनी नेपालको सहकार्यमा स्वच्छ एवम् शान्त निर्वाचनका लागि असंलग्न अनुगमन तथा मतदाता शिक्षा परियोजना सञ्चालन गरियो । यस परियोजनाअन्तर्गत सामाजिक सञ्जाल तथा आमसञ्चारमाध्यम सचेतना, युवा, महिला तथा अपाङ्गसँग छलफल, कार्यशाला र स्थानीय राजनीतिक नेताहरूसँग आ-आफ्ना कार्यसूचीमा छलफल, नागरिक घोषणापत्र विकास, राजनीतिक दललाई प्रतिनिधिमण्डल गर्नेलगायतका विषयलाई सम्बोधन गर्न विभिन्न क्रियाकलाप गरिएको छ । स्वच्छ उम्मेदवार चयनका लागि कार्यालयहरू र स्थानीय नेताहरूसँग गरेको काम र उनीहरूको प्रतिबद्धताको बारेमा अन्तर्क्रिया । निर्वाचन प्रक्रियामा राजनीतिक दल र मतदाताको समग्र संलग्नताको थप अनुगमन र मूल्याङ्कन अनुगमन समितिमार्फत गरिनेछ र आचारसंहिता उल्लङ्घनका घटनाको स्वतन्त्र प्रतिवेदन गरिनेछ । समग्र कार्यक्रममा ३ लाखभन्दा बढी श्रोता, सामाजिक सञ्जालमार्फत प्रत्यक्ष सहभागितामा २५ हजारभन्दा बढी युवा, २५ हजार युवा र ५ हजार अपाङ्गता भएका व्यक्तिको सहभागिता र २०० भन्दा बढी राजनीतिक नेताहरूसँग अन्तरक्रिया हुने अपेक्षा गरिएको छ । यसबाहेक, कार्यक्रमले आम जनता र राजनीतिक नेताहरूमा निर्वाचनमा एजेन्डाको महत्त्व र आचारसंहिताको पालनाको बारेमा सचेतना जगाउने उद्देश्य राखेको छ जसले समग्रमा निष्पक्ष र स्वतन्त्र निर्वाचन सञ्चालन गर्न नेतृत्व गर्दछ ।